# परिच्छेद - एक

## १. सृजनात्मक लेखन-प्रस्ताव

### १.१ सृजना शीर्षक

प्रस्तुत सृजनात्मक लेखनको शीर्षक **नयाँ-पुरानो नेपालको तस्वीर** (हास्यव्यङ्ग्य निबन्ध संग्रह) रहेको छ ।

**१.२ सृजनात्मक लेखकः** बद्रिप्रसाद दाहाल

### १.३ प्रयोजन

प्रस्तुत सृजना-पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको प्रयोजानार्थ लेखिएको हो ।

### १.४ समस्या कथन

हास्यव्यङ्ग्य सिद्धान्त, अर्थ, परिभाषा, तत्त्व, वर्गीकरण, अन्य विधासँग यसको अन्तरसम्बन्ध, यो आफैंमा एक विधा हो वा हैन आदि र यसको विकासक्रममा देखिएको एकरूपताजस्ता समस्याहरूलाई मूलभूत समस्याका रूपमा उठाइएको छ । यसका साथै सृजनात्मक लेखक, उसको परिवेश एवम् ऊ बाँचेको युग तथा समाजका प्रतिविम्बहरूले यहाँ अन्तहीन समस्याकारूपमा प्रश्न उठान गरिरहेका छन् । निजी अध्ययन र अनुभवहरू हास्यव्यङ्ग्यको स्वरूपमा प्रस्तुत गर्नु यस सृजन कार्यको समस्याकथनका रूपमा रहेको छ ।

### १.५ उद्धेश्य, औचित्य र सीमाङ्कन

यस सृजन कार्यको मूलभूत उद्देश्य भनेको हास्यव्यङ्ग्य सिद्धान्त, अर्थ, परिभाषा, वर्गीकरण, तत्त्व, अन्य विधासँग यसको सम्बन्ध र यसको विधागत अस्तित्व निर्क्योल गर्नु रहेको छ । यसका विकासक्रममा देखिएका फरकफरक मतलाई ठम्याएर पछिल्लो अवधिसम्मका हास्यव्यङ्ग्यका मूलभूत प्रवृत्तिहरूको आँकलन गर्नु रहेको छ । यसका साथै सृजनात्मक लेखनका मौलिक रचनाहरू र तिनको परिवेश र अवस्थिति निर्धारण गर्नु पनि यस सृजन-कार्यको मुख्य उद्देश्य हो ।

हास्यव्यङ्ग्यका विविध पक्षहरूको सैद्धान्तिक र कालक्रमिकरूपमा चर्चा गर्दै विभिन्न शैली र पद्धति अनुशरण गर्नु र सृजनात्मक लेखक आफू बाँचेको युग, समय र समाज मौलिक ढङ्गले जस्ताको तस्तै चित्रण गर्नु यसको मूलभूतरूपमा औचित्य र सीमाङ्कन रहेको छ ।

### १.६ पूर्वकार्य समीक्षा

सृजनात्मक लेखक बाँचेको युग भनेको २०३२ देखि यताको समय हो । यसभन्दा अघिदेखि यो अवधिको समाज र साहित्यिक गतिविधि बुझ्न सृजन-कार्यानुभवबाट हास्यव्यङ्ग्य साहित्यको मूल्याङ्कन गर्नु आफैंमा जटिल कार्य हो । यसभन्दा अघि हास्यव्यङ्ग्य सृजना लेखनमा शोधहरू भने भएको पाइएन ।

हास्यव्यङ्ग्य आफैं विधा होइन यो आलुजस्तै सबैमा मिल्न सक्ने अन्तरविधात्मक साहित्य हो । यस सम्बन्धमा हास्यव्यङ्ग्य कविता, कथा, गीत, नाटक, निबन्ध,गजल आदि विधामा प्रशस्त प्रयोग भएको छ । हास्यव्यङ्ग्य बढीचाहिँ निबन्धमा प्रयोग भएको छ तर उसको उठानचाहिँ कवितामा भएको हो ।

शुद्ध नेपाली भाषामा सर्वप्रथम लेखिएको शिलालेख अशोक चल्लकालीन ‘दुल्लुको शिलालेख’ (१३१७-२७) हो । यसमा त खासै हास्यव्यङ्ग्यको मिश्रण देखिँदैन तापनि हालको भाषा, शैली तुलना गर्ने हो भने त्यसमा पनि हास्य मिल्दछ । हास्यको क्षणिक हँसाउने स्वभाव र व्यङ्ग्यको समस्यामाथिको छेडपेचको घुमाउरो प्रभाव दीर्घकालीन स्वभावको देखिन्छ । यस नेपाल एकीकरणपूर्वका साहित्यहरू उपचार पद्धतिमा लेखिएका अनुवादमूलक छन् ।

पृथ्वीनारायण शाहकालीन एकीकरण युगपछि सुवानन्ददासभन्दा पनि शक्तिवल्लभ अर्ज्यालको ‘तनहूँ भकुण्डो’ मा हास्यभन्दा पनि व्यङ्ग्यको पुट अधिक देखिन्छ । यसको एउटा अंशले यसको पुष्टि गर्दछः-

“धायको छ लमजंग भकुण्डो
कास्कि वाँध सुनका छ सुकुण्डो
पीउठानि कन देऊ सुकुण्डो
मारि लेउ तनहूँ त भकुण्डो”

यसपछि आएर भानुभक्तयुगमा भानुभक्तका कवितामा हास्य र व्यङ्ग्य दुबै मिश्रित भएको पाइन्छ । अझ व्यङ्ग्य तिख्खर भएर देखा परेको छ । उनका कवितामा यसको सफल प्रयोग भएको छ । भानुभक्तका कविताको भावले भानुभक्त बाँचेको युगको प्रतिनिधित्व गर्दछ । तत्कालीन समाज र यसका विकृति, विसङ्गतिहरू यहाँ मुखरित भएका छन् ।

भानुभक्तपछि मोतीराम भट्टका विभिन्न काव्य, गजल आदि सङ्ग्रहहरूमा हास्यव्यङ्ग्य प्रशस्त देख्न सकिन्छ । उनको श्रृङ्गारिक प्रयोगको सफल उदाहरण 'सुक्तिसिन्धु' मा यसको कुशल प्रयोग भएको छ । उदाहरणका लागि 'सुक्तिसिन्धु' को एउटा छोटो पङ्क्ति यसप्रकार छ :-

"सिन्दूर लत्पत छ, कज्जल पूछ प्यारी
अल्छी हटाउ अब केश समाल सारी
शोभाविहीन भइचन्द्र पनि विलाए
प्यारी उठौं कित अबता कुखुरा कराए ।"

मोतीराम भट्टका अन्य यी कृतिहरूमा पनि हास्यव्यङ्ग्यले राम्रो प्रश्रय पाएको छ 'पिकदूत', 'उषाचरित', 'कमल-भ्रमर संवाद', आदि । श्रृङ्गारमूलक उपकरण प्रयोग गरी लेखिएका भट्टका हास्यव्यङ्ग्यात्मक कविताको छोटो अंश यसप्रकार छ :-

"हरबखत पर्खिरहन्छु Look to me my dear
हेर्नुहोस् लौ एकफेरै Come here, you come here"

यस पछिका नेपाली साहित्यका त्रिमूर्ति लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम तथा लेखनाथ पौड्यालका सृजना कृतिहरूमा पनि हास्यव्यङ्ग्य व्यापकरूपमा मिश्रित भएको छ । देवकोटाका 'प्रभुजी भेडो बनाऊ' कवितादेखि 'पागल' कविता एवम् 'के नेपाल सानो छ?', 'भलादमी', गधा बुद्धिमान् कि गुरु ? 'हाई ! हाई ! अङ्ग्रेजी !' निबन्धसम्म मन्द हास्यसहित व्यङ्ग्यको असीम सफल चामत्कारिक प्रयोग देखिन्छ ।

देवकोटाको 'गधा बुद्धिमान् कि गुरु ?' निबन्धबाट एउटा छोटो गद्य अभिव्यक्ति यहाँ प्रस्तुत गरिन्छ :-

"हामीले बेत खायौं, गधाको उपाधि पायौं र थुकियौं, तर हाम्रा गुरुजीले हामीलाई कति गधाजस्ता बनाइरहनुभएको थियो ।" (लुइँटेल, २०६५:६६)

यस अवधिमा गद्यात्मक निबन्धमा हास्यव्यङ्ग्य प्रखररूपमा उभिएको यो यस युगकै महत्त्वपूर्ण प्रवृत्ति हो । व्यङ्ग्य निबन्धको क्षेत्रमा देवकोटाको महान् योगदान छ । यसपछिका निबन्धहरूमा केशवराज पिँडालीको 'यमपुरीको यात्रा', हृदयचन्द्रसिंह प्रधानको 'मुसालाई वेद पढाउने....' वासुदेव शर्मा लुइँटेलको 'क्या फसाद !', सूर्यबहादुर पिवाको 'सपनाको कुरो' र भैरव अर्यालको 'चन्द्रलोक कस्को ?' सम्मका हास्यव्यङ्ग्यले गद्य क्षेत्रमा एक किसिमको साम्राज्य खडा गरेको देखिन्छ ।

यसपछिका हास्यव्यङ्ग्य निबन्धकार र तिनका निबन्धहरूमा बालमुकुन्ददेव पाण्डे, श्याम गोतामे, विष्णु नवीन, कृष्णचन्द्रसिंह प्रधान, श्रीधर खनाल, चूडामणि रेग्मी, मोहनराज शर्मा, मुकुन्द आचार्य, हरि वन्दी, भाउपन्थी, चोलेश्वर शर्मा, राजेन्द्र सुवेदी, रामकुमार पाँडे, रुद्र खरेल, माधव पोखरेल, नरेन्द्र राज पौडेल, विश्व शाक्य, श्यामबहादुर लामा, होम सुवेदी, विमल निभा, विष्णु प्रभात, आर.सी. रिजाल, उत्तमकृष्ण मजगैंया, चूडामणि खनाल र चट्याङमास्टरका क्रमशः 'मेरो लागि नजाने गाउँ.....', 'महान् व्यङ्ग्यकारसँग........', 'जुम्राको खेती', 'मेरो यात्रा टुकुचादेखि', 'प्रजातन्त्रको दीर्घायू कामना', 'ज्यानमारा आँखा', 'मैले सराद्धे गर्न छाडिदिएँ', 'लुकाउनुका मज्जा', 'एक दृष्टि', 'वादमा एक वाद घुर्कीवाद', 'टोपीको खुल्ला बयान', 'पुच्छर टाँस्ने, उर्दी', 'छाया हाकिम', 'टाइगरज्यूको देहावसान', 'नुनको सोझो', 'झगडा', 'भ्रष्टाचार र......', 'म लज्जित छु', 'सार बेसारको संसार', 'तमसोमा ज्योर्तिगमय', 'मेरो पुच्छर', 'लुङ्गीले टालेको तदर्थवाद', 'कृष्णजीको  रोमान्टिक....', 'राष्ट्रव्यापी चोर कन्फरेन्स', 'थरिथरिका लात्तीहरू', 'साहित्य र जाँड', 'राष्ट्रिय महायज्ञमा अड्को...' र 'बहिरो परिवार', 'बाढीपीडित सहायता संघ', 'यमराजको फोटोसेसन',  'मेरो नाक', 'घुस खाने पशुको गोठालो', 'दुष्टमाइक' र 'तस्करको कुकुरसँग', 'तेल घस्ने खेल', 'ज्वाइँ महात्म्य', 'कवि 'विद्रोही' : एक परिचय', 'अब भने देशमा विकासको......', 'छैन', र 'ज्याकी' मा तत्कालीन समाजका राजनीति, आर्थिक, सामाजिक र मानवीय विकृति र विसङ्गतिको धज्जी उडाइएको छ र परिवर्तनको आशा गरिएको छ ।

खासमा यहाँ के कुरा स्मरणीय छ भने राणाकालीन युगलाई कलात्मक व्यङ्ग्य सृजनाको उत्कर्ष युग भने हुन्छ किनकि यस समयमा सामाजिक विसङ्गति र विकृति भण्डाफोर गर्दा सीधा होइन घुमाउरो र टेडो बाटो अपनाइन्थ्यो जसले व्यङ्ग्य सृजनाको मार्ग प्रशस्त गरेको थियो ।

सीधा अभिव्यक्ति त्यतिबेला राणाहरूले बुझेमा सर्जकलाई विभिन्न दण्डसहित मृत्युदण्डै हुन सक्थ्यो । यसको ज्वलन्त उदाहरण सुब्बा कृष्णलाल अधिकारीको '**मकैको खेती**' नामक कृतिलाई लिन सकिन्छ, जसमा चन्द्रशमशेरले टाउकोमा रातो पहिरन लगाउने हुँदा उनले रातो टाउके कमिलाका संज्ञा दिएका थिए । अनुदार मानिने राणा प्रधानमन्त्री चन्द्रशमशेरका घोडचढीका राता टाउका र "हामी स्वदेशी भन्दा विदेशी कुकुरहरूको नै मान बढी गर्छौं" आदि अभिव्यक्तिले उनलाई ब्राह्मणका कारण मृत्युदण्ड नदिई लामो कैद सजाय तोकिएको थियो । त्यो हास्य र व्यङ्ग्य दुबैको दोभानको रूपमा रहेको कृति थियो ।

हास्यव्यङ्ग्य निबन्धको क्षेत्रमा केशवराज पिँडालीको 'खैखै' निबन्धले महत्त्वपूर्ण भूमिका खेलेको छ । उनका कृतिहरूमा हास्यव्यङ्ग्यको सफलतम गद्य प्रयोग भएको छ ।

त्यसपछि हास्यव्यङ्ग्य साहित्यकारको एउटा युगकै प्रतिनिधित्व गर्ने गरी अर्यालयुग लिएर भैरव अर्याल उदाए । उनी पनि मूलतः राणा दमनकै उपज थिए । भनिन्छ, अमृत निस्कन ठूलै कष्ट जोखिम र दुःखसाध्य परिश्रम र भुमरीको वातावरण आवश्यक पर्छ भनेझैं राणाहरूको दमन र शोषणको शृङ्खला चरमोत्कर्षमा पुग्दा भैरव अर्याल हास्यव्यङ्ग्यको जाज्वल्यमान मुस्लो लिएर निस्किए । उनका 'जयभुँडी', 'काउकुती', 'आलु', 'गलबन्दी' आदि निबन्ध सङ्ग्रहहरू भित्र रहेका 'ब्रह्माको प्रयोगशालाबाट', 'नेता नं. १०१', 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन', 'महापुरुषको सङ्गत', 'जयभोलि !', 'असनको डवली', 'जयभुँडी' आदिजस्ता निबन्धहरूले तत्कालीन नेपाली समाजका विकृति र विसङ्गतिहरूको पेटारो राम्रैसँग खोलेको देखिन्छ । अर्यालका सबै निबन्धहरूमा हास्यमिश्रित व्यङ्ग्यको चमत्कारजनक चमक पाइन्छ । उनको 'जयभुँडी' निबन्ध संग्रहलाई हाँसो र व्यङ्ग्यको सागर नै भन्दा हुन्छ । 'चन्द्रलोक कस्को ?' निबन्धबाट एउटा गद्यचमत्कार यहाँ उद्धृत गर्न चाहन्छु :-

".....सम्मुख-सम्मुख परेकाले सबभन्दा माथिको पेकिङ्गे युवतीले कानै खाने गरी कराई- "चन्द्रलोक कसको ?- पेकिङको ।" उसको यो फूर्ति देखेर लण्डने युवतीको तालुदेखि पैतालासम्म तातेर आयो । "यी, यो त हो चाइनाको !" भनी हत-न-पत्त लोप्पा ख्वाउन हात झिक्दी भएकी जेटमा झुण्डिएको लाम खन्द्र्यामखुन्द्रुम ।" (लुइँटेल, ०६५ : ८१)

अर्याल शिष्ट साहित्यका पर्याय मानिन्छन् । उनले आफूले प्रतिनिधित्व गरेको युगको रिस उठ्दो परिवेशलाई हाँसो उठ्तो ढङ्गले थिल्थिलो पारी सचेत गराएका छन् । उनको 'अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन' निबन्धले विश्व परिवेशलाईसमेत समेटेको छ ।

त्यसैगरी नरमेन्द्र लामा, घिमिरे मैदेली, मुन पौडेल, चूडामणि वशिष्ट, वासुदेव गुरागाईं, नरनाथ लुइँटेल, उमेशप्रसाद गौतम, हृदयप्रसाद मिश्र, लक्ष्मण गाम्नागे, मनोज गजुरेल, अनील कोइराला, गायत्री परिरोशनीका क्रमशः 'कलिको मानः धुम्रपान', ' 'प' कै प्रयोगमात्रको प्रजातन्त्र' र 'बा घूस नखानुस् क्या !', 'नोकरको खोजीमा', 'गर्नु हुन्छ भन्नु हुँदैन', 'पुच्छर भएको पार्टी', 'कुकुरको सपना र चुक्लीको चमत्कार', 'यो लोडसेडिङको कमाल', 'लौ न एउटा कुर्सी', 'बेकुफ अनुहारहरू' र 'सरररररररर', 'अक्षर आतङ्क' र 'दिल्ली पुग्ने सात दोबाटो', 'खोरिया बेची कोरियातिर', 'विज्ञापनको करामत', 'टायर सम्मेलन', 'लभलेटर' आदि कृतिमा नेपाली समाज आफू बाँचेको युगको तमाम विकृति र विसङ्गतिमाथि शाब्दिक व्यङ्ग्यवाण प्रहार गरी भविष्यको बाटो देखाइएको छ ।

यसका अलावा पनि अन्य धेरै हास्यव्यङ्ग्य निबन्धहरू कुनै सङ्ग्रहको रूपमा त कुनै पत्रपत्रिकामा प्रकाशित भइरहेका देखिन्छन् । तीमध्ये विमल भौकाजी, विवश वस्ती, बद्री विप्लवी दाहाल, बद्री दाहाल 'भष्मासुर' र अनमोलमणि पौडेल आदिजस्ता सर्जकले आजको युग र समाजको प्रतिनिधित्व गरेर विभिन्न खालका भ्रष्टाचार, ढीलासुस्ती, अविकास, आम नेपाली सोंच, पछौटेपन, आर्थिक दारिद्र्य, अन्धविश्वास, भेदभाव, बोली र व्यवहारमा अनेकता, देशप्रेमहीन भावना, राजनीतिक अदूरदर्शीता, भ्रष्ट कर्मचारीतन्त्र तथा तमाम विकृति र विसङ्गतिमाथि सुधारको अपेक्षासहित व्यङ्ग्यवाणले आक्रमण गरिरहेका छन् ।

यसका साथै मुखिया, रवीन सायमी, वात्सायनजस्ता कार्टुनिस्टहरूले कार्टुनको माध्यमबाट र विभिन्न सर्जक/कलाकारले विभिन्न विधा र माध्यममार्फत हास्यव्यङ्ग्यको साङ्केतिक गद्यात्मक, पद्यात्मक सृजना गरेको पाइन्छ तर पछिल्लो युग भने गद्य हास्यव्यङ्ग्य साहित्यको उर्वर युग हो ।

विदेशी लेखक र कृतिहरूमा अज्ञात लेखकको 'किङ जोन एन्ड द अबोट अफ कान्टबरी', लुकासको 'थर्ड थट्स्', एन्तोन चेखवको 'हु वाज् टु ब्लेम?' आदि अंग्रेजीमा र हिन्दीमा पनि प्रशस्त हास्यव्यङ्ग्य लेखिएका छन् ।

नेपालको सन्दर्भमा हास्यव्यङ्ग्य सबै विधामा छरिएर प्रयोग भए पनि यो सबै विधामा चटनीका रूपमा प्रयोग भएको छ । योविना कुनै पनि विधा वा सृजना नुन नहालेको तरकारीजस्तो खल्लो हुने यसको व्यापक प्रयोग र घुसपैठबाट स्पष्ट हुन्छ तर यसको विशुद्ध प्रयोग भने निबन्ध विधामा भएको देखिन्छ । त्यो पनि यसका सफल प्रयोगकर्ता हुन् भैरव अर्याल ।

शोध ग्रन्थतिर अध्ययन गर्दा भरतकुमार भट्टराईको 'हास्यव्यङ्ग्यको सौद्धान्तिक स्वरूप' शोधपत्र, (एम.ए.) (२०४४) अहिलेसम्मकै हास्यव्यङ्ग्य सिद्धान्तका लागि अनुपम र बृहत् मानिएको छ । हास्यव्यङ्ग्य सम्बन्धी अन्य शोधपत्रहरू पनि त्रि.वि. बाट केही मात्रामा भएका देखिन्छन् । तर हास्यव्यङ्ग्य सृजनाचाहिँ यो नै पहिलो हो भन्ने यो शोधपत्र तयार गरुन्जेल अध्ययन अनुसन्धानले पत्ता लाग्न नसकेकोबाट पूर्ण अनुमान गरिएको छ ।

त्यस्तै समालोचनामा पनि हास्यव्यङ्ग्यसम्बन्धी प्रशस्त अध्ययनहरू भएका छन् । नरनाथ लुइँटेलले सम्पादन गर्नुभएको **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध** राजेन्द्र सुवेदी र हीरामणि शर्माद्वारा लिखित **नेपाली हास्यव्यङ्ग्य निबन्ध** शीर्षकको किताबमा हास्यव्यङ्ग्यका मूलभूत पक्षहरूको राम्रो समीक्षा गरिएको छ ।

*नेपाल समाचारपत्र, हिमालय टाइम्स, अन्नपूर्ण पोष्ट, कान्तिपुर* दैनिक र विभिन्न साप्ताहिक पत्रिकाहरू, क्याम्पसबाट निस्कने विभिन्न साहित्यिक सामग्रीहरूमा छापिएका मेरा रचनाहरूको पनि लेखक, पाठक, शुभेच्छुकहरूबाट विभिन्न समयमा विभिन्न प्रतिक्रियाहरू आएका छन् ।

तीमध्ये केही प्रतिक्रिया यस प्रकार छन् :-

"बद्री विप्लवी दाहालका खास गरी हास्यभन्दा बढी, व्यङ्ग्यउन्मुख रचनाहरू उत्कृष्ट छन् ।"

-कपिल काफ्ले, पूर्व सम्पादक, *नेपाल समाचारपत्र* दैनिक, २०६२, (अंक पृ. ४)

"छन्द कवि बद्री विप्लवी दाहालका रचनामा व्यङ्ग्यको मीठास पाइन्छ ।"

- स्वागत नेपाल, कवि, पत्रकार, टी.भी. प्रस्तोता, 'मनमैंजु साहित्यिक प्रतिष्ठान' को कविता गोष्ठी, २०६२ ।

"समाजका विसङ्गति, विकृतिमाथि खरो कलम चलाउने सर्जकको रूपमा लिँदा हुन्छ ।"

-अनमोलमणि पौडेल, कथाकार, कवि, गजलकार, पत्रकार ।

"तपाइँका उत्कृष्ट व्यङ्ग्यहरू पत्रिकामा पढ्न पाइयोस् ।"

-रमेश दाहाल, झापा, गरामनी ५, नेपाल समाचारपत्र, पाठक-प्रतिक्रिया, २०६३ मंसिर १ ।

"छन्दमा व्यङ्ग्यप्रधान कविता लेख्ने दाहालको व्यङ्ग्य चेत राम्रो छ ।"

-दाहाल यज्ञनिधि, (टिप्पणी) 'मनमैंजु साहित्यिक प्रतिष्ठान' को कविता गोष्ठी, २०६२, असार)

"बद्री, विप्लवी दाहालका व्यङ्ग्यहरू समसामयिक र परिवर्तनमा सचेत भूमिका खेल्ने खालका छन् ।"

-कमल पौडेल । पत्रकार, नेपाल समाचारपत्र दैनिक ।

यसरी मैले २०४६ पछि पहिलो लेखेको हास्यव्यङ्ग्य निबन्ध 'नेपाली भूतहरूको कथा' *नेपाल समाचारपत्र* (दैनिक) व्यङ्ग्योक्तिमा हो । त्यसपछि मेरा 'म पनि लड्छु, लड्छु', 'फटाहाहरूको मौसम' 'बोल्न नजान्दा' आदि रहेका छन् । आजसम्म मेरा रचना विभिन्न पत्र पत्रिकामा नियमित रूपमा प्रकाशित हुँदै आइरहेका छन् ।

**१.७ प्राक्कल्पना**

वास्तवमा हाम्रो नेपाली समाज शदिऔंदेखि रोग, भोक, अशिक्षा, अज्ञानता, अस्थिरता, हत्या, हिंसा, अभाव र चरम दोहनबाट गुज्रँदै आएको छ । 'जति जोगी आए कानै चिरेका' उखानको चरितार्थ गर्ने देश सञ्चालकका असफल, चरम व्यक्तिवादी, स्वार्थी नीतिनिर्माता भएका कारण सोझा नेपाली जनता विभिन्न रूपमा परपीडक शासकहरूदेखि दमित भएर रहनुपर्‍यो । नेपाली इतिहासको अभिशप्त कथा हत्या, षड्यन्त्र, स्वार्थका अवशेषहरूले भरिएको छ । नेपाली समाज परनिर्भर भएर दासानुभावको डरलाग्दो छायामुनि पिल्सिएर रही एउटा सलाईको काँटीमा समेत विदेशमा भर पर्नुपर्ने स्थितिले नेपाली समाजको अभाव, चरम शोषण, उपनिवेशवादी प्रवृत्ति देखा पर्छ । मूलतः हास्यव्यङ्ग्य यिनै सामाजिक कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, दमन, परतन्त्र, शोषण, अभाव र पछौटेपनको अवशेष रहेको नेपाली समाजका तमाम विसङ्गति, विकृतिहरू यो करिव ३ वसन्त पार गरेको सर्जकलाई यहाँ २४० वर्षभन्दा बढीको अभिशप्त इतिहासको निरन्तरतामाथिको आक्रोश र सुधारको परिकल्पना यस सृजना-पत्रमा गरिएको छ ।

### १.८ सृजना विधि

यस सृजना-पत्रको विधि यसअघि लेखिएको वा प्रकाशित भएका सर्जकहरूका सृजनाहरू, समीक्षक, समालोचकहरूका समीक्षा, समालोचना कृतिहरू तथा विभिन्न शोध, पाठ्यपुस्तक, विदेशी सर्जकहरूका सृजना, समीक्षा, समालोचना, विश्लेषण तथा व्यक्तिगत विचारहरूको समेत अध्ययन गरी समसामयिक, आफू बाँचेको युग र समयको प्रतिनिधित्व गर्दै सामाजिक विसङ्गति र विकृतिहरूको भण्डाफोर गर्ने खालका निबन्धात्मक हास्यव्यङ्ग्य रचना सृजना गर्नु यस लेखनको सृजना विधि रहेको छ ।

### १.९ सामग्री सङ्कलन

प्रस्तुत सृजना-पत्र पूरा गर्न विभिन्न सामग्रीहरूका स्रोतहरूमा फेला परेदेखि यताका गद्य वा पद्य साहित्य सृजनाहरूको अध्ययन, विभिन्न विधा जहाँ हास्यव्यङ्ग्यको पुट पाइन्छ, यस्ता रचनाहरूको अध्ययन, खोज, सङ्कलन, विभिन्न ग्रन्थ, समालोचना, शोध, टिप्पणी आदिको सङ्कलन तथा अध्ययन, पत्रपत्रिका, वेभसाइट, गाईजात्रे विशेषाङ्क तथा पछिल्लोसमेत गरी सम्पादित यस विषयसँग सम्बन्धित पुस्तकहरू, सर्जक एवम् कलाकारहरूका कार्टुनहरू, टी.भी., रेडियो कार्यक्रमहहरू, गोष्ठी, रङ्गमञ्च तथा भाषणबाजी वा क्यारिकेचरहरू, वाङ्मय ग्रन्थहरू, शब्दकोश, पर्यायवाची कोशलगायतका सामग्रीहरू, निजी चिन्तन, सोच, अध्ययन अनुसन्धानहरू, अनुभव, उपलब्धी, प्रतिक्रिया आदिको सेरोफेरोमा आफ्नो मौलिक स्वरूप दिने प्रयास यसमा भएको छ ।

### १.१० सृजना-पत्रको रूपरेखा

यस सृजना-पत्रको अन्तिम रूपरेखा निम्नानुसारको रहेको छ र सृजना-पत्रको प्रतिवेदन यसै अनुसार तयार गरिएको छ :-

परिच्छेद- एक

सृजनात्मक लेखनको प्रस्ताव

परिच्छेद-दुई

हास्यव्यङ्ग्यको सैद्धान्तिक परिचय

परिच्छेद- तीन

हास्यव्यङ्ग्य निबन्धको विकासक्रम

परिच्छेद- चार

मेरा हास्यव्यङ्ग्यसम्बन्धी धारणाहरू

सृजनात्मक हास्यव्यङ्ग्य निबन्धहरू

सन्दर्भग्रन्थसूची

(क) पुस्तक

(ख) पत्रपत्रिका

(ग) शोधपत्र

(घ) वेभसाइट

# परिच्छेद - दुई

## २. हास्यव्यङ्ग्यको सैद्धान्तिक परिचय

हास्यव्यङ्ग्य मानवजातिको इतिहास जतिकै पुरानो छ । खुसीमा हाँस्नु र विस्मातको क्षणमा व्यङ्ग्य कस्नु मानवजातिको स्वभावै हो । (पौड्याल, २०५८ : ३) हास्यव्यङ्ग्य मानवको आदिम स्वभावको प्रवृत्तिको सहायक भई सृष्टिको उषाकालदेखि अविच्छिन्नरूपमा विकसित हुँदै आएको पाइन्छ । यसमा मान्छेका हर्ष-विस्मात, आँसु-हाँसो, उत्थान-पतन आदि समग्र स्वरूप प्रतिविम्बित हुन्छन् । नवजात शिशु धर्तीमा पाइला टेक्ने बित्तिकै रुनु, खुसीले रमाउनु, देखासिकीमा अरूको नक्कल गर्दै व्यङ्ग्यभावना र खिसिट्युरी गर्न थाल्नाले वास्तवमा प्राकृतिक गुणका रूपमा हास्यव्यङ्ग्य उद्भाषित भएको हुन्छ भन्ने मान्नैपर्ने हुन्छ ।

हास्यव्यङ्ग्य मानवको आदिम प्रवृत्तिसँगै एकाकार हुनुका साथै मानवजातिले जब भाषा पायो तब यो अझै झाँगिएर गयो । पठित समाजमा हास्यव्यङ्ग्यले शिष्ट रूप लिन थाल्यो । (पूर्ववत्) यद्यपि जङ्गली युगमा मानवले मनोरञ्जन, र हाँसो-मजाक धीत मरुन्जेल गर्न जानेकै थियो । हास्य र व्यङ्ग्य व्यवहार हुने क्षेत्र भनेका पठित-आपठित, सभ्य-असभ्य, विकसित-अविकसित कुनै पनि समाज र परिस्थिति हुन् । भाषाको साहित्यिक रूपपश्चात् यसले मात्रात्मक वृद्धि गऱ्यो । मान्छेले शिष्ट र मर्यादित तवरले एक अर्काप्रति व्यङ्ग्य हानी मूर्ख्याइँप्रति खिल्ली उडाउने मानवीय प्रवृत्ति एकातिर छ भने यतिमात्र हैन अरू प्राणी पनि खुशीले प्लावित भई रमाउँछन् तथापि व्यङ्ग्यचाहिँ गर्दैनन् । यसरी व्यङ्ग्यचाहिँ मानिसको मौलिक स्वरूप हो । सृष्टिको अनमोल सृजना मान्छे आफूले भनेजस्तो भए रमाउने भनेजस्तो नभए कालो बादलझैं ठुस्किने, ताल न वेतालको कार्य देखेर खिसी गर्ने प्रवृत्ति धेरै पुरानो हो । मानवीय ढङ्गले कसैको वेकुफी र वेइमानीप्रति कसिलो भाषामा उल्लिखित पारेर मनोरञ्जन लिन थालेपछि हास्यव्यङ्ग्यले अझ फराकिलो हुन र मौलाउन थालेको आभास मिल्छ (पूर्ववत्) । वैज्ञानिक उन्नति, व्यक्तिगत स्वार्थ, आर्थिक असमानता, धार्मिक, सामाजिक आडम्बर, राजनैतिक विकृति, शोषण, अन्याय, अत्याचारजस्ता समाज विरोधी गतिविधि बढ्न थालेपछि हास्यव्यङ्ग्य एउटा धारिलो हतियारको रूपमा विश्वमा मानव समुदायमा विकसित र विस्तारित हुँदै प्रायः साहित्यका सबै विधा र मानवजातिका सबै लिङ्ग र उमेरका मानिसमा उत्तिकै लोकप्रिय भएर आएको छ ।

हास्य मानवजीवनको अभिन्न अङ्ग हो । (भट्टराई, २०४४ : ८) हाँस्नु मानिसको जीवनलाई व्यञ्जनयुक्त बनाउनु हो । जीवनमा हास्य एक जीवनशक्ति, जीवनरसको परिपोषक सुखदुःख सहजतासाथ झेल्न सक्ने क्षमताको समष्टि रूप हो । (चतुर्वेदी, १९६३ (ई): १३)

हास्यलाई मान्छेका भावनात्मक उद्रेकको प्रतिच्छायाका रूपमा पनि हेर्न सकिन्छ । व्यङ्ग्यलाई प्रतिक्रियाका बीजविन्दुको विकसित वृक्षका रूपमा तुलना गर्न सकिन्छ । मान्छेको हँसाइमा पवित्रता स्वच्छ प्रसन्नता रहेमा भित्र मुस्कान, सन्तोष, हर्ष आदि र परिणाम हाँसो, खित्कासमेत समाविष्ट हुने परिस्थिति र हास्य प्रयोजनमूलक प्रतिक्रियाका रूपमा भएमा हास्य स्मितमात्र नरही उपहास वा व्यङ्ग्यका कोटीमा पुग्ने अवस्था रहन्छ । यसरी हास्य अविधा अर्थमा स्मित र व्यञ्जनअर्थमा उपहासपरिहास पनि हो भन्न सकिन्छ । (सुवेदी/शर्मा, २०५१ : भूमिका) हास्यव्यङ्ग्यले मानवमनका उतारचढावलाई अध्ययन गर्न सहयोग गर्दछ । हाँसोका अध्ययनबाट मान्छेका भावनात्मक तृप्ति, भोक, पूर्णता, अपूर्णता, क्रिया र प्रतिक्रिया सम्मान र अपमानका विषम परिस्थितिलाई निरूपण गर्ने दृष्टि बनेपछि मान्छेले आफ्नो असहमति असन्तुष्टि, विरोध, प्रतिरोध, प्रतिशोधजस्ता भावना पनि अन्यार्थमूलक मुस्कानमा व्यक्त गर्न थाल्यो । यतिमात्र हैन अन्यार्थमूलक उक्तिहरू हाँसोमिश्रित अभिष्टरूपमा प्रकट गर्न थाल्यो (पूर्ववत्) । हास्य र व्यङ्ग्य एकै सिक्काका दुई पाटाजस्तै अन्वयमूलक छन् । अतः हास्यको अभावमा व्यङ्ग्यको सृजना हुन सक्दैन कि भन्ने भान उत्पन्न हुन थालेको  परिस्थिति उत्पन्न भएको छ ।

हास्य र व्यङ्ग्यको परिभाषा, चर्चा परिचर्चा पूर्वीय जगतमा पुराणकालदेखि र पाश्चात्य जगतमा सोफोक्लिज र युरिपाइडिज आदि नाटककारका नाटकमा प्रयुक्त भएको र तिनै भावका आधारमा प्लेटो र अरस्तुले आफ्ना सिद्धान्तशास्त्रमा व्याख्या गर्ने प्रयास गरेको भेटिन्छ । हास्यसँग व्यङ्ग्यका गम्भीर अभिव्यक्ति रूपायित हुने छुट हुनु यसको छुट्टै विशेषता हो । (पूर्ववत्) युरोपेली साहित्यमा करिव विगतका २५ सय वर्ष हास्य, व्यङ्ग्य अभिव्यक्तिको एउटा विशिष्ट  पक्ष मानिएको छ ।

## २.१ हास्यबारे पूर्वीय मान्यता

हास्यबारे पूर्वीय मान्यतामा विभिन्न साहित्यशास्त्रीहरूमध्ये अग्निपुराणका स्रष्टा र नाट्यशास्त्रका स्रष्टा भरतले २२ सय वर्षपूर्व नै हास्यलाई काव्य, नाटकका रसहरूमध्ये एउटा रसका रूपमा

लिएको देखिन्छ । श्रृङ्गार, वीर, रौद्र, वीभत्सजस्ता चार मुख्य रसमध्ये श्रृङ्गाररसबाट हास्यको सृष्टि हुने कुरा अग्निपुराणमा उल्लेख भएको छ । (सुवेदी/शर्मा, २०५१ : (भूमिका) ख,ग) रस व्याख्या भने आचार्य भरतको नाट्यशास्त्र र काव्यशास्त्रमा पनि हास्यरसको परिपाक देख्न सकिन्छ ।

अग्निपुराणका मुख्य ४ रसहरूमध्ये श्रृङ्गारबाट उत्पत्ति भएको हास्यरस कालान्तरमा व्यञ्जनामूल अर्थ/प्रसङ्ग बहन गर्दै प्रयोजनमूलक हाँसो भई हास्यका स्थानमा व्यङ्ग्यसमेत देखिन थालेको छ । यसरी पूर्वमा ८ रसका अतिरिक्त शान्त, शक्ति र वात्सल्य पनि रसको कोटिमा पर्ने देखिन्छन् ।

हास्यरस मान्छेमा मात्र पाइन्छ । मानवेत्तर प्राणीमा खुसी र प्रसन्नताको प्रतिक्रिया पाइन्छ, तर हाँसोको स्वरूप वा प्रतिक्रिया पाइन्न । वीर, वात्सल्य, करुणजस्ता भावना प्रतिक्रियात्मक रूपमा अन्य पशु प्राणीमा देखिए पनि हास्य भाव मानवेत्तर प्राणीमा पाइँदैन । यो केवल मान्छेको अस्तित्वमा मात्र हुन्छ । (पूर्ववत्) मान्छेमा हाँसो अनुहारमा भित्रदेखि लिएर अट्टहासम्मका विभिन्न स्तरमा देखा पर्छ । यसबाहेक बोलिचालीमा झल्किई अरू आचरणमै प्रकट हुन्छ । यसरी मानवेत्तर प्राणीमा रहने हास्य आचरणकै आधारमा खुसी-वेखुसीका सीमामा ठम्याउन सकिने हुन्छ, तर पनि हास्य र यसका प्रतिक्रिया मान्छेमै बढी हुनेमात्र नभई मानवेत्तर प्राणीमा मनोवैज्ञानिक अध्ययन गरेको सङ्कट, विपत्ति आदिमा करुण र क्रन्दन पाइए पनि हास्यको अभिव्यक्ति ठम्याउन असहज देखा पर्छ । मानिसमा चाहिँ बोली-वचन, कार्य-व्यापार, हाउ-भाउ, उठ-बस, दैनिक आचरणसमेत असङ्ख्य क्रिया-प्रतिक्रियात्मक रूपमा खुसी र उपहास अभिव्यक्त हुन्छ ।

संस्कृति साहित्यका मूर्धन्य व्यक्तित्व सिद्धान्तकार, दशरूपककार धनञ्जय भेषभूषा र व्यवहारबाट आफैंलाई र आफ्नो पुऱ्याउन सकिने धारणा व्यक्त गर्छन् । साहित्यदर्पणकार विश्वनाथ आफूमा रहेका वा अरूमा रहेको विकृति नै हाँसोको कारण नमानी आकारप्रकार, रूपरङ्ग, छाँटकाट, आदिमा चाहिँ विकृति, विसङ्गति हुनुपर्ने उल्लेख गर्छन् (भट्टराई, पूर्ववत् : १०) ।

यसैगरी भारतीय विद्वान् शारदातनय रजो गुण लोप भई सत्वगुणको आविर्भाव भएपछि हास्य उत्पन्न हुने र यो प्रेममूलक चित्त-वृत्तिका रूपमा रहने बताउँछन् । अभिनव गुप्तचाहिँ सबै रसभावद्वारा हाँसो व्यक्त हुन सक्ने कुरा गर्दछन् । (पूर्ववत् : १०)

विभिन्न भारतीय विद्वान्हरूद्वारा करुण, वीभत्स आदि रसहरूबाट पनि विशेष परिस्थितिले हास्य सृजना हुने त्यस्तै अनौचित्यले पनि हास्य उत्पन्न गर्दछ भन्ने कुरा व्यक्त भएको छ । त्यसैगरी रामदहान मिश्रले हास्यका निम्ति आवश्यक हुने र आनन्द, आवेग, मात्सर्य, चापल्य आदि भावनाहरू हास्यमा समावेश हुन्छन् भन्ने मान्यतालाई अङ्गीकार गरेको देखिन्छ । (पूर्ववत्)

त्यसरी पूर्वीय मतमा भरतले हास्यको उत्पत्ति सम्बन्धमा श्रृङ्गारको अनुकृतिबाट नभई विकृतिबाट हुने बताए । साथै आकार-प्रकार, बोली-वचन, भेष-भूषा, हाव-भाव, चेष्टा आदिबाट हुने भने । विद्वान् डा. रामकुमार वर्माले चाहिँ हास्यलाई श्रृङ्गारको अनुकृति हो भन्ने भरतको मतप्रति असहमति प्रकट गरी हास्यले केवल श्रृङ्गारद्वारा प्रेरणा प्राप्त नगरी जीवनका विविध परिस्थितिहरूबाट शक्ति ग्रहण गर्दछ भन्ने कुरा व्यक्त गरेका छन् । (पूर्ववत्)

संस्कृत साहित्यमा हास्योत्पत्तिको मूल कारणका रूपमा विवाद भए तापनि राग र द्वेषलाई हाँसोको स्रोत मानिएको छ । प्राचीन भारतीय आचार्यहरू हास्यको जनक रागलाई मान्दछन् भने आधुनिक मनोवैज्ञानिक फ्रायड आदि भने हास्य हुन द्वेषभावना प्रमुखरूपमा हुनुपर्ने बताउँछन् । राग प्रकृति र द्वेष विकृति हो । (पूर्ववत्)

### २.२ हास्यरसको स्थायी भाव

संस्कृति साहित्यशास्त्रमा प्रचलित नौ रसहरूमध्ये हास्यरस एक मानिन्छ । रसले सहृदयमा स्थित भावहरूको परिपुष्ट अवस्थाबाट एक प्रकारको आनन्दानुभूति दिन्छ । भरत रसनिष्पत्ति हुन विभाव, अनुभव र व्यभिचारी भावको संयोग हुनुपर्ने बताउँछन् । (भट्टराई : रमेशकुमार (२०६०) : ४५-४८ ।

### २.३ हास्यबारे पाश्चात्य धारणा

पूर्वीय साहित्यशास्त्रीले जस्तै पश्चिमी विद्वान्हरूले पनि हास्यसम्बन्धी अध्ययन विवेचन गरेको भेटिन्छ । पश्चिमी साहित्यजगत्मा हास्यसम्बन्धी चिन्तन परम्परा युनान (ग्रिस) का कलाचिन्तक अरस्तुदेखि नै प्रारम्भ भएको पाइन्छ । अरस्तुपछि युरोप तथा अमेरिकाका साहित्य स्रष्टा एवम्

चिन्तकहरूले हास्यसम्बन्धी चर्चा-परिचर्चा गर्दै आएका छन् र यो परम्परा आजसम्म नै रहिआएको पाइन्छ । ( भट्टराई, पूवर्वत् : २५)

पाश्चात्य साहित्यमा नाटकको क्षेत्रमा त्रासदी र कामदीको लामो परम्परा छ (पूर्ववत्) । यस परम्परामा यी दुःखान्तक र सुखान्तक (Tragedy and Comedy) का विवेचना सन्दर्भमा हास्यसम्बन्धी दृष्टिकोण प्रकटित भएको पाइन्छ । अरस्तुको मुख्यतः दुःखान्तहरूको विवेचनामा केन्द्रित रहेका भए तापनि उनले दुवैलाई चिनाउने सन्दर्भमा हास्यको पनि चर्चा गर्न पुगेका छन् । अरस्तुपछिका हास्यचिन्तकहरूले पनि हास्य विषयमा चर्चा परिचर्चा र कतिपय विश्लेषणका सन्दर्भमा यसतर्फ अग्रसर बनेका छन् र विभिन्न विद्वान्हरू र मनोवैज्ञानिकहरूले हास्यको उत्पत्तिका सम्बन्धमा मनोवैज्ञानिक अध्ययन र कतिपयले शरीरविज्ञानसँग हास्यको सम्बन्धमा पुष्टि गरेका छन् । यसरी पश्चिममा हास्यसम्बन्धी चिन्तनका क्षेत्रमा अरस्तु, हब्स, स्पेन्सर, ह्याजलिट, कान्ट, फ्रायड आदि रहेका छन् । (पूर्ववत्)

पश्चिमी क्षेत्रमा हास्योत्पत्तिसम्बन्धी चिन्तनका क्रममा अनेक सिद्धान्तहरू जन्म भएका छन् तर ती पूर्ण छैनन् । यद्यपि ती आंशिक सत्य एवम् एक अर्कामा परिपूरक रूपमा रहेका देखिन्छन् । यी सिद्धान्तहरूमा लघुतादर्श (Degradasion) आदि रहेका छन् । प्रारम्भमा लघुतादर्शलाई हास्यको जनकका रूपमा मानेको देखिन्छ । कुनै पनि वस्तुमा पाइने लघुताविहीनतालाई देखेर स्वभावतः मान्छेका मनमा उत्पन्न हुने आनन्ददायी भावना वा प्रवृति जसबाट हास्यको आविर्भाव हुने भन्ने कुरा यसले व्यक्त गर्दछ । प्राचीन ग्रिसका प्रसिद्ध साहित्यचिन्तक अरस्तु यस सिद्वान्तका प्रतिपादक हुन् । (इन्साइक्लोपेडिया ब्रिटानिका, सोलमः ङ ५)

शोकाकूल व्यक्तिलाई केही समयका लागिमात्र भए पनि शोकपीडाबाट मन अन्य क्षेत्रमा लान र धैर्य बटुल्न हास्य निकै सहायक सिद्ध हुन्छ । शोकबाट जन्मेको थकान मेट्न हास्यले सहयोग गर्छ । पीडा र वेदनामा डुबेको मानिस तुरुन्त हाँस्न सक्छ (पूर्ववत् : घ) यसरी यी दुवै तत्त्व जीवनका मौलिक प्रकृति हुन् भन्ने तथ्यलाई पश्चिमी विद्वान्हरूले विवेचना गरेका छन् र मानिसका अनुभवले पनि सिद्ध गरेको छ ।

यसरी हेर्दा अवस्थाअनुसारका हाँसो र रोदनका उपस्थितिलाई पूर्वमा श्रृङ्गार, रौद्र, वीर, वीभत्ससमेत कारणभूत रस मानेझैं पाश्चात्य मतमा हास्य र करुणालाई कारणभूत तत्त्वका रूपमा स्वीकार्ने प्रयास गरिएको छ । (पूर्ववत् : ङ)

यसरी हास्यव्यङ्ग्य पूर्व, पश्चिम, उत्तर, दक्षिण सबै क्षेत्र र मुलुकमा व्यापकरूपमा प्रचलनमा रहेको छ । अर्थात् पूर्वीय-पाश्चात्य साहित्यिक यात्रामा हास्यव्यङ्ग्यको विकास साहित्यका अन्य विधा सरह भएको छ । यसको छुट्टै पहिचान नभए पनि साहित्यमा यो सहकारी प्रवृत्ति बन्दै यसले शिष्ट साहित्यको हाराहारीमा आफ्नो अस्तित्व जोगाएको छ र हाल हास्यव्यङ्ग्य साहित्यका कथा, कविता, नाटक, निबन्ध, उपन्यास, यात्रा-संस्मरण आदि विविध विधामा अनुस्यूत हुँदै गतिशील बनेको छ । पूर्वमा त साहित्यको नवरसमध्ये हास्यरसको छुट्टै चिनारी छ ।

## २.४ हास्यको वर्गीकरण

### २.४.१ पूर्वीय मतमा हास्यको वर्गीकरण


जीवनलाई निरूपण गर्ने दृष्टिकोणहरू हरेक दिन, हरेक क्षण नवीन हुन्छन्, फराकिलो हुँदै गरेका लाग्छन् । मान्छे पुराना र जटिल परम्परालाई परिमार्जन गर्दै नयाँ र सरल मूल्यहरूको स्थापना गर्दै आउँछ । (सुवेदी/शर्मा, पूर्ववत् : ङ) यसरी हेर्दा हास्य केवल सस्तो मनोरञ्जन दिने साधनमात्र नभएर यो प्रयोजनमूलक, उपयोगी र ज्ञानवर्द्धक अर्थहरू पनि यसमा समावेश हुन्छन् । यो हास्यको प्रौढ स्वरूप हो र यो हाँसोको व्यङ्ग्य निहीत अर्थका रूपमा हुन्छ । व्यङ्ग्य हाम्रा परिवेशभरि छरिएका विश्वजनीन मान्यताका वि-अङ्गजस्ता अवस्थाको प्रस्तुतिमा प्रकट हुन आउने विरूप प्रतिक्रिया व्यङ्ग्य हो । (पूर्ववत्) यसमा मधुरतामा मुस्कानदेखि कठोरतामा अट्टहाससम्म रहन्छ र मान्छेले आफ्नै हाँसो, हँसाइदिन सक्ने अभिव्यक्ति आजको परिप्रेक्ष्यमा हास्यव्यङ्ग्यका फाँटमा राख्नुपर्दछ, संस्कृत साहित्यमा यसरी हास्यव्यङ्ग्यको विवेचना नभए तापनि त्यतिबेलाको साहित्यले ध्वनि र व्यञ्जनलाई महान् साहित्यमा वर्गीकृत गरेको थियो तर आजको जसरी व्यङ्ग्यको आधारभूमिलाई पछ्याएको थिएन । त्यतिबेला हाँसो व्यङ्ग्यात्मक पीडा नराखी स्मित हाँसो वा परिहासपूर्ण हाँसोमात्र थियो । हास्यतत्त्वको अभावमै केवल बुझाइमा व्यङ्ग्य हुन्थ्यो । यस्तो बुझाइमा मात्र व्यङ्ग्य अभिव्यक्ति हुने रचनालाई ध्वनि वा उत्तमकाव्यको संज्ञा दिइन्थ्यो । (पूर्ववत्)

जेहोस् व्यङ्ग्यमा हास्य समावेश हुनैपर्ने मान्यता थिएन र अनिवार्यता पनि थिएन । नाट्यशास्त्रका प्रणेता आचार्य भरतमुनिले हास्यलाई अर्थोद्घाटनका आधारमा वर्गीकरण गरेका छन् । आत्मस्थ र परस्थरूपमा आफूमा रहने र अरूमा रहने हास्यलाई आलम्वनका आधारमा आचार्य भरतले वर्गीकरण गर्दै हास्यलाई वा यसको अर्थलाई व्यङ्ग्य नभनी उनले प्रयोजनमूलक हास्य विविध रूपमा प्रकट हुने हुँदा आजको अवस्थामा पनि तिनलाई अर्थात् हास्यश्रेणीलाई व्यङ्ग्यात्मक हाँसो भनेर लिन सकिन्छ ।

संस्कृत विराट साहित्यका अर्को स्रष्टा 'रसगङ्गाधर' ग्रन्थका पिता पण्डितराज जगन्नाथले हास्यलाई कूल १२ वटा भेदमा विभाजन गरेका छन् । उनका अनुसार हास्यका प्रथम तहका विभेदरेखा आत्मावलम्बन र परावलम्बनका छन् । यी दुवै भेदलाई उत्तम, मध्यम र अधमसमेतका भेदले जम्मा ६ वटा उपभेद स्वीकारिएका छन् । तेस्रो तहमा गएर उत्तमलाई स्मित र हसित, मध्यमलाई उपहसित र विहसित र अधमलाई अपहसित र अतिहसितजस्ता जम्मा १२ वटा भेदमा विभाजन गरिएको छ । (पूर्ववत् : च)

पण्डितराज जगन्नाथले आफ्नो ग्रन्थ 'रसगङ्गाधर' मा हास्यलाई विभिन्न स्वरूपमा विभाजन गरेका छन् ।


उनको वर्गीकरणलाई रेखाचित्रमा यसरी देखाउन सकिन्छः-




यसै गरी साहित्यदपर्णकारले पनि हास्यलाई वर्गीकरण गरेका छन् । उनको वर्गीकरणमा ज्येष्ठ, मध्यम र बीच गरी ३ कोटिमा राखेर ज्येष्ठतालाई स्मित र हसित, मध्यमलाई उपहसित र

विहसित र बीचलाई अपहसित र अतिहसितसमेत गरी ६ वटा हाँगामा छुट्याइएको पाइन्छ । (सुवेदी/शर्मा, पूर्ववत् : छ)

साहित्यदर्पणकारका विभाजनलाई पनि रेखाचित्रमा यसरी देखाउन सकिन्छः-




उपर्युक्त ६ भेदहरूको आङ्गिक विवरण यसप्रकार छ :-

**(क) स्मितः** गाला केही खुम्चिई नेत्र विकसित हुँदै तल्लो ओठमा स्पन्दन उत्पन्न गरेर केही कटाक्षपूर्ण दृष्टिका साथ अनुहारमा आभासित हुने गुलावी हाँसो स्मित हास्य हो ।

**(ख) हसितः** मुख, नेत्र, गालामा उत्पुल्लता आई दाँतका पङ्क्तिसमेत देखिने गरी प्रकट हुने शिष्ट हाँसोलाई हसित भेदमा राखिन्छ । (लुइँटेल, (सम्पा), २०६५ : २७)

**(ग) विहसितः** आँखा र गालाको आकुञ्चनसाथ मधुर स्वरसमेत सुनिने गरी समयानुकूल मुखमा लालिमा झल्काउँदै हाँसिने हाँसो विहसित भेदमा पर्दछ । (पूर्ववत्)

**(घ) उपहसितः** नाक फैलाउँदै दृष्टिमा कुटिलता ल्याएर शिर, काँध, (कुम) खुम्च्याई हाँसिएको हाँसो उपहसित अन्तर्गत पर्दछ ।

**(ङ) अतिहसितः** आँखाबाट आँसुका धारा बगाउने गरी चिच्याई-चिच्याई हातखुट्टा पछार्दै, पेट मिचीमिची अट्टहासका साथ हाँसिने हाँसोलाई अतिहसितको भेदमा राखिएको छ । (पूर्ववत्)

हास्यको यो वर्गीकरण मानसिकभन्दा ज्यादा शारीरिकमाथि गरिएको प्रकृतिगत दृष्टिले गरिएका वर्गीकरण हुन् । यिनमा हास्यका उपर्युक्त भेदहरूलाई वर्गीकृत गरिएको छ । वस्तुतः हाँसो स्थायी भावबाट परिपाकमा पुग्न हास्यरसका यी ६ भेदहरूमा अपहसित र अतिहसित स्थितिमा हास्यरस निम्नकोटिको हुन जाने अनि स्मित र हसित स्थितिमा उत्तम रहन जाने सङ्केत विश्वनाथको मन्तव्यले प्रकट गरेको देखिन्छ । (लुइँटेल, २०६५ : २८) भद्दा चर्को वा अपरिष्कृत

हास्यभन्दा परिमार्जित, सूक्ष्म र परिष्कृत हास्यमा उत्तमता झल्कने हुँदा आचार्य विश्वनाथ यसै उत्तम हास्यका पक्षमा छन् भन्ने टिप्पणी यहा उल्लेखनीय ठहर्छ । (त्रिपाठी, २०३५ : ३३)

पूर्वीय हास्यचर्चामा हास्य एउटा रस हो र यसलाई लिएर अन्तिम तहमा पुग्न सकिने गरी वर्गीकरणका विविध रेखा कोरिएका छन् । यिनै विविध रेखामा टुक्रिएका हास्य विविध अर्थको संवाहक बनेर देखापर्ने गर्दछ ।

यसरी हास्यका उत्तम, मध्यम र अधम गरी ३ प्रकृतिगत भेद, स्मित, हसित आदि ६ भेद र तिनका आत्मस्थ र परस्थ गरी २ भेदसमेत हास्यका जम्मा १२ भेद हुने कुरा भरतले बताए । अर्का यसका विशिष्ट व्याख्या जगन्नाथ र भरतद्वारा स्थापित हास्यका सो भेदहरूलाई हिन्दी साहित्यका विद्वान् डा. रामकुमार वर्माले प्रस्तुत गरेको देखिन्छ । (भट्टराई, २०४४ : १९) र (लुइँटेल, २०६५ : २८)

**२.४.२ हास्यको पाश्चात्य वर्गीकरण**

पश्चिमी साहित्यशास्त्रले हास्य नाम नदिए तापनि ट्रेजेडी र कमेडीका रूपमा सुख र दुःख, करुणा र प्रसन्नतासहित खास हास्यको २ भेद देखाएको छ । अझ यसो भनौं मूलभूतरूपमा हास्य र व्यङ्ग्य गरी २ शाखामा विभाजन गरेको पाइन्छ । (सुवेदी/शर्मा, २०५१ : (भूमिका खण्ड) झ) त्यसमध्ये केवल हास्यतत्त्वको उपस्थिति रहने स्वरूपलाई ह्युमर (Humour) वा सर्क्याजम (Sarcasm) मात्र भन्ने प्रचलन छ । बाँकीलाई व्यङ्ग्यका फाँटमा राखिएको छ ।

हास्यव्यङ्ग्य ट्रेजेडी र कमेडीका २ वर्गमध्ये कमेडी वर्गमा पर्दछ । यदि हास्य सामान्य स्मित दशामा मात्र रहँदा रसिक (humours) हास्य नै हुन्छ । अनि रसमा कुनै तात्पर्य आश्रित हुन थालेपछि चाहिँ हास्य स्वयम् व्यङ्ग्यका कोटिमा चढ्न थाल्छ । हाँसो भावक्षेत्रमा छउञ्जेल हास्यप्रधान रहन्छ र भाव क्षेत्रबाट बढी रस क्षेत्रमा सङ्क्रमित भएपछि व्यङ्ग्यको कोटिमा प्रवेश गर्दछ । जब हास्यकारले हास्यलाई आलोचनाको क्षेत्रमा प्रवृत्त गराउँछ तब हास्य हास्य जगत्बाट व्यङ्ग्यजगत्मा पदार्पण गर्दछ । हाँसोले मनोवैज्ञानिक सत्यको उद्घाटन गर्दछ । मानवीय जीवनका दैनन्दिनीहरू (खोट, गल्ती, मानसिक उतारचढाव) हास्यका विषयवस्तु हुन् । यिनै तत्त्व हास्यको स्मित दशाबाट परिवर्तित हुँदै जाँदा व्यङ्ग्यको स्वरूप लिन पुग्दछन् । हास्यले हाँसोमात्र नहुन बौद्धिक तन्तुमा तनाव जन्माउन सक्नुपर्छ ।

पाश्चात्य साहित्यका चिन्तकहरूले हास्यव्यङ्ग्यलाई मूलतः ५ वटा भेदमा वर्गीकरण गरेका छन् । हास्यको पाश्चात्य विभाजनले मुखाकृतिभन्दा वस्तुगतताको अवलम्बन गरेको छ । अनुकृतिमा भन्दा अर्थानुभूतिमा मात्र आधारित नभई यो दैहिकभन्दा मानसिक ज्यादा देखिन्छ । (लुइँटेल, ०६५ : २८) यसका भेदहरूले हास्यभित्रका कार्यविविधता, कार्यव्यापकता र स्वभाव भिन्नतालाई सङ्केत गर्दछन् । पूर्वीय आचार्यहरूको स्मित हास्य र युरोपेलीहरूको स्वच्छ हाँसो उस्तै हो । यस सम्बन्धमा एमिकोलले स्वच्छ हाँसोका लागि विवेक चाहिन्छ किनकि हास्य अविवेकपूर्ण पनि हुन सक्छ । यसको लागि विशेष प्रकारको चिन्तनको खाँचो पर्ने, रुखो चिन्तन हुन नहुने मानवताबाट सहानुभूतिपूर्ण सोचाइबाट निस्केको चिन्तन हुनुपर्ने बताएका छन् । सोपेन हावरले चाहिँ यसका स्वरूप 'गम्भीरतापूर्ण विनोद', को वा मेरिडिथ भाषामा यसलाई आलम्बनप्रतिको करुणाभाव भन्नुपर्ने बताइएको छ । (लुइँटेल, पूर्ववत् : २९)

पाश्चात्य साहित्यमा हास्यव्यङ्ग्यलाई चिन्तकहरूले ५ भेदमा गरेको वर्गीकरणको विवेचना यसप्रकार छ :-

**(क) ह्युमर (स्मित हास्य)ः** यस भेद अन्तर्गत हास्यमा शिष्ट, शालीन, अनुशासित, दयालु, आत्मीयता प्रकट र प्रस्तुत हुने गर्छ । यस सम्बन्धमा मेरिकिथको भनाइ यस्तो छ - "जसप्रति हाँसिन्छ, त्यसप्रति प्रेम र आत्मीयता, श्रद्धा र वात्सल्यजस्ता गुणहरू पनि गुमाउनु हुँदैन । (पूर्ववत्) मार्यादित र अनुशासनमूलक अवस्थाको हाँसोलाई मात्र यस भेदमा लिइन्छ । ह्युमरका लागि निम्न ५ वटा तत्त्वहरू मानिन्छन् -(अ) प्रयोजनमूलक हाँसो व्यक्त हुनु (आ) बेवास्ता प्रकट हुने अर्थ दिनु (इ) अतिरञ्जनात्मक अर्थ दिनु (ई) ईर्श्या व्यक्त हुनु (उ) अस्वीकृत अर्थ व्यक्त हुनु, दयालुपन र आत्मीयजस्ता तत्त्वहरू ह्रास हुँदै जानु । यिनै ५ तत्त्वहरू देखा परेपछि ह्युमर (स्मित) तहबाट हास्यले पलायन गर्दछ र क्रमशः वाग्वैदग्ध्य र व्यङ्ग्यतिर आरोहण गर्न थाल्दछ । (पूर्ववत्)

**(ख) वीट (वाग्वैदग्ध्य)ः** सन्तुलन र अवस्थाअनुकूल मर्यादाको अनुभूति व्यक्त गर्ने  हास्यको छनक आभास हुने र आश्चर्यको सञ्चार गराउने रचनालाई यस भेदमा स्वीकारिएको छ । स्वाभाविक कथन र स्वाभाविक प्रक्रियाबाटै हास्य जन्मन्छ भने व्यङ्ग्यात्मक भाव जन्माउने उपमा, कल्पना र उक्ति चमत्कारद्वारा देखिने अनौठोपनबाट वाग्वैदग्ध्य जन्मिन्छ । यसरी हास्यभन्दा कठोर र व्यङ्ग्यभन्दा केही नरम अभिव्यक्ति वाग्वैदग्ध्य (वीट) हो । (सुवेदी/शर्मा, २०५१ : ङ-७)

पाश्चात्य शब्दकोशका प्रणेता वेब्स्टर यस सम्बन्धमा आफ्ना स्मरणीय भनाइ राख्छन् - “संभाषण, संवाद वा लेखन आदिबाट अप्रत्याशित रूपमा आश्चर्य, आनन्द र आक्षेप प्रकट हुने रचनावली वीट (वाग्वैदग्ध्य) हो ।

**(ग) सटायर (व्यङ्ग्य)**: हास्यका सामान्य तहबाट धेरै माथि पुगेको यो अवस्थामा ध्वनिले मूर्त रूप लिन्छ । यस अवस्थामा आइपुग्दा अर्थले व्यापकता र गम्भीरता ग्रहण गरिसकेको हुन्छ । व्यङ्ग्य पूर्णरूपमा विसङ्गतिबाट जन्मन्छ र यो एउटा यस्तो तत्त्व हो, जसमा लेखकले प्रत्यक्षरूपमा आक्रमण गरेर अप्रत्यक्षरूपमा सुधारको सन्देश प्रवाहित गर्दछ । मान्छेको दैनिक जीवनसँग अभेद सम्बन्ध राख्नेमाथि तीव्र आक्रमण गर्दछ । रचना व्यङ्ग्यको तहमा उक्लिएपछि दयालुपन र कोमलताका गुणहरू पूरै हराउँछन् । यसले यथाविषयमै छेडछाड हुने श्लेषात्मक, दोस्रोमा उपहासात्मक र तेस्रोमा आक्रमणात्मक तथा आक्षेपनात्मक अभिव्यक्ति हुन थाल्दछ । (लुइँटेल, २०६५ : ३)

व्यङ्ग्य (सटायर) ले मुख्यतया मानवजीवन माथिका ३ वटा मूलभूत तत्त्वमाथि प्रहार गर्दछ । (१) निन्दनीय वस्तुलाई खुल्ला निन्दा गर्नु (२) मानवजीवनका मर्यादा अतिक्रमण भएको भए तिनको सीमा कायम गराउनु (३) अहितकर वातावरण र दुष्प्रवृत्तिबाट समाजलाई जोगाउन खोज्नु । (सुवेदी, शर्मा, २०५१ :ढ, ण) यहाँ मेरिकिथको भनाइ स्मरणीय छ - ‘वस्तुतः व्यङ्ग्यकार सामाजिक प्रतिकारको जिम्मेवार हुन्छ । समाजका कुना काप्चासम्म छरिएर बसेका दुर्गन्धयुक्त कसिङ्गर र फोहोर मैलालाई बढारेर सफा गर्ने कार्यकर्ताका रूपमा देखा पर्दछ । यसरी विकृत र विसङ्गतिका बाहकका निम्ति यो व्यङ्ग्य कोमल र दयालु नभएर कठोर प्रहार बन्दछ ।

**(घ) आइरोनी (वक्रोक्ति)**: उक्तिमा वाणजस्तै तीखो र आक्रामक तत्त्व सन्निहित रहनु वक्रोक्ति हो । आवरणमा हास्यतत्त्वको जलप हुने र अलङ्कार ध्वनिको माध्यमले कथनतत्त्वमा रहेको व्यङ्ग्यलाई बाङ्गोटिङ्गो बनाउने प्रयासका रूपमा यो रहन्छ । उक्तिमा विचित्रता राख्नु वाग्वैदग्ध्य हो र आवरणयुक्त युक्तिका माध्यमले व्यङ्ग्यको काम गर्नु वक्रोक्ति हो । (पूर्ववत्) पश्चिमीहरू आइरोनीलाई सटायरको घनिष्ट तत्त्व मान्छन् । मेरिकिथ हास्यास्पद तथा विसङ्गत तत्त्वहरूप्रति सीधै आक्रमण, प्रहार नगरी चिप्लो र स्वादिलो कथनबाट व्यक्तिको मर्ममा पसेझैं

चस्स घोच्ने वचन प्रहार गर्नु र श्रोतालाई मनोपीडामा छट्पटाउने बनाउनु वक्रोक्तिको कामको रूपमा लिन्छन् ।

**(ङ) प्यारोडी (विद्रुपण वा परिहास)ः** सम्पन्न भइसकेको कार्यको कुनै खास व्यक्तिका बानी व्यहोराको वा कसैका कृतिको अनुकरण गरी पुनः सिर्जन गर्ने कार्यलाई यस भेदले समेट्छ । प्यारोडीको सृजना कार्यमा ३ वटा आधार हुन्छन् - (१) भावसाम्य (२) आकार साम्य (३) शब्दसाम्य । यीमध्ये कुनै पनि प्रक्रियाबाट मूलभूत वस्तु वा विषयको सम्झना गराउन प्यारोडीको उद्देश्य पूरा भएको मानिन्छ । (लुइँटेल, ०६५ : ३०) आर्थरको स्पष्टीकरणअनुसार रचनाको उच्चतासँग सम्बन्ध राख्ने काम गर्नु र श्रद्धा, विश्वास, आस्था र मर्यादाभित्र हीनताभाव आउनु र हास्य जन्माउनु प्यारोडीको विशेषता हो ।

हास्यव्यङ्ग्यका यी तात्पर्यमूलक र अर्थयुक्तपूर्ण हास्यबाहेक अरू पनि छन् र तिनलाई विदूषण हास्यअन्तर्गत समावेश गर्न सकिन्छ । विदूषणचाहिँ ५ वटा तहभन्दा निम्न स्तरीय हास्य हो । यिनलाई पनि छोटकरीमा यसरी चर्चा गर्न सकिन्छ ।

**(क) विदूषण हास्य (फोर्स):** यो विदूषण हास्य शास्त्रीय अर्थमा कामदीय (कमेडीयन) हास्य हो । अन्य ५ भन्दा फरक यसमा हाँसो सचेतना एवम् बोली व्यवहारमा अनौठोपन, मुखमा मुखुण्डो र आङ्गिक कृत्रिमता हुन्छ । यस्तो अनौठोपन कसैप्रति परिलक्षित हुँदैन । मानसिक तनाव र कालान्तरलाई मत्थर पार्दै मनोविनोदको तहमा यो प्रकटित हुन्छ । यसलाई एनिकोलले आठ भेदमा क्रमशः विभेद गरेका छन् - (क) शुद्ध प्रहसन (ख) श्रृङ्गारिक प्रहसन (ग) व्यङ्ग्यात्मक प्रहसन (घ) वाग्वैदग्ध्य प्रहसन (ङ) शिष्ट वाक्प्रधान प्रहसन (च) भावप्रधान प्रहसन (छ) अन्तर्द्वन्द्वप्रधान प्रहसन (ज) शोकप्रधान प्रहसन (सुवेदी, शर्मा, २०५१ : थ) यीमध्ये ‘क,ख’ विदूषण हास्यका पर्यायवाची र बाँकी ६ व्यङ्ग्यका श्रेणीमा पर्दछन् ।

**(ख) कार्टुनः** नेपालीमा कार्टुनलाई व्यङ्ग्यचित्र भनिन्छ । व्यङ्ग्यचित्रका माध्यमले कसैलाई सचेत बनाउन प्रयास गरिएको छ भने त्यसलाई व्यङ्ग्यका रूपमा लिइन्छ र व्यङ्ग्यभन्दा बढ्ता आक्षेपतिर बढी झुकाव राखेको छ भने त्यो गल्तीका श्रेणीमा देखिन्छ । (पूर्ववत् : द) यसरी व्यङ्ग्यचित्रलाई आवश्यकताको स्वरूपमा कलात्मक र कहीँ व्यङ्ग्यका पक्ष र कहीँ आक्षेपका फाँटमा राखेर विवेचना गर्ने गरिन्छ ।


**(ग) आक्षेप (ल्याम्पुन)ः** आक्षेप साहित्यमा कोही कसैमाथि गाली गर्ने उद्धेश्यका साथ प्रयोग हुन्छ । व्यक्तिगत आक्रोस र पाँडे गालीयुक्त भावहरू जब साहित्यरूपी आकाशमा तिल्मिलाउँछन् । तब व्यङ्ग्य गौण हुन्छ र आक्षेप उच्च हुन पुग्छ । यसरी व्यङ्ग्य निकृष्टताको धरातलमा पदार्पण गरेपछि यो व्यक्तिगत गालीमा परिणत हुन्छ ।

पश्चिमी सभ्यतामा 'अप्रिल फस्ट', भारतको 'होली', नेपालको 'गाईजात्रा' जस्ता उत्सवले गालीका पर्राहरूलाई अभिव्यक्त गर्दै गाली साहित्यको अस्तित्वलाई बचाएको छ ।

यसरी पूर्वीय काव्यशास्त्रीहरूले काव्यमा ध्वनि साहित्यिक तत्त्वलाई महत्त्व दिएका छन् । यिनै तत्त्वहरू आज हास्यव्यङ्ग्यका रूपमा प्रयोग भएका छन् । यद्यपि संस्कृतका लक्षणग्रन्थका रूपमा भेद उपभेद नेपालीमा पूर्ण प्रयोग हुनुपर्छ भन्ने अनिवार्यता छैन । जेहोस् आजको शब्द र भाव संयोजनले सोद्धेश्यमूलकरूपमा बाहिरी आवरणमा शिष्टता अनुशरण गर्दै व्यञ्जना ध्वनि आविर्भाव गर्छन् । छोटा छरिता, चुट्किलालगायतका रचनाहरू पनि च्वास्स घोच्ने हुन्छन् नै, जसले भावक/पाठकमनलाई प्रभाव पार्ने सामर्थ्य राख्दछन् । सुन्दा मीठो र बुझ्दा तीतो प्रतिक्रियाका अवशेषहरू समाजका र जीवनका विभिन्न तत्त्वहरूसँग पछि लागू भए तापनि समयको गतिसँगै एकाकार हुने यसको आफ्नै विशिष्ट छवि हुन्छ । तथापि यो समाज सापेक्ष भएपनि केही प्रतिगामी र समयको पदचापसँगै सापेक्ष भएरमात्र हास्यव्यङ्ग्य जीवित हुन्छ । तर यसको विकास स्वतन्त्ररूपमा वा निरपेक्षरूपमा कदापी हुन सक्दैन अर्थात् अलग्गै विधागत संरचना सम्भव नहुने देखिन्छ ।

समग्रमा पश्चिमी साहित्यमा हास्यलाई यसरी पनि वर्गीकरण गर्न सकिन्छ :-

**रेखाचित्र नं. २**



**(१) सहज**

(क) विनोद : मन बहलाउने काम, आनन्ददायी क्रियाकलाप वा मनोरञ्जन विनोद हो । यो सामान्य ख्यालठट्टामा परिहास दशाको रूपमा हुन्छ ।

(ख) अट्टहास : ठूलो स्वरको हाँसो अट्टहास हो र यसमा कसैप्रति तिरस्कार, घृणा वा अवहेलनाको भाव हुन्छ ।

**(२) दृष्टिविचार**

(क) अतिरञ्जना : चाहिनेभन्दा बढी बयान गर्ने वा फर्माएर प्रशंसा गरी तिलस्मी ढङ्गको घटना वा पात्रको वयान गर्दा यस्तो हाँसो सिर्जना हुन्छ ।

(ख) विप्रय : तुलनात्मक रूपमा विरोध भावना प्रकट गर्ने पद्धतिको हाँसोको अवस्था विप्रय हो ।

**(३) भावविकार**

(क) परिहास : हाँसो, ख्यालठट्टा, उपहास, दिल्लगी वा एक प्रकारको मनोविनोदको हाँसो परिहास हो । (पौड्याल, २०५८ : ६)

(ख) उपहास : अरूलाई लज्जित बनाई खिसीट्युरी गर्ने हाँसो उपहास हो ।

**(४) ध्वनिविकार**

(क) व्याजोक्ति : मनसायगत रूपमा छलकपट, धोका दिने नभई देखावटीरूपमा प्रकटित भनाइ व्याजोक्ति हो । यो एकपल्ट मुखबाट फुस्किसकेको कुरालाई ढाकछोप गर्न अर्थ जनाउँदा हुने एक प्रकारको अर्थालङ्कार हो । (पूर्ववत् : ७)

(ख) वक्रोक्ति : श्लिष्ट शब्दद्वारा गरिने उपहास, व्यङ्ग्य वक्रोक्ति हो । मम्मटद्वारा प्रतिपादित यसको अर्थलङ्कारमा काकुवा श्लेषद्वारा भिन्न अर्थ पैदा हुन्छ ।

**(५) वुद्धिविकार**

(क) व्यङ्ग्य : अविधा, लक्षणाभन्दा भिन्न व्यञ्जनावृत्तिद्वारा बोध हुने गहिरो अर्थ व्यक्त हुने वा एउटा कुरा गरेझैं गरी अर्को कुरा व्यक्त गर्नु छेड हानिएको भनाइ व्यङ्ग्य हो । अर्थात् एउटा कुराबाट अर्को अर्थ निकाल्नु व्यङ्ग्य हो । (पूर्ववत्)

(ख) विकृति : आक्रमण गर्ने दृष्टिले वस्तुस्थितिबाट गिराउनु विकृति हो । (पूर्ववत्)

हास्यव्यङ्ग्यलाई कतै-कतै २ वर्गमा विभाजन गरिएको पाइन्छ । (पूर्ववत् : १०,११)

(१) सामान्य हास्यव्यङ्ग्य : यो मानवजीवनको सामान्यस्तरमा व्यवहृत हुन्छ । मानवजीवनको सहकारी भएर मानवइतिहास जत्तिकै पुरानो रहेको छ । (२) विशिष्ट हास्यव्यङ्ग्य : विशेष क्षेत्र ओगटेको यसले प्रतीकात्मक रूपमा कसैको वेकुफीप्रति हास्यसहित व्यङ्ग्य कस्छ । यो साहित्यका विभिन्न विधा, कथा, कविता आदिमा प्रकट हुन्छ ।

**२.५ परिभाषा**

हास्यव्यङ्ग्यलाई पूर्वीय र पाश्चात्य विद्वान्हरूले विभिन्न ढङ्गले अर्थ्याउने काम गरेका छन् । पूर्वीय परम्परामा हास्यको प्रयोग अग्निपुराणमा गरिएको छ । त्यसपछि आचार्य भरतले नाटकमा हास्यरसको अपरिहार्यता स्वीकार गरे । त्यसैले पनि काव्यशास्त्रमा हास्यरसको विशिष्ट स्थान छ । धनञ्जयले हाँसोको महत्त्व झल्काएका छन् भने विश्वनाथले साहित्यदर्पणमा हाँसोउत्थानको कारण खोतलेका देखिन्छन् ।

यसैगरी पाश्चात्यसाहित्यमा पनि सोफोक्लिज र युरिपाइडिजका रचनामा हास्यव्यङ्ग्यको चर्चा पाइन्छ । यस परम्परालाई महान् ग्रिसेली दार्शनिक प्लेटो र अरिस्टोटलले अझ विस्तृतरूपमा व्याख्या र विश्लेषण गरेको देखिन्छ । (पौड्याल, २०५८ : १४) यसरी हास्य र व्यङ्ग्यको परिभाषा दिने र चर्चा परिचर्चा गर्ने काम पूर्वमा पुराणकालदेखि आरम्भ भएको र पश्चिममा अरिस्टोटलको काव्यशास्त्रमा यसको उल्लेख गरिएको छ ।

हाँसो मानिसको खुसी, रमाइलो तथा सुखद् अनुभूति प्रकट हुँदा शारीरिक अवयव खास गरी अनुहारमा देखिने भावस्फोटनको क्रियात्मक रूप हो । यसलाई जन्मजात र प्राकृतिक गुण (भट्टराई, २०४४ : ९) विशेष पनि मानिदै आएको छ । हास्य एक प्रकारको मानवीय संवेगको प्रकटीकरण हो । दुःखद अनुभूतिको प्रकटीकरण रोदन र रुवाइजस्तै सुखद अनुभूतिको प्रकटीकरण हाँसो वा हँसाइ हुन्छ । मानिसबाहेकका अन्य प्राणीमा खुसी अभिव्यक्त गर्ने यस किसिमको क्रियात्मक रूप नदेखिए पनि मानिसको हाँसो विशुद्ध मानवीय गुण हो । जुन जीवनभर हाँस्न चाहन्छ । आधुनिक समाजविज्ञानका विद्वान्हरू हाँस्न पाउनु मानिसको प्रकृतिक हक हो भन्ने तर्क अघि सार्छन् । आधुनिक चिकित्सापद्धतिमा हाँसोले शारीरिक विकारलाई नियन्त्रण गर्न सकिन्छ भन्ने सोच विकसित भएको पाइन्छ । हास्यव्यङ्ग्य अन्तरविधात्मक एक विशिष्ट शैली हो ।

हास्य संस्कृतको 'हस्' धातुमा 'व्यत् प्रत्यय लागेर बनेको शब्द हो । यो 'हास्य' शब्दले हाँस्नका लागि योग्य वा हास्यपद, भन्ने अर्थ वहन गरेको छ । व्यङ्ग्य शब्दको व्युत्पत्ति वि+व्यत्बाट भएको हो । यसरी हास्यव्यङ्ग्यले परोक्ष सङ्केतबाट जनाइने हास्यास्पद वस्तुलाई बुझाएको देखिन्छ । (पौड्याल, २०५८ : १५) नवररसमध्ये एक यो शारीरिक मानसिक र भाषिक विकृतिबाट हास्यरस उत्पन्न हुन्छ । हास हास्यरसको स्थायी भाव हो र हाँसो लाग्दो अनुहार, उसको क्रियाकलाप र बोली भएको व्यक्ति आलम्बन विभाव र विकृत रूप, आकार, चेष्टा आदि उद्धीपन विभाव हुन् । त्यस्तै आँखा खुम्च्याइनु, विकृत पार्नु वा चिम्लनु, प्रसन्नता कम्प, स्वेद, रोमाञ्च, आलस्य र निद्रा यसका सञ्चारी भाव हुन् । मान्छेका सवलताहरूले मान्छेकै दुर्वलताहरूलाई र मान्छेका सामान्य प्रवृत्तिहरूले उसकै दुष्प्रवृत्तिहरूलाई गिज्याउनुबाट पनि एउटा बेग्लै स्वादको रस चाहिन्छ, जसलाई शास्त्रीहरूले हास्यसरको संज्ञा दिई नवरसको पङ्क्तिमा राखेको देखिन्छ । (अर्याल, ०२५ : (भूमिका) ख)

प्राकृतिक गुणका रूपमा रहेको हाँसो जीवनमा महत्त्वपूर्ण मानिन्छ । उन्मुक्त हाँसोले मानिसको तनाव, डर, रिस कम गरी सृजना शक्ति वृद्धि गर्छ । (चट्याङमास्टर, २०५५ : २७) यसरी जीवनको सार्थकतालाई स्वीकारिएको हास्य मानिसको शारीरिक र मनोगत क्रियासँग सम्बन्धित छ र हाँस वा हाँसो, स्थायी भाव रहने र परिहास (हँस्यौली-ठट्यौली) को क्रीडा विनोदको अनुभवलाई पनि समेट्ने उज्ज्वल आनन्दमय सचेतना मानिन्छ । (त्रिपाठी, २०५१ : ८२)

हास्यव्यङ्ग्य सम्बन्धी सचेत परिभाषा विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले दिएका छन्, जसको यहाँ विस्तृत उल्लेख गरिएको छ :-

"श्रृङ्गार, वीर, रौर्द्र र वीभत्समध्ये श्रृङ्गार रसबाट हास्य रसको उत्पत्ति हुन्छ ।"

-अग्निपुराण

"भेषभूषा र व्यवहारबाट आफैंलाई र आफ्नो व्यवहार र परिधानबाट अरूलाई हाँसोमा पुऱ्याउन सक्ने गुण नै हास्य हो ।"

-धनञ्जय

"आकारप्रकार रूप, रङ्ग, छाँटकाँट आदिमा विकृति र विसङ्गति आउनु हास्य हो ।"

-विश्वनाथ

“वियोग, विसङ्गति, विषद् र विरोधाभाषजस्ता विभिन्न व्यथाले व्यथित जीवनमा हास्य नै एउटा त्यस्तो शक्ति वा ड्राइडकुलाजर हो जसले मान्छेको शारीरिक र मानसिक स्वरूप विकसित र संयमित पार्न सहयोग गर्दछ ।”

-भैरव अर्याल

“छेडखानका साथै हाँसो उठाउने काम कुरो, हँसाउने र छेड-पेच हान्ने काम नै हास्यव्यङ्ग्य हो ।”

-बृहत् नेपाली शब्दकोश

“पद्यात्मक वा गद्यात्मक कृतिमा कुनै समयसीमाभित्रको विसङ्गति वा मूर्खताप्रति हँस्सी उडाउनु र कुनै व्यक्तिको उपेक्षापूर्ण उपहास गर्नु व्यङ्ग्य हो ।”

-अक्सफोर्ड डिक्स्नरी

“साहित्यिक विधाका रूपमा हास्यास्पद अभिव्यक्ति दिनु, सामान्य ढङ्गले खिल्ली उडाउनु र क्षोभ प्रकट गर्नु व्यङ्ग्य हो । त्यसमा हास्य अनिवार्य रूपमा रहेको हुन्छ । हास्यहीन व्यङ्ग्य गाली गलौजका तहमा ओर्लन्छ ।”

-इन्साइक्लोपेडिया ब्रिटानिका

“व्यङ्ग्यकारले सामाजिक मर्यादाको सुरक्षाका क्रममा न्यायाधीशको काम गर्दछ । व्यङ्ग्यले मान्छेलाई बौद्धिक र सामाजिक क्षेत्रमा निख्खर तुल्याउँछ ।”

-सदरल्यान्ड

यसरी हास्यव्यङ्ग्य धार्मिक, सांस्कृतिक राजनीतिक, सामाजिक एवम् प्रशासनिक विकृति र विसङ्गतिप्रति मन्द मुस्कानका साथ पेचिलो व्यङ्ग्य प्रहार गरेर सामाजिक न्याय प्रदान गराउने उद्देश्यका साथ सृजित साहित्यिक विधा विशेष तत्त्व हो भन्ने कुरा माथिका उल्लेखनबाट पुष्टि हुन्छ ।

“हास्यको उद्देश्य विशुद्ध मनोरञ्जन गर्नु हो जब कि व्यङ्ग्यको उद्देश्य हाँसोद्वारा दण्ड दिनु हो । हास्यमा भावतत्त्व प्रमुख हुन्छ र व्यङ्ग्यमा बुद्धितत्त्व । हास्यकार असङ्गतिहरूको चित्रणमा रस लिन्छ । व्यङ्ग्यकार विद्रोहलाई वाणी दिन्छ ।” (लुइँटेल, ०६५ : १५)

यसरी हास्य र व्यङ्ग्य दुबैको समूचित समन्वय भएको रचना उत्कृष्ट हास्यव्यङ्ग्य रचनाको कोटिमा पर्न आउँछ ।

## २.६ हास्य र व्यङ्ग्यबीच भिन्नता

हास्यव्यङ्ग्यको सैद्धान्तिक अवधारणा अध्ययन र विवेचना गर्दा पाश्चात्य एवम् पूर्वीय मान्यताअनुरूप यी दुईबीच केही खास अन्तर पनि देखा पर्दछन् ।

हास्य र व्यङ्ग्यबीच अन्तर देखाउँदै प्रसिद्ध विद्वान् हब्स भन्छन् -"हाम्रो मनमा अरूका अपेक्षा आफ्नो श्रेष्ठताप्रति ध्यान जान्छ र यस प्रकारको क्षणिक अहङ्कारले हास्य उत्पन्न हुन्छ ।" यसबाट के प्रस्ट हुन्छ भने मान्छे आत्मरतिप्रिय प्राणी भएकाले अरूका कमजोरी र आफ्ना उच्चतालाई बढी प्राथमिकता दिने प्रवृत्ति हुन्छ । व्यङ्ग्यकार नैतिकताको पक्षपाती हुने कारण प्रत्येक असामाजिक तत्त्वलाई घृणा गर्ने दृष्टिकोणबाट सृजनासँगै आफूमा उच्च नैतिकताको बोध गर्दछ । यसर्थ यी दुईबीच केही समानता र हेर्ने दृष्टिकोणबाट केही प्रमुख भिन्नता पनि भएको पुष्टि हुन्छ ।

यी दुई पक्षबीचको भिन्नताको स्वरूप यसरी निर्धारण गर्न सकिन्छ :-
हास्य सहानुभूतिपूर्ण ढङ्गले उडाउँछ तर व्यङ्ग्यकारले आफ्नो उद्देश्यअनुरूप हाँसोद्वारा दण्ड दिन्छ ।

हाँसोको उद्देश्य विशुद्ध मनोरञ्जन गर्नु हो । तर व्यङ्ग्यको उद्देश्य सुधार गर्नु हो । (लुइँटेल, ०६५ : २२)

व्यङ्ग्यकारले हरेक प्रकारका विकृतिलाई गम्भीरतापूर्वक, एकदम निर्ममतापूर्वक पर्दाफास गर्दछ र समाजले पनि त्यस्ता व्यक्तिहरूको भर्त्सना गरोस् भन्ने अपेक्षा गर्छ तर हास्यकार त्यस प्रकारको विकृतिको वर्णन गरेर सन्तोष लिन्छ ।

हास्यको स्रष्टा असामाजिक तत्त्वलाई नैतिकताका दृष्टिले हेर्दैन त्यसकारण उसको नैतिक पक्षसँग सरोकार नरहने मात्र हैन केवल सामाजिक विकृतिप्रति हाँसेर हिँडिदिन्छ तर व्यङ्ग्यकार तबसम्म सन्तोषको सास फेर्दैन जबसम्म विकृति र विसङ्गतिमा शुद्धता वा सङ्गति स्थापित हुँदैन, न त त्यस्तो विकृति र विसङ्गति ल्याउनेलाई दण्ड नै दिइन्छ ।

हास्यस्रष्टा असङ्गतिको चित्रणमा रस लिन्छ । तर व्यङ्ग्यकार विद्रोहलाई वाणी दिन्छ । (लुइँटेल,पूर्ववत् : २२)

माथिका प्रसङ्गबाट के कुरा पत्ता लाग्यो भने हास्य र व्यङ्ग्यबीचको समानतामा दुबै विसङ्गतिप्रति हाँस्छन् भने भिन्नताचाहिँ हास्यकार हाँसेर विश्राम लिन्छ तर व्यङ्ग्यकारचाहिँ हाँस्ने कारणहरूको निराकरणको उपाय पनि अन्वेषण गर्न थाल्छ । अर्थात् हास्यकार तटस्थ रहन्छ भने व्यङ्ग्यकार सहमति वा असहमतिको पक्ष पनि प्रकट गर्दछ । (पूर्ववत् : २२)

हास्य र व्यङ्ग्यका बीच भेद खोतल्दै अभिव्यक्त भएका केही स्मरणीय भनाइहरू अब यहाँ उल्लेख गरिन्छ :-

“विश्वको कल्याण त्यही व्यङ्ग्यकारमा निर्भर हुन्छ, जसले दोषलाई सहज भावना नलिई त्यसलाई पुनः उत्साहित हुन नसक्ने गरी समाप्त पार्ने किसिमले हाँसो उडाउँछ । व्यङ्ग्यकारको हाँसो कठोर हुन्छ, त्यसमा सरलता हुँदैन ।”

-अंग्रेजी नाटककार जर्ज बर्नार्ड स

“कमेडी (हास्य) ले जीवन तथा मानव प्रवृत्तिलाई सद्भावना तथा सहानुभूतिका साथ ग्रहण गर्दछ र कहिलेकाहीँ त्यसमा क्षोभको भाव पनि हुने गर्दछ तर पनि सदैव दृष्टिकोण उदार एवम् प्रेमपूर्ण रहन्छ । यसका विपरीत व्यङ्ग्यले विकृतिलाई नकार्दैन तथापि त्यसलाई विध्वंश गरेर छाड्छ । त्यसकारण व्यङ्ग्यकार यदि असामाजिक तत्त्वप्रति सहानुभूतिपूर्ण भाव राख्दछ भने उसको उद्देश्य सार्थक हुन सक्दैन ।”

-प्रो. पाट्स

“व्यङ्ग्य हास्यप्रधान नभएर कटुताप्रधान हुने भएकाले यसमा हास्यको मात्रा न्यून हुनाका साथै यसले गहिरो चोट पुऱ्याउँछ यसमा दया, करुणा, उदारता आदि मानवीय भावनाको अभाव हुन्छ । असामाजिक मानिसको खिल्ली उडाउनु मूलधर्म भएको व्यङ्ग्यको चोट युगकै विकृतिमा पर्दछ ।”

-पाश्चात्य विद्वान् ए निकोल

“हास्य र व्यङ्ग्यमा लगभग त्यही अन्तर छ, जुन अन्तर त्रासदी र कामदीमा पाइन्छ । त्रासदी महान् छ तर कामदी वा हास्य पनि कम महान् छैन ।” (गर्ग, १९७६ (ई.) : २८)

-पाश्चात्य व्यङ्ग्य विशेषज्ञ जर्ज माइनस

"वास्तवमा हास्य र व्यङ्ग्य एकै हैनन् । व्यङ्ग्यकार भावप्रधान हुँदा हास्यका क्षेत्रमा र हास्यकारको आलोचना प्रवृत्ति तीव्र हुँदा व्यङ्ग्यका क्षेत्रमा पुग्दछ । व्यङ्ग्यकार नैतिकताको ठेकेदार भएकोले समाजका फोहोर मैलाको सफाई गर्दछ र उसको काम सामाजिक विकृतिबाट उत्पन्न फोहोर मैला सफाई गर्नु हुन्छ । तर हास्यकारमा तटस्थता एवम् आलम्बनप्रति दया र करुणा हुन्छ ।"

-मेरिडिथ

व्यङ्ग्य एक विशिष्ट प्रेक्षण विधि वा विशिष्ट मानसिक भङ्गिमा हो । यसमा व्यक्ति अथवा व्यवस्था विशेषको नैतिक दौर्वल्यको अपेक्षात्मक व्याख्या हुन्छ । परिहासपूर्ण विडम्बनाको सृष्टि गरेर सुधारको मन्तव्य पूर्ण गरिन्छ । हास्य र व्यङ्ग्य परस्पर पूरक भए तापनि आपस्ततः पृथक छन् । हास्य जहाँ स्थूल र सतही हुन्छ, त्यहाँ व्यङ्ग्य सूक्ष्म र दूर्बोध्य हुन्छ । हास्य प्रसङ्गमा प्रायः भद्धा उद्गार र हलुका रसिकतापूर्ण मजाक दृष्टिगोचर हुन्छ । हास्य प्रसङ्गले यद्यपि वहिर्वार्ता कुतकुती र किञ्चित तुलबुलाह अवश्य उत्पन्न गराउँछ तर कुनै सूक्ष्म अन्तरदृष्टि वा बौद्धिक दृष्टिलाई उद्घाटित गर्दैन । व्यङ्ग्यमा अन्तरनिहित तीक्ष्णता र कुटताले व्यङ्ग्यलाई हास्यबाट पृथक गराउँछ । "...सहज भावोन्मेषपूर्ण हार्दिक धरातलमा हास्यको सृष्टि हुन्छ र सूक्ष्म नैतिक स्तरमा व्यङ्ग्य हुन्छ ।"

-हिन्दी साहित्यका समीक्षक डा. सूर्यप्रसाद दीक्षित

हास्य र व्यङ्ग्यबीचको अन्तरसम्बन्धमा नेपाली साहित्य समीक्षक, समालोचक विद्वान्हरूको मत यसप्रकार रहेको छ :-

"अवश्यै हास्य र व्यङ्ग्य शब्दमा छुट्टाछुट्टै निजी अर्थ छन् र साहित्यिक सन्दर्भमा पनि यिनको स्वतन्त्र निजत्व देखिन्छ । विशुद्ध हास्यको महत्त्व अवश्यै छ, शरीरदेखि मनसम्म कुत्कुत्याउने निर्दोष मनोरञ्जन (तनावबाट मुक्ति) यसको प्राप्ति हो । यो रूप कतिपय परिहास र चुट्किला आदिका माध्यमबाट स्वतन्त्र ढङ्गले प्रकटिएको पनि छ । तर त्यहाँ व्यङ्ग्य र (सामान्य र विशिष्ट दुवै अर्थ) को न्यूनतम् आभास छैन भन्न नसकिएला । त्यस्तै व्यङ्ग्य हुँदा पनि स्वतन्त्र हुन खोज्ला, तर त्यो हास्यबाट पूरै पृथक शायद हुन नसक्ला । प्राधान्यका हिसाबले चाहिँ हास्य पुनः अन्तर्निहित व्यङ्ग्य वा व्यङ्ग्य पुनः अन्तर्निहित हास्यको विकास सम्भाव्य देखिन्छ । तर फेरि

प्रश्न उठी नै हाल्छ हास्य-व्यङ्ग्यको संयुक्त शक्ति जति होला त्यति सायद सम्बन्धविच्छेदित हास्य वा व्यङ्ग्य एक्लैमा नहोला ।" (त्रिपाठी, २०३५ : ३३-३४)/(लुइँटेल, पूर्ववत् : २४)

"हास्य र व्यङ्ग्यमा खास भेदकता के छ भने हास्य भनेको मानवीय विकृतिबाट हाँसो उमार्नु हो र व्यङ्ग्य भनेको मानवीय दुर्वलताको लेदो काढ्नु हो ।"

-वरिष्ठ समालोचक एवम् व्यङ्ग्यकार मोहनराज शर्मा

"हास्यले व्यङ्ग्य बोकेको हुन सक्छ, जस्तो गद्यले कविताात्मक अभिव्यञ्जन दिन सक्छ । यसोभन्दा पद्यको विधागत पृथकतालाईभन्दा पनि स्वभावगत गुणलाई मानेको बुझिन्छ । यस्तै हास्यभित्र व्यङ्ग्य हुन्छ चाहे हल्का किसिमको होस् वा गहिरो, तर जुन विपरीतताको लाक्षणिक स्थिति छ यसलाई नकारेर हास्य जीवित रहन सक्दैन । यसकारण हास्य भन्नासाथ व्यङ्ग्यलाई पनि भनिएको ठानिदिनाले हास्य र व्यङ्ग्यबारे स्पष्ट विभाजन नभएर हैन, सहोदर हुनाले हो । हास्यविना व्यङ्ग्यको महत्त्व घट्दैन । बरु व्यङ्ग्यविना हास्यको व्यवहार नचल्ने भएको तथ्य नेपालीहरूमा पाइन्छ ।" (पूर्ववत्)

-समालोचक कृष्णचन्द्रसिंह प्रधान

यसरी हेर्दा हास्य र व्यङ्ग्यको अलग विशिष्ट अर्थ रहेको कुरा प्रष्ट हुन्छ । जुनसुकै पनि हास्यमा व्यङ्ग्यको मात्रा केही न केही रहेको हुने कुरा स्वतः सिद्ध हुन आउँछ । पूर्व र पश्चिमका विद्वान्हरूका उपर्युक्त कथनहरूले पनि के देखाउँछन् भने हास्य र व्यङ्ग्यकाबीच प्रशस्त अन्तर र प्रशस्त सामिप्यता रहेका छन् । हास्य र व्यङ्ग्य पृथक-पृथक हुन् र यो पार्थक्य यी दुईको बीचमा रहने प्रयोजनको अन्तरले नै हुन गएको हो । हास्य विशुद्ध मनोरञ्जन गराएर मानवलाई सारा तनाउबाट मुक्त बनाउने उद्देश्यले अघि बढ्छ भने व्यङ्ग्य विसङ्गतिको बोध गराएर मानवलाई सङ्गति वा सुधारको निमित्त अप्रत्यक्ष व्यञ्जना प्रस्तुत गर्दै टुङ्गिन्छ । (पूर्ववत् : २४,२५)

पाश्चात्य चिन्तक हास्यबाटै व्यङ्ग्य परिमार्जित एवम् विकसित भएर आएको मान्दछन् भने पूर्वीय आचार्यहरू व्यङ्ग्य वा व्यङ्ग्यार्थलाई काव्यको आत्माको रूपमा चित्रण गर्दछन् । यसरी पाश्चात्यसाहित्यशास्त्रीहरू हास्यकै एक भेदका रूपमा व्यङ्ग्यलाई मान्दछन् । उनीहरूले यी दुईबीच प्रशस्त अन्तर देखाउँदै हास्य र व्यङ्ग्यका अभिलक्षणहरू देखाउँने प्रयास गरेका छन् । पूर्वीय चिन्तकहरूचाहिँ हास्यलाई रस विशेषका व्याख्या विवेचना गर्दै तर हास्य चिन्तनका

सन्दर्भमा व्यङ्ग्यका बारे मौन देखिन्छन्, साथै व्यङ्ग्य र व्यङ्ग्यार्थका बारेको चर्चाका क्रममा हास्यका बारे पूर्णतः मौन देखिन्छन् ।

यसरी मूलत : पाश्चात्य साहित्यमा हास्यका सन्दर्भमा व्यङ्ग्य र व्यङ्ग्यका सन्दर्भमा हास्यका चिन्तन भएका छन् भने पूर्वीय साहित्यमा भने त्यस्तो पाइँदैन । पूर्वीय साहित्यशास्त्रीहरू हास्य चिन्तनसँग व्यङ्ग्यलाई जोड्दैनन् र व्यङ्ग्यचिन्तनका क्रममा हास्यको उल्लेखै गर्दैनन् । यिनै दुईखाले दृष्टिकोण आजभोलिका साहित्य समीक्षकहरूमा पनि विकसित भएको पाइन्छ । (लुइँटेल, पूर्ववत् : २५)

हास्यव्यङ्ग्यलाई संयुक्तरूपमा हेर्ने वा अलग-अलग रूपमा हेर्ने भन्ने सन्दर्भमा नेपाली समीक्षक, समालोचकहरूमा मतैक्य देखिँदैन । हास्य र व्यङ्ग्य एकै साथ रहँदा सुनमा सुगन्ध हुन्छ तर यी ज्यादा फरक-फरकै रहन्छन् भन्ने दृष्टिकोण मोहनराज शर्माको एकातिर देखिन्छ भने अर्कोतिर कृष्णचन्द्रसिंह प्रधानचाहिँ हास्य र व्यङ्ग्य संयुक्त रहेको दृष्टिकोण राख्दछन् । वासुदेव त्रिपाठीचाहिँ हास्यव्यङ्ग्यले एकसाथ तीन तात्पर्य वहन गर्ने बताउँछन् । उनी पनि संयुक्ततामै जोड दिन्छन् :-

(१) भावविशेष (हास्य)

(२) छेडपेच

(३) व्यञ्जनकला

पाश्चात्य मतमा पनि हास्य प्रयोजनमूलक कटु र आक्रामक बन्न पुगेमा व्यङ्ग्य हुने र हास्य विकृतिजन्य भएमा व्यङ्ग्य विसङ्गतिजन्य हुने देखिन्छ ।

यसरी हेर्दा पूर्वीय चिन्तनअनुरूप व्यङ्ग्य सामान्य छेडपेच वा घोचपेचमात्र नभई व्यञ्जनाशक्तिद्वारा व्यञ्जित हुने विशिष्ट अर्थ वा व्यङ्ग्यार्थ हो । यो शैलीगत सौन्दर्यमात्र नभई भावगत वा अर्थगत सौन्दर्यसमेत हो । पश्चिमी मतले पनि व्यङ्ग्यले केवल शब्द क्रिडामा मात्र व्यङ्ग्य नभई त्यसले प्रदान गर्ने अर्थमा समेत चोटिलोपना सङ्केत गरेको छ । (पूर्ववत् : २६)

त्यसकारण हास्यको मूल उद्देश्य विशुद्ध मनोञ्जन वा तनावबाट मुक्ति हो भने व्यङ्ग्यको प्रयोजन मानवीय विसङ्गतिको उछितो काढ्दै समाज सुधार गर्नु हो । तसर्थ कठोर भए तापनि व्यङ्ग्य स्वयंमा निकै शक्तिशाली छ ।

जेहोस् स्वरूपगत वा शैलीगत विशेषतामा आधारित हास्य र व्यङ्ग्यलाई संयुक्तकै रूपमा साहित्यमा समाविष्ट गर्न सकेमा प्रभावशाली हास्यव्यङ्ग्य रचना हुन सक्ने देखिन्छ । पछिल्ला हास्यव्यङ्ग्य सर्जकहरूले यो यथार्थलाई बोध गरी वा नगरी सृजना कर्ममा संयुक्त स्वरूपलाई अघि बढाउने कोशिस गरिरहेका छन् । विशेष गरी भैरव अर्याल यस मानेमा सफल देखिन्छन् ।

**२.७ हास्यन्यङ्ग्यका तत्त्वहरू**

हास्यव्यङ्ग्य एउटा कलात्मक अभिव्यक्ति हो । कलाको आफ्नो एउटा पूर्ण स्वरूप ग्रहण गर्न केही आधारभूत आवश्यकता पूरा गर्नुपर्ने हुन्छ । हास्यव्यङ्ग्यलाई पूर्णता दिन भाषिक रूप र चित्रकला सहायक हुन्छन् । कुनै पनि कला शून्यमा सृजित हुँदैन र त्यसका लागि आफ्नै भौतिक वातावरण, प्रक्रिया उद्देश्य, विद्यमान हुन अपरिहार्य छ ।

अर्को अर्थमा यथार्थ र आदेशको बीच उत्पन्न खाडल नै हास्यव्यङ्ग्य सृजनाको जग हो । अर्थात् जे हुनुपर्ने र जस्तो भइरहेको छ वा भविष्यत्कालीन र वर्तमानबीच पाइने अन्तरविरोध नै हास्यव्यङ्ग्यको मूल चुरो हो । विसङ्गति र विकृति हास्यव्यङ्ग्य सृजनाका महत्त्वपूर्ण स्रोत हुन् । जननी हुन् ।

हास्यव्यङ्ग्यका तत्त्वहरूलाई मूलत : दुई तहमा विभक्त गर्न सकिन्छ :-

(१) आन्तरिक तत्त्व

(२) बाह्य तत्त्व

विसङ्गति बोध गर्न सक्ने लेखकीय तथा पाठकीय संवेदना आन्तरिक तत्त्व र यहाँ विसङ्गति बोध गर्न सक्ने क्षमता संवेदना हो भन्नाले हुनुपर्ने कुरा भइरहेको छ कि नहुनुपर्ने कुरा भइरहेको छ भनेर अन्तर्दृष्टिद्वारा पर्गेल्न सक्ने क्षमता बुझिन्छ । योविना हास्यव्यङ्ग्य सृजना हुन सक्तैन । कुनै पनि रोगीको औषधि, उपचार गर्न रोगको निदान हुनुपर्छ । अर्थात् मानवताको अग्रगतिमा वा परिवर्तनमा कहाँनिर बाधा विरोध वा गाह्रो छ भन्ने कुरा पर्याप्त जानकारीको प्राप्ति पछिमात्र दोषयुक्त क्षेत्रमा हाँसोको पर्रासँगै व्यङ्ग्यको झट्का दिन सकिन्छ ।

त्यसकारण यो विल्कूल दृष्टिकोणसँग सम्बन्धित कुरा हो । (लुइँटेल, २०६५ : ३२) अपार माया, समर्पण गरेको भान पारी हाँसोको व्यवस्थापनमा व्यङ्ग्यको तातो भुतभुते खन्याउनुपर्ने भन्ने कुराको उपयुक्त समय र मौकाको निर्धारण दृष्टिकोणले गर्दछ ।

यथार्थमा हास्यव्यङ्ग्य विद्यमान विसङ्गतिप्रति अस्वीकृति वा विरोध वा विद्रोह वा असहमति हो । व्यभिचार, अधर्म, भ्रष्टाचार, काला कर्तुत, भ्रमको खेती, अकर्मण्यता, अनिर्णयको बन्दी, ढीलासुस्ती, नौटङ्की, अमानवीयता, झुटको खेती, बोली र व्यवहारमा आकाश-पाताल, लोभीपन, सत्ता लुछाचुँडी, गैरजिम्मेवारपन, गैरकानुनी कदम, निरङ्कुशता, स्यालहुइँयापन, जङ्गलीपन, बर्बर राक्षसीपन, मानवताको खोलमा दानवताको प्रदर्शन आदि अपराधमा भीषण आक्रमण र नीति, नियम, कानुन सदाचार, परिवर्तन, विकास, जिम्मेवार, बोली र व्यवहारमा समानता, अनुशासन, इमान्दारिता र समर्पणयुक्त जीवनको पक्षमा वकालत गर्ने हास्यव्यङ्ग्यको आवश्यक बाह्यतत्त्व भनेको विङ्गति नै हो ।

यसरी गम्भीर मूल औचित्यमाथि अनौचित्यको प्रभाव, रमताको भावमा विषमताको निहनता, सिलसिलामा वा सिलसिलाको प्रभाव, सत्यतामा असत्यताको अतिक्रमण आदि विसङ्गतिलाई व्यङग्यकारले आफ्ना अन्तरचक्षुले अवलोकन गर्दै सार्वजनिकरूपमा भण्डाफोर गर्दछ । यस्ता सामाजिक विसङ्गतिले सचेत व्यङ्ग्यकारको दिमागमा आक्रोस र घृणाको तबेला बजाइदिएपछि व्यङ्ग्य कलाका माध्यमबाट विशिष्ट साहित्य अभिव्यक्त भई देखा पर्दछ ।

हास्यका सन्दर्भमा ३ तत्त्व विद्यमान रहने (बाह्यकारणबाट) भन्ने राजेन्द्र सुवेदी र हीरामणि शर्माले आफ्नो **नेपाली हास्यव्यङ्ग्य निबन्ध** शीर्षकको किताबमा उल्लेख गर्नुभएको छ । जसअनुसार :-

**(१) आकस्मिक वा अप्रत्याशित रूपमा जन्मने हास्य (प्राकृतिक प्रताडनाबाट जन्मिने हाँसो)**

चिप्लिएर लड्दा दर्शकमा जन्मिने हाँसो अप्रत्याशित अवस्थाजनित हाँसो हो । यो सहानुभूतिमा गएर टुङ्गिन्छ । प्राकृतिक प्रवञ्चनाबाट मान्छेमा गलगाँड आएको वा अन्धो, खोरन्डो भएको असहज परिरस्थितिबाट जन्मिने हाँसो तर दर्शक विचरा भनी दया र सहानुभूतिसहित हाँस्छ अर्थात् मान्छेका स्वाभाविक आचरण, हिँडाइ, बोलाइ, चलाइ आदिका गतिमा कुनै गडबडी पैदा हुनासाथ आकस्मिक रूपमा हाँसो, आविर्भाव हुन्छ । (सुवेदी, २०५१ : ञ)

**(२) अज्ञात आलम्बनमा आश्रित भई जन्मिने हास्य**

आलम्बन अज्ञात अवस्थामा रहेपनि हास्य प्रादुर्भाव हुन्छ । कतै अनविज्ञताभित्र मात्र आफू अरूको हास्यको आलम्बन पनि भइरहेको हुन सक्छ । महाभारतमा पाण्डवहरूको सभामण्डपमा हिँड्दा दुर्योधन पानी र भुइँको भ्रममा हिँड्दा विसङ्गत भई हाँसोको पात्र बनेको छ । यो खास व्यक्ति विशेषमा हाँसिने र त्यो प्रयोजनपरक हुनसक्ने भए तापनि कतै सहानुभूति त कतै प्रतिशोध हुने र व्यङ्ग्य मिश्रित हुने विशेषता यसले बोकेको हुन्छ। (सुवेदी/शर्मा, पूर्ववत् : ञ र ट)

**(३) सुनियोजित अवस्थामा जन्मिने हास्य**

यो हास्य जन्माउने तेस्रो कारण हो । जानिबुझीकन हँसाउने र त्यसकै माध्यमबाट व्यङ्ग्यको परिस्थिति जन्माउने हाँसो व्यङ्ग्यपूर्ण हाँसो हो । यसमा रहेको योजना सधैँ आक्षेप गर्ने गरी बनाइन्छ । कतै व्यङ्ग्य वा क्यारिकेचरका रूपमा हुन सक्दछन् । जे होस् कुचोलाई ब्रस बनाई साबुन लगाउने वा बञ्चरोलाई छुरा मानी दाह्री खौरने दुस्साहस गर्ने हो भने त्यसबाट हाँसो निस्की प्रयोजनमूलक हुन्छ वा व्यङ्ग्य बन्छ भन्ने प्रष्ट हुन्छ ।

यसरी व्यङ्ग्यमार्फत हास्य आए पनि त्यो केवल व्यङ्ग्यको पूरक (सुगर कोटेक) रूपमा मात्र आएको मानिन्छ । (पूर्ववत् : ठ)

**(१) सामाजिक विसङ्गति**

नरनाथ लुइँटेलद्वारा सम्पादित **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध** शीर्षकको किताबमा लुइँटेलले हास्यव्यङ्ग्यको आन्तरिक र बाह्यतत्त्वमध्ये मुख्य गरी आन्तरिक वा अन्तरतत्त्वमा संवेदना र वाह्यतत्त्वमा विसङ्गतिलाई विशेष जोड दिएका छन् ।

लुइँटेलले विसङ्गतिलाई सूत्रबद्ध रूपमा यसरी विभाजन गरेका छन् :-

(१) **सामाजिक विसङ्गति** : सामाजिक संरचना, उपस्थित जातजाति, आचार, व्यवहार, वर्गवर्गबीचको शोषण, उत्पीडन, होची-अर्घेली, उचनिच, रहनसहन आदिमा अन्तर्निहित विसङ्गति सामाजिक विसङ्गति हो । (लुइँटेल, ०६५ : ३३)

(२) **राजनीतिक विसङ्गति** : राज्यसञ्चालनको मेरुदण्ड राजनीतिमा कुर्सीका लागि हुने घृणित खेल, उचाल-पछार, असरवाद, साम-दाम दण्ड-भेदको नीति, हत्या, षड्यन्त्र, झुट आदि विसङ्गति हास्यव्यङ्ग्यका लागि बलिया खुराक बन्दछन् ।

**(३) आर्थिक विसङ्गति** : राज्य सञ्चालनको दोस्रो मेरुदण्ड अर्थतन्त्रबाट हुने धनी र गरीबबीचको भेदभाव, शोषण विभिन्न लोभ, पपञ्च, ठगी, असङ्गत पक्षहरू हास्यव्यङ्ग्यका विषयवस्तु हुन्छन् ।

**(४) प्रशासनिक विसङ्गति** : राज्ययन्त्रका प्रशासनिक संयन्त्रहरू ठीकठीक ढङ्गले सञ्चालन नहुँदा जन्मिने विकृति, विसङ्गति, भ्रष्टाचार, ढीलासुस्ती, पक्षपात आदिले अपाङ्ग र दारुण बनेको प्रशासनमा हास्यव्यङ्ग्यको तातो सासले कवाफ उडाउनुको मज्जै अर्को हुन्छ ।

**(५) धार्मिक तथा साँस्कृतिक विसङ्गति** : विभिन्न धर्म, मत वा सम्प्रदायका मानिसहरू बसोबास गर्ने देशमा धर्मको खोल ओढेर गरिने पाखण्ड र ढर्रारूपी व्यवहार हो । जुन समाजमा विकृतिका रूपमा रहन्छन् । तिनलाई सार्वजनिक सिस्नोपानी लगाई उछितो काढ्ने काम हास्यव्यङ्ग्यले गर्दछ ।

**(६) मानवीय विसङ्गति** : सामाजिक प्राणी मान्छेका नीति,  आचरण स्वभाव आदिमा आउने विसङ्गत रूपले समाजमा असर पर्दछ । यस्ता कुप्रवृत्तिले समाजलाई अधो गतितिर धकेल्ने हुँदा त्यस्ता विकृतिलाई नाङ्गेझार पार्न  केवल हास्यव्यङ्ग्यले सक्दछ ।

यसरी हेर्दा हास्यव्यङ्ग्य यस्तै विसङ्गतिका सेरोफेरोमा अघि बढिरहन्छ । हास्यव्यङ्ग्यले हास्य, व्यङ्ग्य, वक्रोक्ति, वाग्वैदग्ध्य, प्यारोडी, प्रहसन, अतिरञ्जन, हाँसो, ठट्टा र कतिपय स्थितिमा त गालीगलौज र निन्दा तथा आक्षेपजस्ता विभिन्न उपकरणमार्फत् विसङ्गतिका विरुद्ध आक्रमण गरिरहेको हुन्छ । यसले पनि विसङ्गति नै हास्यव्यङ्ग्यको सर्वप्रमुख र मूल तत्त्व हो । त्यसैगरी अन्तरतत्त्वका रूपमा अन्तरदृष्टि र बाह्य रूपमा विसङ्गति प्रमुखरूपमा आउँछन् ।

## २.८ हास्यव्यङ्ग्य अभिव्यक्तिको माध्यम

यसको उपस्थिति अन्तरविधात्मक रहँदै आएको छ । एउटा कुशल स्रष्टाले साहित्यको कुनै पनि विधालाई माध्यम बनाई हास्यव्यङ्ग्य सृजना गर्न सक्छ । एउटा खास विधाको बन्धन पूर्व पश्चिम कतै पनि छैन । कविता, कथा, निबन्ध, नाटक जेमा मन लाग्यो त्यसकै माध्यम बनाई रचना गर्न सकिन्छ। जुनसुकै विधा पनि हास्यव्यङ्ग्यका निम्ति सहज मानिन्छ। (लुइँटेल, ०६५ : ३५) वर्तमान नेपाली हास्यव्यङ्ग्य निबन्ध विधामा मौलाएकाले कतिपय व्यक्तिहरू हास्यव्यङ्ग्य अभिव्यक्तिको माध्यम निबन्ध विधामात्रै हो भन्ने भ्रममा समेत परेको पाइन्छ । (पूर्ववत्) तर व्यङ्ग्य कुनै एक विधाको पेवा हैन बरु सबै विधाको टेवा हो ।

यस सम्बन्धमा यी दुई भनाइ उल्लेखनीय छन् :-

"व्यङ्ग्यको सेरोफेरो गद्य र पद्य दुबै भएकाले यसलाई कुनै एक मुद्रामा खाँदेर सिलबन्दी गर्नु हितकर नहोला ।"

-मोहनराज शर्मा

"जुनसुकै विधाभित्र पनि व्यङ्ग्यको प्रखरता र तीव्रतामा रूपभेदले कमी आउँदैन ।"

-नरनाथ लुइँटेल

हास्यव्यङ्ग्यको सर्वव्यापकतालाई वरिष्ठ हास्यव्यङ्यकार रामकुमार पाँडे भन्छन् - "यो साहित्यका सबै विधामा जन्मन सक्छ, कथा, निबन्ध हुन सक्दैन र निबन्ध पनि कविता हुन सक्दैन । तर हास्यव्यङ्ग्य कथा, कविता, काव्य, निबन्ध, नाटक, उपन्यास सबै हुनसक्छ । सबै रसमा हास्य भिज्न सक्छ । रौद्र रस, श्रृङ्गार रस हुन सक्दैन न त वीर रस करुण नै हुनसक्छ । तर हास्य रस, रौद्र, श्रृङ्गार, वीर, अद्भूत र करुण  सबैमा उत्पन्न हुनसक्छ । यो रस बाल बृद्ध, वनिता सबैलाई पच्ने, सबैलाई रुच्ने भएकाले साहित्यमा यसको अस्तित्व र महत्त्व छुट्टै छ । यसको सत्ता र महत्ता विविधताबाट पत्ता पाइन्छ । (लुइँटेल, पूर्ववत् : ३५)

यसरी हेर्दा हास्यव्यङ्ग्यका अभिव्यक्तका माध्यमहरू अपरिमित देखिन्छन् । साहित्यमा स्थापित विधादेखि विषयगत व्याप्तिसँगै, शब्दचित्र, श्रव्यदृश्यका माध्यमहरूसम्म हास्यव्यङ्ग्य एकाकार गरी अघि बढिरहेको छ । उखान, चुट्का, टुक्का, भाषण, चिठी-पत्र, राशिफल, पूराकथा आदिदेखि लिएर बद्लिदो परिस्थिति र परिवेशअनुसार हास्यव्यङ्ग्य अभिव्यक्तिका माध्यमहरू परिवर्तित र पारिमार्जित हुँदै नयाँ-नयाँ प्रयोगतर्फ विस्तारित हुँदै गएको छ ।

यसरी हास्यव्यङ्ग्य स्टपन्युज नाटकदेखि सार्त्रका कथासम्म छाएर योविना नुन नहालेको तरकारीको रूपमा प्रत्येक विधा, रचना हुने परिस्थितिसम्म आइपुगेकाले लोकप्रिय रहेकोमा दुई मत छैन ।

# परिच्छेद - तीन

## ३. नेपाली हास्यव्यङ्ग्यको इतिहास

### ३.१ नेपाली हास्यव्यङ्ग्यको विकासक्रम

नेपाली हास्यव्यङ्ग्यको चर्चा गर्दा नेपाली भाषाको इतिहास जतिकै हास्यव्यङ्ग्य परम्परा पुरानो छ । नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गअन्तर्गत संस्कृत प्राकृत हुँदै खस अपभ्रंसबाट विकसित भएको भाषा हो । नेपाली भाषा आधुनिक आर्यभाषासरह आनुवंशिक रूपमा संस्कृतको उत्तराधिकारी हो । अर्थात् नेपाली भाषा संस्कृत जत्तिकै वैभवशाली छ भन्दा फरक पर्दैन । नेपाली भाषामा संस्कृतसहितको सम्पूर्ण गुण सन्निहित छ । नेपाली भाषाको जननी संस्कृत भाषा हो भन्ने आधारमा प्रशस्त अनुसन्धान, खोज रहेका छन् ।

हास्यव्यङ्ग्यको चर्चा गर्दा संस्कृतबाट हास्यव्यङ्ग्यमा पनि प्रत्यक्ष प्रभाव परेको छ । तर यहाँ के कुरा भुल्नु हुन्न भने नेपाली भाषामा संस्कृतको मात्र प्रभाव नपरी अंग्रेजी, हिन्दीजस्ता आगन्तुक र मैथिली, नेवारीजस्ता राष्ट्रभाषा (हालको अन्तरिम संविधान, ०६३ को भाग १ को धारा ५) को पनि प्रभाव परेको देखिन्छ । यस आधारमा नेपाली भाषालाई प्रभावका आधारमा साहित्यिक खिचडीको संज्ञा दिनु वेस हुन्छ । (पौड्याल, २०५८:११, यसैगरी व्यङ्ग्यको अध्ययन परम्परामा संस्कृत+हिन्दी+ अङ्ग्रेजी गरी नेपाली हास्यव्यङ्ग्य बन्छ (पूर्ववत्) ।

आधुनिक भाषाको रूपमा नेपाली भाषाको अभ्युदय विक्रमको एघारौँ शताब्दीमा भएको हो भन्ने विभिन्न तथ्य फेला पर्दछन् । परम्परागत एवम् युगीन सन्दर्भका रूपमा नेपाली भाषामा हास्य र व्यङ्ग्यका चेतहरू आरम्भदेखि नै व्यक्त भएको देखिन्छ । नेपाली भाषा विक्रमको एघारौं शताब्दीदेखि अभिव्यक्तिको माध्यम बन्दै लोकसाहित्यको श्रुतिपरम्परामार्फत् मौखिक रूप हुँदै हास्यरसको न्युनाधिक प्रयोग र व्यङ्ग्यको छिटफुट प्रयोग समेट्दै अघि बढेको पाइन्छ । तर नेपाली भाषाको शिष्ट साहित्यिकक्रम भने वि.सं. १८०१ देखि आरम्भ भएको हो । यसपश्चात् लिखित शिष्ट सहित्यका परम्परामा हास्यव्यङ्ग्य न्युनाधिक प्रयोग हुँदै अघि बढ्ने क्रममा शिष्ट लिखित साहित्यको आधुनिककालमा हास्यव्यङ्ग्य सचेतना र वृद्धिविकासको क्रम व्यापक बन्दै गएको नेपाली साहित्यको इतिहास बताउँछ ।

परापूर्व कालदेखि विसङ्गत स्थितिमाथि हाँसो उडाउँदै व्यङ्ग्य गर्ने परिपाटी, प्रचलन नेपाली संस्कृतिको एउटा पाटो बनेर आएको छ । एक आपसमा हाँसो, ठट्टा, छेडपेच, घोचघाच हान्दै रमाइलो गर्ने नेपालीको आफ्नै भौतिक परम्परामा हास्यव्यङ्ग्य गोठालो जाँदा होस् वा मेलापात वा जन्त वा मलामी, व्रतबन्ध वा चाडपर्व वा अन्य त्यस्तै अवसरहरूमा  हाँसो र व्यङ्ग्यरूपी मसला लिएर प्रस्तुत हुने आफ्नै शैली छ । बोली, व्यवहार, जात-जाति, लोकगीत, सिलोक, उखान, टुक्काहरू उनेर विवाह आदिमा नाचगान र रमाइलो गरिन्छ । यसक्रममा मानवरूपी पुर्सुङ्गेहरूबाट गम्भीर अवस्थामा पेट मिचीमिची हाँस्न बाध्य पार्ने धेरै जात्रा, गाईजात्राहरू, सामाजिक, सांस्कृतिक, व्यवहारहरू, मानवीय प्रवृत्तिहरू सहयोगी बन्दै आएको पाइन्छ । ग्रामीण क्षेत्रदेखि सहरसम्म तिज आदि अवसरमा सासु र बुहारीका दोहोरीहरू, सत्ताधारीका दोहोरीहरू एवम् रत्यौलीमा नक्कली जुँगा लाएर महिलाहरू हास्यव्यङ्ग्यको सटिक प्रस्तुति गर्दछन् । रोपाइँमा हिलोमा खेल्दै यौनको प्रतीक बनाएर बीउ रोपेको, खलोमा दाइँ गर्दा मकै, धान गोड्दा, पूजाआजामा र नवविवाहितलाई ठट्यौली गर्ने परम्परा छ । माइत आएकी चेलीलाई उनका सङ्गिनी जिस्काउँछन् - “मोरी तँलाई त के निन्द्रा लाग्यो होला र !” (लुइँटेल, २०६५: ३९) जस्ता नमुनाहरूले नेपाली समाज र जीवन यस्तै छेडखान, ठट्टा रमाइलोमा रहेको छ, रमाएको छ ।

हास्यव्यङ्ग्यलाई वार्षिक पर्वको रूपमा उजागर गर्ने प्रत्येक वर्ष भाद्र कृष्णप्रतिपदाको दिन पर्ने ‘गाईजात्रा’ एक महान् दिन हो । काठमाडौँ उपत्यका र बाहिर पनि यो धूमधामसहित मनाइन्छ । यस पर्वको विशेषता भनेको वर्षभरि भएका सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक आदि विसङ्गतिको उछितो काढेर समाजलाई सत्मार्गमा लान सुनौलो अभ्यास हुँदै आएको पाइन्छ ।

गाईको चित्राङ्कित मुकुण्डो, भाङ्ग्राको टोपी, पेरुङ्गाको पगेरी, खुर्सानीको माला, रागपाटे गाला बनाएर मानिस सडकमा निस्किएर कोही, जोगी, कोही रोगी, कोही बौलाहा, गाई र कतै मान्छे गाईसरी डोहोरिँदै निस्केर बढी मान्छे नै हाँस्छ । प्रताप मल्लले आफ्नो दिवङ्गत छोराको शोकमा परेकी रानीलाई सान्त्वना दिन यो चलन चलाएपछि आज यसले नेपाली समाजका विकृतिको भण्डाफोर गरी मार्गदर्शन गर्ने सुनौलो परम्परा धानिरहेको छ ।

चोक र डवलीमा हाँसो पोखेर यो पर्व बेतालको गीत, शुद्ध काठको झ्याली, फेद न टुप्पाको भाषण आदि अनेकन उट्पट्याङ उल्टा, जोकर र नेताहरूमा व्यङ्ग्य चित्र, पत्रिका आदिले समाजका हरेक कुनामा आक्रमण गर्छन् । यसले यसप्रकार असङ्गतिलाई हाँस्ने र खराबीलाई जरैदेखि मास्ने गम्भीर प्रयाससमेत चलाउँदै आएको पाइन्छ । (लुइँटेल, (सम्पा.), पूर्ववत् : ३९) साँच्चै नै गाईजात्रा एक हप्ता विकृतिको हाँसो गर्दै व्यङ्ग्य बजाउने एउटा सार्थक र स्वतन्त्र सप्ताह हो । गाईजात्रे परम्परामा २०१८ देखि विभिन्न पत्रपत्रिका प्रकाशन, २०३३ बाट औपचारिक मञ्चमा हास्यव्यङ्ग्य कार्यक्रमको आयोजना हुँदै आएका छन् । युरोपतिर 'कार्निभल', भारतमा 'फागु' र नेपाली तलतल 'गाईजात्रा' ले मेटाएको छ ।

यसरी गाईजात्रा र हास्यव्यङ्ग्य एक पर्याय बनेका देखिन्छन् । विशिष्ट संस्कृतका उद्भव भएका यस्ता चाडले बीचमा समाज परिवर्तनमा सकारात्मक भूमिका खेले पनि हाल आएर यो व्यक्तिगत स्वार्थ, चाकडी, मागी खाने भाँडोको रूपमा हाँडो बन्दै गइरहेको भन्ने आभास कतै कतै देखिन थालेको छ ।

नेपाली भाषाको, झण्डै आठ सय वर्षको साहित्यिक अवस्थासमेतको इतिहास (जुन उन्नाईसौं शताब्दीको प्रारम्भदेखि साहित्यिक अभिव्यक्ति शुरु भयो) देखि आजसम्म वा समाजका विसङ्गतिबोध भएदेखि विवेकशील प्रतिभाशाली सर्जकहरू व्यङ्ग्यात्मक सिर्जनामा लागेको देखिन्छ । (सुवेदी/शर्मा, २०५१: ध) नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखनको प्रारम्भिक इतिहास सय वर्षकै देखिन्छ । नेपाली साहित्यको आकारसँगै हास्यको आकार पनि दिन थालिएको हो । प्राप्त आधारलाई आधार मान्दा सुवानन्ददास पहिला कवि र शक्तिवल्लभ दोस्रा कविका रूपमा पृथ्वीनारायण शाहकालीन प्रतिभा देखिन्छन् । (लुइँटेल, (सम्पा.) पूर्ववत्: ४०)

नेपाली एकीकरणको समय पृथ्वीनारायण शाहकालीन अनुवादसाहित्यको युगमा संस्कृतको 'हास्यकदम्ब' लाई नेपालीमा उल्था गरी हास्यको अनुहार देखाउने प्रयत्न शक्तिवल्लभले गरे । यो हास्यव्यङ्ग्यको क्षेत्रमा अक्षरारम्भ थियो । साहित्यिक सृजनाको मौलिक कृतिको रूपमा पाउन त भानुभक्तलाई नै पर्खनु पर्‍यो । (लुइँटेल, पूर्ववत् : ४०) सुवानन्द दासको 'पृथ्वीनारायण' कवितामा अनायास व्यक्तिन गएको पङ्क्ति 'नाम रह्या गजानी धरम त परे तरा भरले ते' उद्गार नेपाली व्यङ्ग्यको पहिलो उदाहरण हो । पहिलो थालनीको रूपमा रहेको यो

पङ्क्तिले नुवाकोट, ककनी कब्जा गर्ने काममा गजानी र सुवानन्ददास दुवैको समान सहयोगदान रहे पनि कारणवस पछि परेका सुवानन्ददास भन्दा गजानीले एक्लै श्रेय पाएको प्रसङ्गको व्यङ्ग्योक्ति यसमा रहेको छ । (प्रधान, (२०५४), *मधुपर्क* : ६)

यसरी हाम्रो हास्यव्यङ्ग्य वीरतालाई आत्मसात र आकर्षित गर्ने प्रसङ्गमा छेडछाड र प्रहारको भाषिक अभिव्यक्तिमा छिटफुट रूपमा व्यक्तिएको छ ।

कृष्णविलास पौड्यालको 'नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला' नामक पुस्तकमा नेपाली हास्यव्यङ्ग्यको विकासक्रमलाई ४ भागमा विभाजन गरी देखाइएको छ :-

(१) पृष्ठभूमिकाल - आरम्भदेखि १९०९ सम्म

(२) प्राथमिक काल - वि.सं. १९१०-१९९० सम्म

(३) माध्यमिक काल- वि.सं. १९९१-२००७ सम्म

(४) आधुनिक काल- वि.सं. २००८- वर्तमानसम्म

यसैगरी 'प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध' का सम्पादक नरनाथ, लुइँटेलले ३ भागमा नेपाली हास्यव्यङ्ग्यात्मक विकासक्रमलाई विभाजन गरेका छन् । उनका अनुसारको वर्गीकरण यसप्रकार छ :-

(१) प्रारम्भ तथा उठानकाल वा प्रारम्भिक काल (वि.स. १८०१ देखि १९३९ सम्म)

(२) माध्यमिककाल (वि.सं. १९४० देखि १९७६ सम्म)

(३) आधुनिककाल (वि.सं. १९७७ देखि २००६ सम्म)

उनले आधुनिक काललाई पनि ४ भागमा उपविभाजन गरी देखाएका छन् :-

(क) वि.सं. २००७-२०१६ सम्म ।

(ख) वि.सं. २०१७-२०३० सम्म ।

(ग) वि.सं. २०३१-२०४६ सम्म ।

(घ) वि.सं. २०४६ पछिको नेपाली हास्यव्यङ्ग्य ।

सम्पादक लुइँटेलको कालक्रमिक विभाजनअनुसार अब यहाँ सम्पूर्ण चरण या मोडहरूको संक्षेपमा चर्चा गरिन्छ :-

### ३.१.१ प्रारम्भ तथा उठानकाल

वि.सं. १८०१ देखि १९३९ सम्मको १४ वर्षे समयावधि नेपाली हास्यव्यङ्ग्यको प्रारम्भिक काल हो । (लुइँटेल, पूर्ववत् : ४०) यो समय नेपालको एकीकरण अभियानपूर्वको सुगौली सन्धि र मोतीराम भट्टको आगमनपूर्वको समय हो । यो अवधिलाई वीरकालको नामले पनि चिनिन्छ । (पूर्ववत्) कविताको प्राधान्य रहेको यो बेला रचित अधिकांश कविता वीररसले ओतप्रोत थिए । पृथ्वीनारायण शाहको एकीकरणकालीन युद्ध र नेपाल अंग्रेज युद्धद्वारा प्रेरित भई लेखिएका राष्ट्रप्रेमका कविताको सेरोफेरोमा सफलताको कामना असन्तोषको जाहेरी तथा परम्पराको लडन्त भीडन्तलाई प्रतीकको रूपमा निर्माण गरिएका हास्यकविता यति बेला देखिन्छन् । विजयपछिको उन्मादकता, अंग्रेजमाथिको हमला, आक्रमण-प्रत्याक्रमणका विषय यतिबेला व्यङ्ग्यविनोदका रूपमा प्रकट भएको देखिन्छ । (पूर्ववत्)

नेपाली भाषाको माध्यमिक काललाई टीकालेखन, अनुवाद र रूपान्तरणको रूपमा लिइन्छ । यस अवधिमा साहित्यिक बान्की भएका फाटफुट कृति देखिए पनि हास्यव्यङ्ग्यको खासै विकास भएको पाइँदैन । (पूर्ववत्) नेपाली भाषामा देखिएको सर्वप्राचीन व्यङ्ग्यात्मक बान्की भएको पहिलो कविता शक्तिबल्लभ अर्ज्यालको 'तनहूँ-भकुण्डो' हो । यस कवितामा लमजुङ, तनहूँ, कास्की, प्युठानको शासनव्यवस्था कमजोर भएको तथ्यमाथि व्यङ्ग्य कसिएको छ । यो कविता वि.सं. १८३९ तिर रचना भएको र यस्तो व्यङ्ग्यात्मक कविता रचना गर्ने प्रथम कवि शक्तिवल्लभ अर्ज्याल देखिन आउँछन् । (पूर्ववत् : ४०) हास्यविहीन प्रचुर व्यङ्ग्यात्मकता भएको कविता रचना गर्ने काम यही कविताबाट भएकाले यो नै नेपाली साहित्यमा हास्यव्यङ्ग्यको उठान विन्दु हो । यसै गरी हास्यव्यङ्ग्यको पुट भएको पहिलो कृति शक्तिवल्लभकै 'हास्यकदम्ब' (१८५५) हो । संस्कृतबाट अनूदित यो कृतिमा हास्य प्रचुरताका साथ प्रस्तुत भएको छ । यसरी शक्तिवल्लभ नै नेपाली साहित्यमा प्रथम हास्यव्यङ्ग्यकारका रूपमा स्थापित भएका देखिन्छन् । उनको 'तनहूँ-भकुण्डो' को एक कवितांश यस्तो छ :-

"मन्त्री सागर षनाल छ वाला ।
पाँचको छ सब गान्तिन चाला ।
कालु जैशी षरिदार त काला ।
तेसढंग तनहुँ कति षाला ॥१॥

धायको छ लमजुंङ मकुन्डो

कास्कि बाँध सुन छ या कुण्डो ।

यी उठानी कन देउ सुकण्डो

मारिलेउ तनहूँ त भकुण्डो ॥२॥"

आक्षेप र अश्लील अर्थ दिने गाली साहित्यको स्वभाव 'साँढ्याका कवित्त' शीर्षकका कविता समूहले यसभन्दा पहिलेको समयमै आफ्नो रूप देखाइसकेका भए पनि साहित्यिक मर्यादा र शालीनतालाई पालना गरेर हास्यको र व्यङ्ग्यको सिर्जना शक्तिबल्लभबाट नै थालनी भयो भन्ने कुरा स्वीकार्न सकिन्छ । (सुवेदी/शर्मा, (पूर्ववत्: ध) मूलतः 'साँढ्याका कवित्त -१', 'साँढ्याका कवित्त-२', साँढ्याका कवित्त-३' मध्ये 'साँढ्याका कवित्त-३' को एक पङ्क्ति यसप्रकार छ :-

"त्यो अवतारीः पसुदेव कोहो को हो :

कविले विर्ता पाउँन्या बाटो हो हो ॥"

त्यसपछि वि.सं. १८६७-७३ का बीचमा देखिएको गुमानी पन्तको 'धन्य गोर्खाली राजा' व्यङ्ग्यात्मक कविताको नमुना हो । 'साँढ्याको कवित्त' र यदुनाथ पोखरेलका 'स्तुति पद्य' मा पनि इषत् व्यङ्यात्मकता पाइन्छ । यस अवधिमा नमुनाका रूपमा भेटिएका हास्यव्यङ्ग्य सचेतताका साथ लेखिएका होइनन् । (पौड्याल, पूर्ववत् : १२) यतिबेलाका हास्यव्यङ्ग्य केवल नमुनामात्र छन् त्यसकारण यस अवधिलाई हास्यव्यङ्यको पृष्ठभूमिकाल भन्न सकिन्छ । (पूर्ववत्) नेपाली साहित्यको प्राथमिककालका भक्तिधाराका सशक्त कवि भानुभक्त आचार्य (१९७१-१९२५) ले सचेतताका साथ हास्यव्यङ्ग्यको प्रयोग गरी तत्कालीन प्रशासनिक ढीलासुस्ती, पारिवारिक-सामाजिक विसङ्गति र विकृतिप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । यिनी १९०९ तिर कुमारीचोकमा नजरबन्द परेका थिए । त्यहाँ उनले व्यङ्ग्यात्मक कविताको रचना गरेका छन् । नेपाली भाषाको आरम्भदेखि भानुभक्तको हास्यव्यङ्ग्य कविताको रचना हुनुअघिको समयावधिलाई हास्यव्यङ्ग्यको पृष्ठभूमि मान्नुपछिको कारण भनेको यस अवधिमा खासै हास्यव्यङ्ग्य रचनाको सृजना भएको पाइन्न यो केवल मौखिक, श्रुतिपरम्परा र अनुवादको युग हो र यो अवधिमा मूलतः नेपाली भाषाको प्रचार प्रसारचाहिँ भएको देखिन्छ । (पूर्ववत्) यस अवधिमा नाटक, कविता, सवाई काव्यका माध्यमबाट हास्यव्यङ्ग्य अघि बढेको छ । साहित्यिक रूपमा नभए पनि तनहूँका कवि भानुभक्त आचार्यको 'जागिर छैन धनी म छैन घरको रोजरोज

दर्शन पाउँछु,' भन्नेजस्ता कविता देखिन्छन् । यी र यस्ता कविताले हास्यव्यङ्ग्यको उर्वरभूमि खडा गर्दछन् ।

प्रारम्भिक चरणमा सन्त ज्ञानदिलदासले पनि धार्मिकरूपी र सामाजिक विसङ्गतिमाथि कलात्मक पाराले व्यङ्ग्य प्रहार गरेको देखिन्छ । इलामका हलो जोत्ने ब्राम्हणलाई ठट्टात्मक "पाराले गरिएको व्यङ्ग्य यसप्रकार छ :-

सञ्जे सानी, मूला फानी
पितृ आए ढुङ्गाले हानी
हलामा सोइलो काँधमा थैलो,
गोरु फुकेर भागे, नारायण नारायण ।"

सन्तज्ञान दिलदासका हास्यव्यङ्ग्यात्मक कविताको उदाहरण झ्याउरे भजन हो । (पौड्याल, पूर्ववत् : १३)

'तनहूँ-भकुण्डो', 'साँढ्याको कवित्त' आदिजस्ता प्रारम्भिकचरणका केही नमुना हुन् र यी एकीकरण अभियान र अंग्रेजसँगको चीसो सम्बन्ध समाप्त भएपश्चात्का वीर भारदारबीचका प्रतिस्पर्धा र हानाथापका प्रतीक हुन सक्दछन् अथवा त्यतिबेलाका साँढे पाल्ने सोखलाई पनि यसले चित्रण गरिएको हुन सक्छ । (लुइँटेल, (सम्पा.), पूर्ववत्: ४१) यति बेला अंग्रेज नेपाल युद्धले अंग्रेजीविरोधी भावनामा आधारित अज्ञात लेखकको एक व्यङ्ग्योक्ति यस प्रकार छ :-

"जागरे खाँडो जागरे जागरे जागरे
कूइरेका थाप्लामा ठ्याक्कठ्याक्कठ्याक्क ।"

यसले गोर्खालीको वीरता र अंग्रेजप्रतिको घृणा व्यक्त गर्दछ । यस चरणका सुवानन्द दासका कविता र पृथ्वीनारायण शाहको दिव्योपदेशका गद्यमा देखिने भावनामा संवेदना र कोमलता छ तापनि प्रतीकात्मक भावका अभिव्यञ्जनाहरू समाहित भएर यो रचनामा आउने भावनाले व्यङ्ग्यात्मक स्वरूप लिन सकेको छैन । ध्वन्यात्मक रूपले व्यङ्ग्य आविर्भाव भए पनि कलात्मकरूपले सचेततापूर्वक गरिने गरेका व्यङ्ग्य यस अवधिको शिल्पमा पाइँदैन । अनायासै अभिव्यञ्जित हुने ध्वनिमात्र यस समयका रचनाको व्यङ्ग्यतत्त्व हो । (सुवेदी/शर्मा, २०५१ : ध,न)

अंग्रेजसँगको युद्ध समाप्त भएपछि र सुगौली सन्धि सम्पन्न भएपश्चात् स्थिति बदलियो । युद्धको धङ्धडीबाट मुक्ति पाएपछि सारा ध्यान देशभित्रै केन्द्रित हुन गई शासक, भारदार योद्धाहरू सत्ता हत्याउने षड्यन्त्र र कलहमा विभाजित भएपछि पराजित मानसिकता उदासीनतामा बदलियो । युद्धको रागबाट भजनको रागमा मग्न भई वीर रसले उमङ्गित कर्नाल शान्त र भक्तिरसको मालासिरीमा डुब्न पुगे । यसै क्रममा यदुनाथ पोखऱ्यालले लेखे :-

"फिरङ्गी हटाई लुटिपिटी चाँडो
पुगी आज गंगा पखाल्नु छ खाँडो"

यदुनाथ पोखऱ्यालको ठाउँमा 'चीरखैँचत दुशासन घेरी, आई नाथ शरणागत तेरी' मा आचार्यलाई पर्खनुभन्दा अर्को विकल्पै थिएन । (पूर्ववत् : ४२) यद्यपि शक्तिबल्लभ आर्ज्यालको रचनात्मक उपस्थितिपछि भने व्यङ्ग्यमा सचेत र आलोचनापूर्ण अभिव्यक्ति पाइन थालेको थियो ।

यस अभिव्यक्तिका क्रममा नाटक शिल्पमा ढालेर गद्य रचना संस्कृतिमा 'हास्यकदम्ब' लेखी नेपालीमा अनुवाद गरेर शक्तिबल्लभले हास्य र आक्षेप तहसम्म पुग्न सक्ने व्यङ्ग्यको आविष्कार गरे । साहित्यिक मर्यादा र शीलनतालाई पालन गरेर हास्यको र व्यङ्ग्यको सिर्जना शक्तिबल्लभबाट नै भयो भन्ने कुरा स्वीकार्न सकिन्छ (पूर्ववत्)

यस चरणको पछिल्लो कालखण्डसम्मको प्रमुख प्रवृत्ति आध्यात्मिक रहे पनि यसको नेतृत्व गर्दै अघि आएका भानुभक्त आचार्य समाज-सचेत कविका रूपमा रहेर विभिन्न कुरीतिमाथि सामाजिकीकरणको रूपमा तीव्र हास्यव्यङ्ग्य रचना गर्न पुगे :-

"जागिर् छैन धनी म छैन घरको
केवल, कुदालो खनी
खान्थ्याँ दुःख गरेर चाकरी गऱ्याँ
मान् पाउँला कि भनी
एक मन चित्त लगाई चाकरी गऱ्याँ
खुशी भया छन् हरी
मान माथि पनि भुक्तमान् थपि दिया
कहिल्यै नखोस्न्या गरी ।

रोज्‌रोज्‌ दर्शन पाउँछु चरणको ताप छैन
मन्‌मा कछु
रात्‌भर्‌ नाच्‌ पनि हेर्छु खर्च नगरी ठूला चयनमा म छु
लामखुट्टे उपियाँ, उडुस यी सँगी छन्‌ यिन्‌कै, लहड्‌मा बसी
लामखुट्टेहरू गाउँछन्‌ यि उपियाँ, नाच्छन्‌ म हेर्छु बसी ।

विन्ती डिट्ठा विचारीसित म कति गरूँ
चुप रहन्छन्‌ नबोली
बोल्छन्‌ ता ख्याल गर्‍याझैँ अनि पछि दिन्‌दिन्‌
भन्दछन्‌ भोलिभोली
की ता सक्तीन भन्नू कि तब छिनिदिनू क्यान
भन्छन्‌ यि भोली
भोली भोली हुँदैमा सबघर बितिगो बक्सियोस्‌
आज झोली ।"

नेपाली साहित्यमा भानुक्तको हास्यव्यङ्ग्यको यो अत्यन्तै शिष्ट, सौम्य र भव्य प्रयोग हो । उनी लगत्तै पछि र अघि आचार्यजस्ता सफल व्यङ्ग्य कविको खडेरी पर्‍यो । उनले विनोदी शैली, शालीन, स्वच्छ र परिहासयुक्त व्यङ्ग्यको प्रयोग गरेर सुरुमै हास्यव्यङ्ग्यलाई प्रतिष्ठा प्रदान गरे । उनको हास्यव्यङ्ग्यमा हास्यभन्दा पनि तीखो, तिक्खर, सहज र स्वाभाविक छ व्यङ्ग्य, अझ बढी रोचक, बढी सार्थक, बढी छोइने । (पूर्ववत्‌ : ४३)

हास्यको मूल स्रोतको उठान विकृतिबाट र व्यङ्ग्यको मूल स्रोतको उठान विसङ्गतिबाट हुन्छ । यस सन्दर्भमा नेपाली समाजमा विकसित विकृति र विसङ्गतिको स्वरूपलाई देख्ने प्रथम सचेत स्रष्टा भानुभक्त आचार्य हुन्‌ । यसरी सामाजिक जीवनमा देखिने विकृति र विसङ्गतिलाई आफैँले भोगेका विषम्‌ परिस्थितिलाई सचेततापूर्वक साहित्यिक परिधान र आवरण दिने काम भानुभक्तले गरे र जीवनका पारिवारिक, सामाजिक, प्रशासनिक विसङ्गतिलाई साधारणीकरण गर्दै नेपाली साहित्यमा हास्यव्यङ्ग्यको प्रारम्भिक सचेत उठान भानुभक्तको लेखनसँगै भएको हो । सामाजिक

विसङ्गति र धार्मिक रुढिप्रति कलात्मक ढङ्गले आक्रमण गर्ने काम यसै चरणका कवि सन्त ज्ञानदिलदासले पनि गरेका छन् । (पूर्ववत् : ४३)

### ३.१.२ माध्यमिक काल

वि.सं. १९४० देखि १९७६ सम्मको समयावधि माध्यमिककालीन समय हो । नेपाली साहित्यको प्रवृत्तिगत दृष्टिले यो अवधि शृङ्गारकालीन युग पनि हो । हास्यव्यङ्ग्यका निम्ति खासै उर्वर नरहे पनि यस अवधिमा मोतिराम भट्ट, राजीवलोचन जोशी, गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, देवीदत्त पराजुलीजस्ता रचनाकारहरूले कविताजगत्मा प्रवेश गरेपछि शृङ्गारिक कविताहरूमा हास्यव्यङ्ग्यका आंशिक लक्षणहरू देखिए पनि यस कालका रचनाहरू हास्यव्यङ्ग्यले झकिझकाउ हुन सकेनन् । भानुभक्तका कवितासँग दाँजिनलायक कविता देखिएनन् । हास्यव्यङ्ग्य लखिए तापनि कविता तथा पद्यमा मात्र स्फोट हुँदै आएको हास्यव्यङ्ग्यले यही अवधिमा आएर गद्यलाईसमेत आत्मसात गऱ्यो । (पूर्ववत्) केही रसिक, सर्जकहरूले क्यारिकेचरलाई हास्यव्यङ्ग्यको माध्यम पनि बनाए । मोतीराम भट्टको 'प्रशंसापत्र' र 'झ्याल्याम् परिपश्यताम्' र रेवतीप्रसाद उपाध्यायले 'भकभकेको गन्थन' जस्ता अतिरञ्जनामूलक रचना प्रकाशित गरे ।

अर्को उल्लेखनीय पक्षमा यस चरणका रचनामा धार्मिक पाखण्डीपनप्रति तीखो व्यङ्ग्य वाण प्रहार गरी व्यक्तिएको छ । यस समयका महत्त्वपूर्ण रचनाहरूमा गोपीनाथको 'कउन हो धर्म योगीको ?' पहलमानसिंह स्वारको 'लोभी पुरोहित', 'अल्पपण्डित', 'मूर्ख', श्रोता', शिखरनाथ सुवेदीको 'गयाका पण्डा' आदि उपहासयुक्त छेडछाड कसिएका रचना यस अवधिका हुन् । यसैगरी 'संगीत चन्द्रोदय', 'गफाष्टक' (श्लोक संग्रह'), 'कविता कल्पद्रुम,' 'शिखरनाथ भाष्य', 'सुक्तिसिन्धु' 'विवाह लीला' आदिमा हास्यव्यङ्ग्यका कवितात्मक प्रस्फुटन पाइन्छन् ।

हास्य शृङ्गार रसको समूहमा पर्छ । यस परम्परामा शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, प्रेमराज शर्माजस्ता सर्जकले यस युगमा नाटकहरूमा प्रयोग गरेर गद्य विधामा हास्यव्यङ्ग्य शुरु गरे । स्रष्टाहरूले हास्यव्यङ्ग्यमिश्रित रचना प्रकाशित गरेर एउटा नयाँ तथ्य अघि सारे । बनारसबाट प्रकाशित पत्रिका *सुन्दरी* (वि.सं. १९६३) मा सोमनाथ सिग्द्यालको हास्यपूर्ण प्रहसन

'दिगम्बर विवाह' अपूर्ण रूपमा प्रकाशित भएर हास्यव्यङ्ग्य कविताबाट प्रहसनतिर पनि लहसिएको नयाँ उदाहरण थपियो ।

मोतीमण्डलीपश्चात् व्यङ्ग्यमा गद्यपद्य दुबैमा शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, चक्रपाणि चालिसे, सोमनाथ सिग्द्याल, कृष्णलाल उपाध्याय अधिकारी, छविकान्त शर्माजस्ता सर्जकले आफ्नो प्रतिभा खन्याइरहे । यद्यपि जसरी पनि हँसाउने मनसायको हास्यव्यङ्ग्यमा अघिल्लो परम्पराको निर्वाह हुन सके, अंग्रेजको साँध नाघ्न पनि सकेनन् तर त्यही ओज त्यस्तै पारामा त्यतिकै मार्मिक र छोइने शैलीमा सामाजिक दुर्नियति बोध गराउने छविकान्त शर्माको निम्न व्यङ्ग्य उत्कृष्ट र अद्वितीय छ । (पूर्ववत् : ४४)

छविकान्त शर्माको एउटा पङ्क्ति यस प्रकार छ :-

"आलु, लसुन्, प्याज, मुला, सिमी सरी ।
विक्छन् यी पञ्जाव पुगेर हरघरी ॥
दश, बीस हजार होइन लाख गैसके ।
हाम्रा विदेशी सब ज्वाइँ भैसके ॥"

यस समयका मोतीराम भट्टको 'कोट रेन्किन्को,' देवीदत्त पराजुलीको 'दरखाने कुरा' आदिआदि केही प्राप्ति र महत्त्वपूर्ण उपलब्धी हन् ।

लक्ष्मीदत्त पन्तको 'नानी कसोरी भनूँ' यस समयको चर्चित र महान् उपलब्धी हो । यसै सृजनाको एउटा पङ्क्ति यस्तो छ :-

"शृङ्गार खजमजिएछ नानी किन हो
तेज छैन मुखमा अनी ।
टोल्याइकन हेर्दछ्यौ अधर त्यो
देखिन्छ दागी पनि ॥
चाल् ता छैन निको कहँदा होहो
भनी भन्दिनु ।
सानी छौ तर कति बानी हुन गो
नानी कसोरी भनूँ ? ॥"

यसरी यस कालमा अतिरञ्जना, प्यारोडी प्रहसन आदि लिएर व्यङ्ग्यले नयाँ क्षितिज उघारेको छ । अभिनय, उच्चारण परिधान आदि कृत्रिम विकृतिबाट हास्यको स्थिति सृजना गरी रचना निर्माण गर्ने कला यस समयमा भएको देखिन्छ । यस कालका रचनामा हास्यको परिस्थिति गौणरूपमा मात्र प्रस्तुत गरिएको आधारमा यो काल यी प्रयासहरूबाट पनि हास्यव्यङ्ग्यात्मक साहित्यको इतिहासले माध्यमिक कालबाट आधुनिककालतिर सङ्क्रमित हुने गौँडाहरू पहिल्याउन खोजेको प्रष्ट हुन्छ । लहरी र सवाई यस सङ्क्रमणकालमा समस्या परिपूर्ति गर्न देखिएका छन् । तर गद्यमा हास्यव्यङ्ग्यले परिपुष्ट हुन भने पाएको छैन ।

यसरी यस समयमा नेपालभित्र देखि लिएर नेपाल बाहिर खासगरी प्रवासबाट दार्जिलिङ, बनारस, देहरादुन र देशभित्र काठमाडौँबाट विभाषीय शब्दमिश्रणबाट प्रेम, वियोग, पीडा आदि दलबहादुर सारु मगर, डि.वी. राईजस्ता सर्जकहरूले सवाई, कवितामा रचना गरेका छन् । यसरी पनि यो काल सङ्क्रमणकाल भएर पनि उर्वरकालको रूपमा रहेको छ ।

### ३.१.३ आधुनिक काल

वि.सं. १९७७ देखि राणाशासनको अन्त्य वा प्रजातन्त्रको स्थापना पूर्वको अवधि हास्यव्यङ्ग्यको आधुनिक कालको पृष्ठभूमि चरण हो । (पूर्ववत् : ४५) यो आधुनिकतातर्फको अभिमुखचरणको समय हो । शृङ्गारकालको उत्कर्ष विन्दु 'सूक्तिसिन्धु' को विरोध र त्यसमाथि प्रतिबन्ध लागेपछि नेपाली साहित्यमा रतिरागको शृङ्गारयुग समाप्त हुन्छ । वि.स. १९७७ सालको मकैपर्वको घटनाले खास गरी व्यङ्ग्यको क्षेत्रमा भूकम्प जान्छ । सुब्बा कृष्णलाल अधिकारीले 'मकैको खेती' नामक कृतिमा 'हामी आफ्ना देशी कुकुरभन्दा विदेशी कुकुरको बढी मान गर्दछौँ' जस्ता व्यङ्ग्यात्मक रूप प्रस्तुत गर्दा अधिकारीसमेत अन्य धेरै सर्जक कार्बाही भोग्न बाध्य भए । यसले निरङ्कुश राणाबाट प्रताडित भएकाले विकास क्रममा केही असर पर्न गयो । यस काण्डले हास परिहासको हास्यव्यङ्ग्यात्मक समय लामो अवधि शून्यप्रायः रह्यो । १९९७ सालको ४ शहिदको हत्याकाण्डले झन् हास्यव्यङ्ग्यका क्षेत्रलाई तहसनहस पारिदियो । यसरी राजनीतिक घटनाक्रमले सातोपुत्लो उडाउँदा उडाउँदै र डँडाल्नो सेक्दा सेक्दै पनि हास्यव्यङ्ग्य हर बाङ्गो पारेरै भए पनि देखिन र लेखिन भने छोडेको पाइँदैन । (पूर्ववत्)

यस अवधिको पहिलो गद्य हास्यव्यङ्ग्यको प्रयोग सिलवाल पण्डितको 'वेदान्त विवादको मिसिल' हो जुन 'शारदा' पत्रिकामा प्रकाशित भएको थियो । यस परम्पराको पृष्ठभूमि धान्न सक्ने 'जातीय रोगको अचूक औषधि' (वि.स. १९८३), *गोर्खासंसार, शारदा* मा प्रकाशित प्रेमराज शर्माको 'भुँडे पण्डितजीको चिठी' (वि.सं. १९९२) महत्त्वपूर्ण मानिन्छन् । यसअघि वि.सं. १९९१ मा प्रकाशन प्रारम्भ भएको *शारदा* पत्रिकामा हास्यव्यङ्ग्य रचना प्रस्तुत गर्ने उद्देश्यले 'हँसी दिल्लगी' स्तम्भको व्यवस्था गरी त्यही स्तम्भमार्फत प्रेमराज शर्मा र सिलवाल पण्डितका माथि उल्लेखित रचना तथा अन्य ज्ञातअज्ञात स्रष्टाका हास्यव्यङ्ग्य रचना तीब्ररूपमा प्रकाशित भए ।

यस कालका अन्य प्रतिभाहरू लेखनाथ पैाड्यालको 'लक्ष्मी पूजा' (१९९५), बालकृष्ण समको 'मुकुन्द इन्दिरा' (१९९४) नाटकीय संरचनामा विदूषण चरित्रको प्रयोगबाट उच्चारण र अभिनयको कृत्रिमताबाट हास्यसँगै व्यङ्ग्यको पुट दिने काम भयो । (पूर्ववत् : ५०)

यस समयका अन्य कृतिमा केशवराज पिंडालीको 'सङ्गीतको कपालक्रिया' (*शारदा* ६/१२) लक्ष्मीप्रसाद देवकोटाको 'साँढे', 'भूतलाई भ्रुटारो', 'प्रभुजी भेडो बनाऊ', 'गधा बोल्छ', 'मनोरञ्जन' (कविता संग्रह), सिद्धिचरण श्रेष्ठका 'साँढे', 'टाङ्टाङ् टुङ्टुङ्', प्रेमराज शर्माको 'ससुराली' (नाटक) जस्ता हास्यव्यङ्ग्य रचनाहरूले नेपाली हास्यव्यङ्ग्यलाई आधुनिकता दिन ठूलो योगदान गरे । लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद चापागाइँ, केशवराज पिंडाली, हृदयचन्द्रसिंह प्रधानजस्ता सर्जक यस युगको उत्तरार्द्धमा देखा परे र गद्यात्मक हास्यव्यङ्ग्यले एउटा नयाँ मोड लिन पुग्दछ । केशवराज पिंडालीको 'खैखै' मा सङ्कलित हुनुपूर्व *शारदा* मा प्रकाशित 'आधुनिक पत्नी', 'यो हो चन्द्रज्योति', 'वागबजारको बाटो', प्रवासी नेपाली अच्छा राई 'रसिक' को 'वसुधैवकुटुम्बकम्', देवकोटाको 'कविराजको च्याङ्ग्रे खच्चर' (२००२), कृष्णप्रसाद चापागाइँको 'हजाम दाइ' (१९९८) र खँदालबाजे, (२०००), हृदयचन्द्रसिंह प्रधानको 'कटकटानन्द काकालाई' आदि हास्यव्यङ्ग्य रचनाहरू यस युगको प्रमुख सृजनाका रूपमा देखा पर्दछन् ।

प्रवृत्तिगत रूपमा यस समयावधिमा पद्यमै रमेरमाएको हास्यव्यङ्ग्यले खास गरी यो समयको अन्त्यमा गद्यमाथि पकड जमाउन सफल भयो । अधिकांश स्रष्टाले गद्य र पद्य दुबैलाई माध्यम बनाएर गद्यमा निबन्ध, नाटक, प्रहसन, कथामा पनि हास्यव्यङ्ग्य प्रवेश गराए । प्रतीकात्मक

सामाजिक विकृति विसङ्गतिलाई व्यङ्ग्य गर्दै हास्यभन्दा बढी व्यङ्ग्यलाई मुखरित गरिएको पाइन्छ । साङ्केतिक र लाक्षणिक व्यङ्ग्यले कोल्टे फेराएपछि क्रमशः नेपाली सामाजिक विकृति र विसङ्तिलाई जरैदेखि उच्छेद गर्नुपर्दछ भन्ने भावनाको अभिव्यञ्जनालाई प्राथमिकता दिन थालियो । यस समयका रचनाले शब्दजनित हास्यको मोहलाई पार गरेर विचारजन्य पक्षलाई प्रतिष्ठा र विसङ्गतिलाई निराकरण गर्नका निम्ति अनुकूल वातावरणको सृजना गर्ने गरेका छन् । (पूर्ववत्: ४६) हास्यव्यङ्ग्यले यस कालमा गद्यको सहयोगमा वैचारिकतामा आधारित भएर सामाजिक विकृति र विसङ्गतिमाथि तीखो व्यङ्ग्य गरेर आधुनिकताको मार्ग प्रशस्त गरेको पाइन्छ । वि.सं. २००७ सालको प्रजातन्त्रको स्थापनासँगै नेपाली हास्यव्यङ्ग्य आधुनिककालमा प्रवेश गर्छ । यस चरणलाई पनि विभिन्न कालखण्डमा विभाजित गरी अध्ययन विवेचना गर्न सहज हुनेमात्र होइन समग्र हास्यव्यङ्ग्यको इतिहासलाई कतिपय विश्लेषक र अध्येताहरूले २००७ सालपूर्वको अवधिलाई पृष्ठभूमि, २००७ सालपछिको अवधिलाई आधुनिकचरण, यसलाई पनि पूर्वार्द्ध र उत्तरार्द्ध उपचरणमा विभाजित गरेको पनि पाइन्छ । (पूर्ववत् : ४७)

नेपाली समाज २००७ को परिवर्तनले नवीन, स्वतन्त्र र खुल्ला परिवेशमा प्रवेश गरेपछि भने हास्यव्यङ्ग्य शब्दजनित हास्य मिश्रणबाट मुक्त भएर हास्यहीन वैचारिक व्यङ्ग्यका तहमा पुगेर व्यक्तिन थाल्यो । यतिबेला स्रष्टाहरू मनोरञ्जन र मनोविनोदका उत्तौलापूर्ण परिधि छिचोलेर राजनैतिक, सांस्कृतिक विकृति, विसङ्गतिका राष्ट्रिय-अन्तर्राष्ट्रिय अवस्थाहरूको चित्रण हास्यव्यङ्ग्यमा गर्दै रहे । व्यक्तिगत कुण्ठाहरूसहित यस राजनैतिक परिवर्तनको युगमा व्यक्तिगत निराशा, पलायन, रतिराग र श्रृङ्गारका भाव, आक्रोश, प्रतिरोधभन्दा माथि उठेर सिङ्गो जीवन, समाज, परिवेश, वातावरण र आफू बाँचेको युगको प्रतिध्वनिलाई प्रतीक/विम्बका माध्यमबाट उत्प्रेक्षात्मक रूपमा आत्मसात गर्दै गयो ।

यस परिस्थितिमा सर्जकहरूको आत्ममूल्याङ्कित भावनाले कारणभूत तत्त्वमाथि आक्रमण गर्दै सम्पूर्ण सामाजिक विसङ्गतिको व्यङ्ग्यात्मकरूपमा सुधारको पक्षमा देखिएका छन्, जसको अचानोमा सरकार, शासनसत्ता, राष्ट्रिय अन्तर्राष्ट्रिय विकृति, धार्मिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक तत्त्वहरूमाथि पर्दछन् । मानवीय मूल्यको रक्षा र चराचरको संरक्षणमा यस कालका रचना प्रखररूपमा सन्देश प्रवाह गर्न थाल्छन् ।

आधुनिक काललाई निम्न उपविभाजन गरेर हेर्दा हास्यव्यङ्ग्यको विकासक्रमलाई अझ सजिलो गरी प्रस्तुत गर्न सकिने हुँदा यहाँ सोको विभिन्न कालखण्ड यसरी वर्गीकरण गर्न सकिन्छ :-

### ३.१.३.१ वि.सं. २००७ सालदेखि २०१६ सालसम्म

यो काललाई हास्यव्यङ्ग्यको आधुनिककालको उठानविन्दु मान्न सकिन्छ । (पूर्ववत् : ४७) २००७ सालको क्रान्ति र परिवर्तनपछि लेखन र प्रकाशनमा खुकुलो वातावरण सृजना भयो । राणाहरूको निरङ्कुश जहानियाँ शासनको अन्त्यपछि पत्रपत्रिका, किताब प्रकाशनको एक प्रकारको लहर चल्न थाल्यो । पत्रपत्रिकामा हास्यव्यङ्ग्यको स्तम्भ प्रकाशित हुन थाले । विभिन्न पत्रिकामा जस्तै 'हाँस्नुहुन्छ भने' शीर्षकमा *हालखवर* पत्रिकामा, 'बाँउठे बाजेको चिठी' *नयाँ समाज* मा 'यो हो उपत्यका' *नेपाल समाचार* मा, 'जुँगे दाइको चिठी', 'व्यङ्ग्यविनोद' *गोरखापत्र* मा, 'तितोमीठो' *साप्ताहिक समाचार* मा, 'झर्रोटर्रो' *समीक्षा* मा आदि हास्यव्यङ्ग्य स्तम्भहरूले हास्यव्यङ्ग्यको तरङ्गमा नयाँ गति दिए । यसका साथै पुस्तकाकार कृतिका रूपमा कृष्णप्रसाद चापागाईंको 'रसभरी चमचम' (२००८) हृदयचन्द्रसिंह, प्रधानको 'जुँगा' (२००९), रुद्रराज पाण्डेको 'नेपाल आजाद संघ' (२००९), लीलाध्वज थापाको 'दाह्री' (२००९), मुरलीधरको 'सोते', 'थापा एण्ड लवर पाण्डे' र 'पुडमाङ पूरोहित' (२०१०), केशवलाल कर्माचार्यको 'महिला' संघको आमसभा' २०१० आदि महत्त्वपूर्ण रहेका छन् । यस चरणमा थप योगदानपूर्ण कृति नदिए पनि हास्यव्यङ्ग्य सर्जकहरूमा केशवराज पिंडाली, दाताराम शर्मा, लक्ष्मीप्रसाद देवकोटा, प्रेमराज शर्मा, अच्छा राई 'रसिक', पूर्णप्रसाद ब्राहमण, श्यामदास वैष्णव आदि देखिन्छन् । अधिकांशले गद्य र पद्यमा रचना गरेका छन् भने तीमध्ये पनि केहीले गद्यमा मात्रै त केहीले पद्यमा मात्रै रचना गरेको भेटिन्छ ।

यसरी यो अवधि पनि हास्यव्यङ्ग्यको क्षेत्रमा उर्वररूपमा रहेको छ ।

### ३.१.३.२. वि.सं. २०१७ देखि २०३० सम्म

नेपाली हास्यव्यङ्ग्य साहित्यको सम्पूर्णरूपमा उर्वर रहेको यो काल २०१७ देखि २०३० सम्म रहेको छ । संख्यात्मक र गुणात्मक दुबै दृष्टिले विकसित रहेको यस कालमा सङ्ख्यात्मक रूपमा पनि धेरै हास्यव्यङ्ग्य कृति यस चरणमा लेखिएका र प्रकाशित भएका छन् । अघिल्लो पुस्ताका स्रष्टा र अन्त्यन्त जुझारु र प्रतिभावान् नयाँ स्रष्टाहरूले यो समयमा ठूलो योगदान दिएका छन् ।

यस चरणको प्रारम्भ हास्यव्यङ्ग्यका सशक्त हस्ती हास्यव्यङ्ग्य युगका द्रष्टा केशवराज पिंडालीबाट 'खैखै' (२०१७) निबन्ध सङ्ग्रहसँगै हुन्छ । 'खैखै' मानक स्तम्भको सूत्रपातसँगै नेपाली हास्यव्यङ्ग्य संसारमा यस समयको प्रारम्भतिर अर्का महाहस्ती हास्यव्यङ्ग्य महारथी भैरव अर्याल आफ्नो अगम्य प्रतिभामार्फत् 'काउकुती' (२०१९), 'जयभुँडी' (२०२०), 'गलबन्दी' (२०२६), 'इतिश्री' (२०२८) जस्ता अत्यन्त चर्चित हास्यव्यङ्ग्यका मानक कृतिहरू लिएर देखा पर्दछन् ।

यसका साथै यसपछि क्रमशः धनुषचन्द्र गौतम 'स्फुट निबन्धहरू' श्रीधर खनाल 'नमरी संसार देखिन्न' (२०२०), वासुदेव लुइँटेल 'चिठी चपेटा' (२०२२) रामकुमार पाँडे 'ख्यालख्याल' २०२५, 'खप्पर' (२०२६), 'मोज गर्नोस्' २०२७, 'बाह्रमज्जा' (२०३०), विष्णु नवीन 'श्रीमतीसित एक दिन' (२०२२), भीमप्रसाद लामिछाने 'घुँएत्रो' (२०२४), ओमकुमार झा 'जय फेशन', 'जय मदिरा' (२०२६), मोहनराज शर्मा 'च्याँखे धर्ना' (२०२४), घटोत्कच शर्मा 'दमाहा' (२०२४), गोपालराज पन्त 'सेतो शालिग्राम' (२०२६), 'कर्के आँखा' (२०२८), कुलमणि देवकोटा 'गाईजात्रा' (२०२९) र 'मुडुली बज्यै' (२०३०) आदि महत्त्वपूर्ण कृतिका साथ देखा पर्दछन् ।

यस चरणमा हास्यव्यङ्ग्य कविताको रूपबाट शुरु भएको आफ्नो परम्परालाई निरन्तरता दिँदै भीमनिधि तिवारीमार्फत् अघि बढ्छ । तिवारीको 'विष्फोट' (२०२०), 'कविताकुञ्ज' (२०२०) 'तितौरा मस्यौरा' २०२४, पूर्णप्रसाद ढुङ्गेलको 'कौवा' (२०२२) हास्यव्यङ्ग्य कविताका राम्रा उपलब्धीका रूपमा देखिन्छन् । (लुइँटेल, पूर्ववत् : ४८)

त्यसपछिका वासुदेव लुइँटेलको 'भीमसेनपाती' (२०२४) र 'छ्याकन' (२०२५) हास्यव्यङ्ग्यका उत्कृष्ट कृति हुन् । यसै गरी यस कालमा आफ्ना रचनालाई प्रश्रय दिनेहरूमा भूपी शेरचन, कृष्णचन्द्रसिंह प्रधान, भवानी भिक्षु, नीरविक्रम 'प्यासी', मदनमोहन मिश्र, लक्ष्मण लोहनी, धर्मरत्न यमी, ध्रुवकृष्ण दीप, कुलमणि देवकोटा, प्रेमराज शर्मा, लीलाध्वज थापा, विदुर के.सी., यादव खरेल, बालमुकुन्ददेव पाण्डे आदि रहेका छन् ।

विधागतरूपमा यस चरणले ठूलो प्रगति गरेको छ । हास्यव्यङ्ग्यको पहिलो उपन्यासको रूपमा भोगेन्द्र बस्नेतको 'मूर्ख जासुस' (२०२८) ले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसबाहेक पनि हास्यव्यङ्ग्यले नाटक, प्रहसन चिठीपत्रलगायतका अन्य विधाहरूमा समेत प्रभाव पाऱ्यो । यो

चरण हास्यव्यङ्ग्यमा विषयगत विविधताले ठूलो परिधि ओगटेर गएको छ । यस बेलाका हास्यव्यङ्ग्य रचनाका विषयवस्तुमा व्यक्तिका कमीकमजोरी र सामाजिक विकृति, विसङ्गतिहरू रहे । राजनीतिक, आर्थिक उतारचढावहरू, आधुनिकताको नाममा विकृतिका लहरहरूलाई समातेर सर्जकहरूले सामाजिक, भ्रष्टाचार, धार्मिक पण्डाहरूको बेथिति, अभाव, दुःख, पीडा, विछोड र असमानता, अन्याय, विभेद, हिंसा आदिजस्ता असामाजिक तत्त्वहरूको खिल्ली उडाए । कुनै स्रष्टा लघु-गुरुको माध्यमबाट छन्दको तीर हानी हास्यव्यङ्ग्यलाई रसिलो, सुस्वादु, सरल, मीठो गाली, पाच्य अर्ती र कसैले चित्रात्मक रूपमा आफ्ना भावनाका उछालहरूलाई आम पाठकसामु पस्किन सफल भए । (लुइँटेल, पूर्ववत् : ४९)

यसचरणमा विभिन्न हास्यव्यङ्ग्य कार्यक्रम तथा गोष्ठीहरूको आयोजनाका साथै हास्यव्यङ्ग्य रचना गर्नेतर्फ अभिप्रेरित गर्ने काम भयो । यस बेलाको हास्यव्यङ्ग्य साहित्यको मलजल गर्ने कार्यमा महत्त्वपूर्ण योगदान 'कौवा' प्रकाशनले गऱ्यो । यो प्रकाशनले सर्जकहरूको सृजनालाई प्रश्रय दिने काम गरेर यसअघिका अधिकांश कृतिहरूको प्रकाशन गरी ठूलो गुन लगाएको छ । यस प्रकाशनले 'छ्याकन', 'भालुपुराण', 'सेलको माला', 'डाढो', 'उल्लीविल्ली,' 'जस्तातस्तै' आदि चर्चित सङ्कलनहरूको प्रकाशन गरी महत्त्वपूर्ण योगदान दिएको थियो । यसको व्यवस्थापन भैरव अर्याल र वासुदेव लुइँटेलले गरेका थिए ।

यस अवधिमा *रचना* पत्रिकाको हास्यव्यङ्ग्य अङ्क (२०२०) पछिल्लो खुट्किलोका रूपमा देखिन्छ । पत्रिकाहरूले विभिन्न हास्यव्यङ्ग्य अङ्क र विशेषाङ्क निकाल्ने सराहनीय कामहरू यसै समयदेखि हुन थाल्दछन् ।

यसपछि गाईजात्रालाई हास्यव्यङ्ग्यको सांस्कृतिक पर्वका रूपमा पत्रपत्रिकाहरूबाट *गाईजात्रा* विशेषाङ्क निकाल्ने परम्परा प्रारम्भ हुन्छ । *रचना* (२०२०), (गाईजात्रे अङ्क) जस्तै मासिक, द्वैमासिक, पाक्षिक र साप्ताहिक पत्रपत्रिकाहरूले समसामयिक विसङ्गतिहरूलाई निशाना बनाएर अझ बढी आयाम थपेका छन् ।

त्यसपछि सम्पादक मुरारीप्रसाद गौतमको *रहस्य, टपरटुइयाँ काजी, तमासा,* सम्पा. खेम कोइरालाको *नौलो नेपाली,* सम्पा. हिमालय भक्तको *प्रिया,* सम्पा. औतारी काकाको *गाईजात्रा,*

सम्पा. रामकुमार पाँडेको *कलियुग,* सम्पा. मदनमणि दीक्षितको *समीक्षा* आदिले आफ्ना उल्लेखित पत्रिकामा विशेषाङ्क प्रकाशित गरेको देखिन्छ ।

२०३०, ०३१ सालपछि अन्य नयाँ पत्रिकाहरू पनि देखिन्छन् । जस्तै सम्पादक कृष्णप्रसाद शिवाकोटीको *ज्वाला,* सं कनकदीप व. आ. को *गोरुजात्रा, स्पार्क,* (कार्टुन विशेषाङ्क, सम्पा., श्रीधर खनालको *संरक्षक* आदि र *हालखबर* र *अर्पण* का हास्यव्यङ्ग्य विशेषाङ्क र हास्यव्यङ्ग्यप्रधानमा *खित्का, कलियुग, शिवलिङ्ग* आदि पत्रिका महत्त्वपूर्ण रहेका छन् । यस चरणमा ने.रा.प्र.प्र. (तत्कालीन) ले पनि वर्गीयरूपमा 'गाईजात्रा महोत्सव' मनाउन शुरु गऱ्यो ।

त्यसपछि स्वदेशका सीमा बाहिरबाट खास गरेर दार्जिलिङको परिवेशलाई आधार बनाएर विभिन्न समयका विसङ्गतिहरूलाई प्रदर्शन गर्ने क्रममा तयार भएका रचनाहरू अच्छा राई 'रसिक' को 'रसिक रचनावली' गुरुराज अधिकारीको 'घरज्वाइँ', प्रेम थापाको 'प्रेमस्मारक' ऋषिराम सुब्बाको 'सप्तऋषि' (सन् १९५५) जस्ता कृतिहरू देखिन आएका छन् । (पूर्ववत् : ५०)

जेहोस् यस अवधिका शीर्ष व्यक्तित्व भैरव अर्याल देखिन्छन् । हास्यव्यङ्ग्यका शाश्वत शिल्पी अर्यालको सीप र सशक्त क्षमताले नेपाली हास्यव्यङ्ग्यलाई माथिल्लो सिँढी चढाउन राम्रैसँग काँध थापेको छ । उनको लेखन प्रारम्भमा अलिक अघि भए पनि यही अवधिको सुरुदेखि उनका हाँसोको उखरमाउलो उमार्ने र व्यङ्ग्यले बङ्गारा झार्ने रचनाहरू प्रकाशित भएका देखिन्छन् । समकालीन र आफूअघिको पुस्तालाईसमेत धेरै पछाडि छोडेर लगभग उनी एक्लै सगरमाथा चढे । हास्यव्यङ्ग्यको एउटा सगरमाथा उनी आफैँ बने । विसङ्गत स्थितिमाथि पौँठेजोरी खेल्दाखेल्दै, विसङ्गत मृत्युवरण गरे । (पूर्ववत्)

यसरी अर्यालले संख्यात्मक हिसावले ५ वटा कृति लेखे पनि हास्यव्यङ्ग्यको नेपाली ढुकुटी भरेर छ्यालफ्याल हुने किसिमले यी ५ वटा कृति पर्याप्त हुने प्रशस्त आधार देखिन्छन् । उनका सामु अरू कतिपय हास्यव्यङ्ग्यकार पुड्का र फुच्चे देखिन्छन् । (पूर्ववत्) अर्यालले हास्यव्यङ्ग्यका नेपाली साहित्यकारलाई चकमकाउँदो पारे पनि पिंडाली, श्याम गोतामे, रामकुमार पाँडे, वासुदेव शर्माहरूको योगदानलाई कम आँक्न भने अपराधसरह हुनेछ । त्यसर्थ हालका प्रखर एवम् चर्चित हास्यव्यङ्ग्यकारहरूले आफ्नो हास्यव्यङ्ग्यलेखन प्रारम्भ गरेको समयावधिमात्र नभएर यसले

आधुनिक युगमा हास्यव्यङ्ग्य साहित्यलाई बलियो गरी उभ्याएकाले पनि यो चरण हास्यव्यङ्ग्य सिर्जनामा स्मरण गर्नलायक, महत्त्वपूर्ण र उर्वर देखिन्छ ।

यस समयमा अर्यालले तत्कालीन समाजको तर दूरद्रष्टाको रूपमा विद्यमान नेपाली समाज र भावी नेपाली समाजको यथास्थिति र सिद्धान्त र व्यवहारका विरोधाभाष देखिने यहाँका राष्ट्रिय, स्थानीय कार्यान्वयनको भद्रगोल अवस्थालाई 'जयभोलि !' निबन्धमा सटिक ढङ्गले प्रस्तुत गरेका छन् । उनका सबै यस्तै उत्कृष्ट, समसामयिक कृतिहरू छन्, तापनि एउटा नमुनाको रूपमा यसै निबन्धबाट छोटो गद्यांश अब यहाँ प्रस्तुत गरिन्छ :-

"हामी त भोलि भोलि भनेर बाँचिरहेका छौं तर प्रकृतिले चाहिँ भोलि नभनिदियोस् । हावाले भोलि चलुँला नभनिदियोस् । सूर्यले भोलि लागुँला भनेर नभनिदियोस् । पृथ्वीले भोलि घुमिदिउँला भनेर विश्राम नलिदियोस् । जयभोलि !" (अर्याल, २०६० : ५२)

त्यसै गरी यस चरणका कविताका सशक्त धनी व्यक्तित्व कवि भूपी शेरचनको पनि सम्झना नगरी रहन सकिन्न । हुन त भानुभक्तदेखि शुरु भएको व्यङ्ग्य चेत देवकोटा, सम, पौड्याल हुँदै अघि बढे तापनि यस युगमा आएर गद्यकवि भूपि शेरचनले 'घुम्ने मेच माथि अन्धो मान्छे' शीर्षकको कविता सङ्ग्रहमा 'हामी' लगायत सबै कविताहरूमा प्रशस्त व्यङ्ग्य कविचेत देखिन्छ । यसलाई प्रतिनिधि कविता सङ्ग्रह मानेर आउनुहोस् अब हामी 'हामी' कविताको व्यङ्ग्यात्मक भावको गम्भीर प्रतीक र विम्बको संयोजनलाई नियालौं :-

"हामी वीर छौँ
तर बुद्धू छौँ
हामी बुद्धू छौँ
र त हामी वीर छौँ ।
हामी बुद्धू नभईकन वीर कहिल्यै हुन सकेनौँ ।" (शेरचन, २०५५ : १५)

### ३.१.३.३ वि.स. २०३१ देखि २०४६ सम्म

महेन्द्रले राष्ट्रवादीको खोल ओढेर २०१७ सालमा सैनिक कु गरेपछि यस अवधि (२०३१) सम्म पञ्चायती व्यवस्थाले राम्ररी नै जरो टेकिसकेको तर यस अवधिसम्म यो मोडेलको आलोचना पनि त्यत्ति नै भएको परिप्रेक्ष्यमा सङ्कुचित वातावरणले धेरै हास्यव्यङ्ग्य सर्जकहरूलाई आफ्ना

असहमति र विरोध आफ्ना विभिन्न शैलीमार्फत् विशेष गरी वक्रोक्ति शैलीमा व्यङ्ग्य गर्ने प्रेरणा प्राप्त भयो । मुलुकको राष्ट्रिय लुट, राजनैतिक एकाधिकार र निरङ्कुशता, सामाजिक, विकृति र विसङ्गतिमाथि हास्यव्यङ्ग्यात्मक प्रहार गर्न लेखक स्रष्टाहरू यतातिर लहसिए (लुइँटेल, नरनाथ, (सम्पा.),पूर्ववत्: ५१)

यतिबेलाको जनतालाई भेडा सम्झने शासक, सामन्ती कथित राजनीतिज्ञको उछितो काढ्ने काममा नरनाथ लुइँटेल पनि सक्रिय थिए । यस क्रममा पनि पहिलेको जस्तो गति र तीब्रता नदेखिए पनि निरन्तरता दिन विभिन्न हास्यव्यङ्ग्यकार एवं कृतिहरू यस चरणमा पनि उल्लेखनीय देखिन्छन् । रामकुमार पाँडेको 'बाह्र मज्जा' (२०३०), 'सेलको माला' (२०३१), धेरै सर्जकको 'भालु पुराण', (२०३१), 'उल्लीबिल्ली', (२०३१), विपिनदेव ढुङ्गेलको 'भीरको चिण्डो' (२०३१), 'डाढेहरूको डाढो', (२०३२), केशवराज पिँडालीको 'फेरि उल्टै मिल्यो', (२०३२), लोकेन्द्रबहादुर चन्दको 'बाह्रौं खेलाडी', (२०३५), हरि बन्दीको 'आ-आफ्नो महाभारत', (२०३५), सूर्यबहादुर पिवाको 'मास्टरसाहेब', (२०३५), नरेन्द्रराज पौडेलको 'घरभित्रको गाईजात्रा', (२०३६), रामकुमार पाँडेको 'सिङ न पुच्छर', (२०३६), वासुदेव लुईंटेलको '..... बाट', (२०३६), दाताराम शर्माको 'सिस्नु ९७', (२०३७), मुक्तिकुवेर मास्केको 'धर्मराज यमको अदालत', (२०३७), ध्रुवकृष्ण दीपको 'बासीभात', (२०३८), मुकुन्द आचार्यको 'विगत र वर्तमान', (२०३८), महत्त्वपूर्ण रहेका छन् ।

त्यसैगरी विश्व शाक्यको 'श्रीकृष्ण उवाच', (२०३८), राजेश्वर देवकोटाको 'युगल काव्य', (२०३९), लक्ष्मण नेवटियाको 'लक्ष्मणका कुतकुती', (२०३९), रामचन्द्र आचार्यको फुर्सदीको 'फेरि पनि कुर्णेश' (२०३९), मुक्ति कुवेर मास्केको 'भ्रष्टाचारी काजी' (२०३९), कमलनाथ शर्माको 'साँचो केमा ताल्चामा' (२०३९), ध्रुवकृष्ण दीपको 'भुक्तमान चालिसा' (२०३९), मोहनराज शर्माको 'कोर्रा' (२०४०) र 'पुछारको पातो', (२०४०), खेममणि काफ्लेको 'धराप' (२०४१), लोकेन्द्रबहादुर चन्दको 'नेताको साथी' (२०४१), सन्तुलालजङ्ग सिजापती र रमेशद्वारा अनुदित 'तालवेताल' (२०४२), खगेन्द्र सङ्ग्रौलाको 'फाटेको लगौंटी' (२०४२) र 'टालेको दिमाग' (२०४२), वासुदेव लुइँटेलको '..... बाट' (२०४३), 'काकाका कुरा' (२०४४), होम सुवेदीको 'कालीपोके' (२०४३), नरेन्द्रराज पौडेलको 'विहेको निम्तो' (२०४४), ध्रुवकृष्ण दीपको 'बत्तीस कुलक्षिणको बथान' (२०४४), तीर्थ भण्डारीको 'खिचडी' (२०४४), विमल निभाको

'चौथो कलम' (२०४५), केशवराज पिँडालीको 'व्यङ्ग्यै व्यङ्ग्य' (२०४५), कलाप्रेमी श्रेष्ठको 'रङ्गीन चश्मा' (२०४५), नैकापे काकाको 'काकाका कुरा' (२०४६), यादव खरेलको 'खलबल' (२०४६), मुकुन्द आचार्यको 'पट्ठो बन्ने रहरमा' (२०४६), वासुदेव लुइँटेलको '....बाटको बाँकी' (२०४६), कृष्णप्रसाद बाँस्तोलाको 'महागाईजात्रा' (२०४६), हरि बन्दीको 'उल्टोपट्टि' (२०४६), श्याम गोतामेको 'श्याम गोतामेका प्रतिनिधि हास्यव्यङ्ग्य' (२०४६), वासुदेव लुइँटेलको 'काउकुती' आदि यस कालका महान् हास्यव्यङ्ग्य सिर्जना हुन् ।

यर चरणमा आइपुग्दा हास्यव्यङ्ग्यले गद्यको पनि निबन्ध विधालाई आफ्नो प्रमुख माध्यम बनाएको पाइन्छ । औपन्यासिक रूप नदेखिए पनि छिटपुट रूपमा कथा, रूपक, संस्मरण, चिठीपत्र, नाटक, एवं प्रहसनलाई माध्यम बनाए पनि यस चरणमा हास्यव्यङ्ग्य प्रकट भएको देखिन्छ । कवितामा पनि यो अवधि मुर्झाएको देखिन्छ । यस अवधिमा हास्यव्यङ्ग्य कविता कृतिहरू पनि निस्किएका देखिन्छन् । (लुइँटेल, नरनाथ, (सम्पा.) पूर्ववत् : ५२)

यस अवधिमा गाईजात्राको अवसरमा हास्यव्यङ्ग्यात्मक सामग्री प्रस्तुत गरी विशेषाङ्क निकाल्ने परम्परा विकसित भएको देखिन्छ । यस अवधिको प्रारम्भमा निस्किएका *गाईजात्रा* विशेषाङ्कहरू पनि उल्लेखनीय देखिन्छन् । विशेषगरी त्यस्ता पत्रिकाहरूमा *नयाँ समाज, रहस्य* (सम्पा. मुरारी गौतम), *हिमदूत* (सम्पा. चित्राङ्गद सिग्देल), *गोरेटो* (सं धर्मरत्न यले), *विहान* (सम्पा. कमलप्रसाद घिमिरे), *तर्क* (सम्पा. कृष्णप्रसाद बाँस्कोटा), *ज्वाला* (सम्पा. कृष्णप्रसाद सिवाकोटी), *संरक्षक,* (सम्पा. श्रीधर खनाल), *जागृति* (सम्पा. शक्तिराम भण्डारी), *समीक्षा* (सं मदनमणि दीक्षित) आदि मुख्य रूपमा देखिन्छन् ।

यो क्रमसँगै २०३८ सालपछि पनि यो क्रम फस्टाउँदै गएको देखिन्छ । त्यसपछिका गाईजात्रे विशेषाङ्क पत्रपत्रिकामा *नौलो डाँको* (सम्पा. उमाकान्त शर्मा), *रहस्य* (सम्पा. मुरारीप्रसाद गौतम), *मायालु* ( सम्पा. शम्भु श्रेष्ठ), *सगर* (सं अशोक श्रेष्ठ), *छानविन* (सम्पा. माधव शर्मा), *साँघु* (सम्पा. गोपाल बुढाथोकी) *रत्नदीप* (सम्पा. गङ्गाबहादुर  मानन्धर), *अर्पण (?), स्मरण (?), चर्चा* (सम्पा. नेपालभूषण न्यौपाने), *वकँफुस्लु* (सम्पा. एच.जी.एम.), *जन्मभूमि* (सम्पा. गणेशबल्लभ प्रधान), *कामिनी* (सम्पा. अ. कनकदीप), *अचेल,* (सम्पा. श्यामकृष्ण महर्जन), *राजमति,* (?), *युगवाणी* (?), *गाईजात्रा*

(सम्पा. आर.वी. पाक), *कञ्चनजंघा* (सम्पा. वी.वी. क्षेत्री), *ब्रह्माण्ड* (सम्पा. श्रीधर खनाल) आदि प्रकाशित महत्त्वपूर्ण विशेषाङ्कहरू हुन् ।

त्यसपछिका अन्यमा *धरा* (सम्पा. दीपक सोती, रवीन्द्र जोशी), *अन्तर्वार्ता,* (सम्पा. विश्वजीत किराँती), *प्रिया,* (सम्पा. राजभक्त हिमालय), *अस्तित्व,* (सम्पा. युद्धप्रसाद गौतम), *सिम्रिका,* ( सम्पा. आशा सिंह शाह), *समीक्षा* (सम्पा. मदनमणि दीक्षित), *जरुरी* (सम्पा. भीमनारायण शर्मा), *क्षितिज* (सम्पा. विजयरत्न), *नेपाल पोष्ट* (सम्पा. देवेन्द्र गौतम), *नयाँ किरण* (सम्पा. नरेन्द्रविलास पाण्डे) आदिले यस युगका विसङ्गति विकृतिप्रति व्यङ्ग्य प्रहार गरेको देखिन्छ ।

त्यसपछिका अन्य सृजना एवं पत्रिकाहरूमा हास्यव्यङ्ग्यप्रधान *मुस्कान* (मासिक) (सम्पा. धर्मराज बराल), *रकेट,* द्वैमासिक (सम्पा. प्रारम्भ आर.पी. भट्टराई, उत्तरार्द्ध लक्ष्मण गाम्नागे), *चड्कन* द्वैमासिक (सम्पा. लक्ष्मण गाम्नागे), *भ्याइँकुटी* त्रैमासिक (सम्पा. मणिरत्न शाक्य) देखिन्छन् ।

यसरी यस युग २०३१ देखि २०४६ सम्मका हास्य तथा व्यङ्ग्य सबै सर्जकका सृजनाहरूमा मूलतः आफू बाँचेको युगको वा समयको प्रतिनिधित्व गर्दै तत्कालीन पञ्चायती व्यवस्थाका अवशेषहरूको धज्जी उडाएको देखिन्छ । तत्कालीन समाजका विकृति विसङ्गति, रोग, भोक र प्रजातन्त्रको पुनर्प्राप्तिमा सहयोग र योगदान गर्ने खालका हास्यव्यङ्ग्यछटाहरू यस कालमा प्रखररूपमा प्रकटित भएका देखिन्छन् । त्यसकारण विशुद्ध हास्यव्यङ्ग्यको गद्य विधाको बढोत्तरी यस युगको महान् उपलब्धी हो । यस कालमा छद्मनाममा पनि ‘दीर्घबाहु’ श्रीधर खनाल, ‘भूतको भिनाजु’ वासुदेव लुइँटेल आदिले हास्यव्यङ्ग्य रचना गरेको देखिन्छ ।

### ३.१.३.४ वि.सं. २०४६ को परिवर्तन पछिदेखि २०५२ सम्म

लगभग ५० वर्षको कालखण्डमा हुर्किएको नेपाली हास्यव्यङ्ग्य रचना २०४६ सालको राजनीतिक परिवर्तनपछि भिन्नरूपमा देखा पर्छ । ३० वर्षे पञ्चायती निरङ्कुशताको जञ्जिरको साङ्लोको अवसानपछि हास्यव्यङ्ग्य प्रत्यक्ष र अप्रत्यक्ष खरोरूपमा प्रस्तुत हुन्छ । तर यसअघि ३० वर्षे अवधिमा पञ्चायती निरङ्कुशताको बुटरूपी अङ्कुशले हास्यव्यङ्ग्य रचनामा कलात्मक आवरण देखिन्छ । शिष्ट र सौम्यरूपमा तीब्र व्यङ्ग्यचेत यस अवधिका सामाजिक विकृति, विसङ्गति उदिन्ने महत्त्वपूर्ण साधन थिए । यो औजार सफल ढङ्गले चलाउने महान् हास्यव्यङ्ग्य स्रष्टा भैरव अर्याल यही कालका सशक्त प्रतिभा थिए । भैरव अर्यालको भौतिक अवसानपछिको

करीब दुई दशक साँच्चै भन्ने हो भने रिक्ततामै बित्यो भन्न सकिन्छ । (लुइँटेल, पूर्ववत् : ५३) साँच्चै उनको योगदान अतुलनीय र स्मरणीय रहेको छ । यसका अलावा समकालीन अन्य प्रतिभाहरूमा केशवराज पिँडाली, श्याम गोतामे, रामकुमार पाँडे, वासुदेव लुइँटेल, श्रीधर खनाल, घटोत्कच शर्मा, दाताराम शर्मा, लक्ष्मण लोहनीहरू पनि कम आँक्न नमिल्नेरूपमा रहेका छन् ।

महान् प्रतिनिधि सर्जक अर्यालको भौतिक विदाइसँगै उदाएका पछिल्ला स्रष्टाहरूमा खगेन्द्र सङ्ग्रौला, चूडामणि रेग्मी, चोलेश्वर शर्मा, तीर्थ भण्डारी, ध्रुवकृष्ण दीप, नरेन्द्रराज पौडेल, बज्रपाणी (हालका चट्याङमास्टर), भाउपन्थी, भोगेन्द्र बस्नेत, मदनकृष्ण श्रेष्ठ, मुक्तिकुवेर मास्के, मुन पोखरेल, मोहनराज शर्मा, राजव, राजेन्द्र सुवेदी, लोकेन्द्रबहादुर चन्द, वासु रिमाल 'यात्री', विष्णु प्रभात, विश्व शाक्य, विमल निभा, सूर्यबहादुर पिवा, हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठको महजोडीका हास्यव्यङ्ग्यप्रबल विभिन्न सृजनाहरू यस युगका महान् उपलब्धीका रूपमा देखिन्छन्, तर यस अवधिमा पनि भैरव अर्यालजस्ता व्यक्तित्वमूलक रचनाधर्मिता पाउन हम्मेहम्मे परेको छ । त्यो पछिल्लो पिँढीमा हास्य कम व्यङ्ग्यको बोझ बढी तथा राष्ट्रिय समस्याको रूपमा प्रकट भएका नवीन सवाल एवं सन्दर्भहरूलाई बौद्धिक ढङ्गले गम्भीर पारामा व्यङ्ग्यात्मक प्रहार गर्ने प्रवृत्ति ज्यादा देखिन्छ । (पूर्ववत् : ५३)

यसकालका हास्यव्यङ्ग्य कृतिहरूमा रामेश्वर लामिछानेको 'आलेको अन्तर्वार्ता' (२०४७), रविकिरण निर्जीवको 'सोझा निर्जीवका बाङ्गा निबन्धहरू' (२०४७), हृदयप्रसाद मिश्रको 'उद्घाटन', (२०४७), सम्पा. राजेन्द्र सुवेदी/हीरामणि शर्मा पौडेलको 'हास्यव्यङ्ग्य निबन्ध' (२०४७), रमेश खनालको 'हाँसो' २०४८), वासुदेव लुइँटेलको 'आत्मपुराण' (२०४८), सम्पा. मोहनराज शर्माको 'हास्यव्यङ्ग्य कविता' (२०४८), रत्नप्रसाद श्रेष्ठको 'चुट्किला सङ्ग्रह' भाग १ र २ (२०४८), (अनु.) चन्द्रमान बज्राचार्यको 'आफन्तीको कथा' (२०४९), बमबहादुर थापा 'जिताली' को 'धोती न टोपी' (२०४९), कुलचन्द्र कोइरालाको 'बाजेपुराण' (२०४९), राजवका 'मानवीय बनोट', रुद्र खरेलको 'तपाईंको नाम के हो ?' (२०४९), रामकुमार पाँडेको 'तालबेताल' (२०४९), राजेन्द्र सुवेदीको 'खाली सिसी पुराना कागज' (२०४९), रमेश विकलको 'अब अगाडि बढ्नु छ' (२०५०), भरतराज पन्तको 'गुन्द्रुक' (२०५०), लक्ष्मण गाम्नागेको 'घिटिक घिटिक बाँचेको सहरमा' (२०५०), जयराम शर्माको 'तँलाई हरियो बाँस' (२०५०), प्रकाश प्रेमीको 'पर जा तन्त्र' (२०५०), विश्वमान शाक्यको 'पुड्के मानदेवको पुड्का

कविताहरू' (२०५०), रामकुमार पाँडेको '१०१ हास्यव्यङ्ग्य' (२०५०), मदनकृष्ण हरिवंशको 'महसन' (२०५०), श्यामबहादुर लामाको 'मेरो गोरु' (२०५०) महत्त्वपूर्ण उपलब्धीका रूपमा देखिन्छन् ।

यस समयमा विभिन्न विधाको आड लागेर भए पनि हास्यव्यङ्ग्य अगाडि बढे तापनि निबन्ध संरचनातर्फ बढी ढल्किएको आभास हास्यव्यङ्ग्य स्रष्टाहरूको सृजनामा भएको निबन्धगत संरचनाको प्राथमिकताले निर्धारण गर्दछ ।

यस अवधिमा कविता, रूपक, चिठी, नाटक, प्रहसनजस्ता विविध माध्यमहरू केही मात्रामा देखापरेका छन् र निबन्धगत संरचनामा हास्यव्यङ्ग्यलेखन ज्यादा मौलाउनाको कारण सायद भैरव अर्यालका अधिकांश उत्कृष्ट रचना निबन्धमै बाँधिएकाले हुनुपर्छ । पृष्ठभूमिमा उनीपछिका स्रष्टाहरूलाई मनोवैज्ञानिक प्रभाव पारेको हुन सक्छ । अन्ततः हास्यव्यङ्ग्य सृजना भनेको निबन्धमै बाँधिएको हुनुपर्छ भन्ने भ्रम नै उत्पन्न हुन खोजेको देखिन्छ । यद्यपि यसो होइन । ( लुइँटेल, पूर्ववत् : ५३)

यस अवधिमा अन्य महत्त्वपूर्ण कृति पनि लेखिए जसमा राजेशमान सिंहको 'अपरेशन' (२०५१), केशवदत्त बडूको 'ऐसा आया जमाना' (२०५१), विश्व शाक्यको 'कस्तो गधा रहेछ' (२०५१), विष्णु प्रभातको 'खुर्सानी पुराण', (२०५१), हृदयप्रसाद मिश्रको 'च्वाँक' (२०५१), नरनाथ लुइँटेलको 'छेपन' (२०५१), नरेन्द्रराज पौडेलको 'मङ्की स्टेट याने वानरराज्य' (२०५१), डम्बर डी. को 'बोकाको मुखमा कुभिण्डो' (२०५१), चूडामणि रेग्मीको 'गजबास्टक १०८' (२०५१), शङ्कर कोइरालाको 'जनतालाई भोक', रोग र 'शोक' (२०५२), जयराम शर्माको 'टिम्मुर' (२०५२), कूलमणि देवकोटाको  '२०५१ का कविता' (२०५२), केशवदत्त बडूको 'बाहृ व्यङ्ग्य' (२०५२), रुद्र खरेलको 'तोरी लाउरे चोकमा एक छिन' (२०५२), शिवप्रसाद पोखरेलको 'व्यङ्ग्यत्रयी' (२०५२), तिलकराज शर्मा पौडेलको 'पार्टी खोल्ने धूनमा' (२०५२), 'वेनामीको वासुदेव पुराण' (२०५२), श्यामबहादुर लामाको 'मेरो गोरु' (२०५२) आदि कृति महत्त्वपूर्ण छन् ।

यसरी जब २०४६ मा पञ्चायती शासकहरूको ताजमहल ढलेपछि विसङ्गति र विकृतिको एउटा कालो युग सकिएर नेपाली जनताको असीम बलिदानीबाट पुनप्राप्तिको प्रजातन्त्रले आम जनताको आशा, आकाङ्क्षा र आस्थाको लहर एकसाथ ल्याइदियो । चेतना र चिन्तनको

मधुमासमा खुल्ला र स्वतन्त्रताको पखेटा हालेर सञ्चार याने पत्रिपत्रिकाको बाढी आयो । नयाँ शक्ति प्रजातन्त्रको नाममा धमिलो पानीमा माछा मार्नेहरू र पञ्चायती भूतबाट ब्युँतिएर चोखिएकाहरूले नेपाली जनताको उत्कट अभिलाषाहरूमाथि फेरि भ्रष्टाचार, अनैतिकता, विकृति, विसङ्गति, धोका, छलछाम, षड्यन्त्र र बोली र व्यहारमा आकाश-पाताल ल्याएर फेरि एकपटक लात हाने । प्रजातान्त्रिक मूल्य र मान्यतामा ठूलो ह्रास आयो  र राजनीति फेरि पनि घृणा र व्यक्तिगत स्वार्थ, चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, फरियावादमा नौटङ्की बन्दै लुटपुटियो । सुविधा, स्वार्थ, महल, पजेरो, सुत्केरीभत्ता, जम्बो सत्ता, कमिसन, पुराना पञ्चको जगमा नयाँ पञ्चमार्फत चुलिएर स्वतन्त्रता, जनजीवीका र प्रजातन्त्र बाँदरको हातमा नरिवलजस्तो बन्यो । यसकारण २०५२ साल फागुन १ गते नेपालको इतिहासमा यही संसदीय फोहरी खेलको विरुद्धको नाम दिएर माओवादी सशस्त्र द्वन्द्व शुरु भयो । हास्यव्यङ्ग्य साहित्यको लागि २०४६ देखि २०५२ सम्म उर्वरकाल रह्यो भने २०५२ पछि नेपाली हास्यव्यङ्ग्य हजारौंहजार नेपाली आमाका सन्ततिहरू आफ्नै काखमा रेटिएको, काटिएको, क्षतविक्षत भई रगतको आहाल बनेको अभिशप्त परिदृश्यले नेपालीको ओठमा हाँसो छाउन सकेन । यद्यपि घस्रीपस्री  पनि नेपाली हास्यव्यङ्ग्यसाहित्य यस कालमा पनि समय सुहाउँदो खुराक बोकेर प्रशस्तै देखा पर्छ ।

हास्यव्यङ्ग्य साहित्य क्षेत्रमा विभिन्न उद्देश्य राखी २०४६ पछि गठित 'सिस्नुपानी नेपाल' ले पछिल्लो पिँढीको उत्साह सञ्चारको बलमा 'हास्य जुलुस', 'हास्यव्यङ्ग्यात्मक झ्यौसी', 'खित्का गोष्ठी', 'कुर्सीमाथि फर्सी', 'उपत्यकाव्यापी हास्यव्यङ्ग्य कविता महोत्सव', 'दहीच्यूरा काव्यगोष्ठी', 'पर्खाल चढ्ने मन्त्रीको सम्मान जुलुस', 'आगो ताप्नु मुढाको, कुरा सुन्नु बूढाको', 'वाइ-टु-के सिस्नुपानी' जस्ता हास्यव्यङ्ग्य कार्यक्रम प्रस्तुत गरेको देखिन्छ । (www.damadol.com) साथै वेभसाइट पनि सञ्चालन गर्दै आइरहेको छ ।

### ३.१.३.५ वि.सं. २०५२ देखि २०६२ सम्म

माथि नै चर्चा गरिसकियो कि २०४६ पछिको राजनीतिक असफलताले २०५२ सालको फागुन १ को माओवादी जनयुद्धसँगै आखिर यो राम्रो उद्देश्यकै लागि भएको भए पनि धेरै नेपाली जनता बुद्धको यो शान्तिभूमि, सर्वोच्च हिमालयको शान्त फूलबारी १० वर्ष माओवादी जनयुद्धले प्रभावित भयो । हास्यव्यङ्ग्यको विकासमा त्यति उर्वरकाल नभए पनि यो काल, देश, काल र परिस्थितिको गति पहिल्याउँदै आफ्नो निरन्तर अस्तित्त्वलाई निरन्तर धान्न सफल हुन्छ ।

विशेषगरी संसदीय असफलताका अवशेषहरू उधिनेर अर्जुन पराजुली, माधव पोखरेल, कृष्णमुरारी गौतम (चट्याङमास्टर), हरिवंश-मदनकृष्ण, विमल निभा, विमल भौकाजी, बद्री दाहाल (भष्मासुर), लक्ष्मण गाम्नागे, मनोज गजुरेल, बद्री विप्लवी दाहाल आदिजस्ता स्रष्टाहरूले कविता, प्रहसन, टिभी कार्यक्रम, रेडियो कार्यक्रम वा पत्रिपत्रिका, विशेषाङ्कहरूमार्फत् हास्यव्यङ्ग्य रचना गरिरहन्छन् ।

यस कालका चर्चित कृतिहरूमा विष्णु प्रभातको 'खुच्चिङ' (२०५३), शिवप्रकाशको 'जय नेताजी' (२०५३), नरनाथ लुइँटेलको 'सिङ न पुच्छर' (२०५३), चूडामणि खनालको 'अन्तर्राष्ट्रिय पुड्के सम्मेलन' (२०५३), बी. आर. शर्माको 'अष्टबक्र' (२०५३), गोपालराज मैनालीको 'खुसुक्क भन्नुस् फच्या' (२०५३), उत्तमकृष्ण मजगैयाँको 'गृहलक्ष्मी भित्र्याएपछि' (२०५४), विश्व शाक्यको 'यमराजको निम्तो' (२०५४), उत्तमकृष्ण मजगैयाँको 'जय अवसरवाद', 'धरोधर्म हजुर' र सुनको फुल पार्ने पोथी (२०५४), अर्जुन पराजुलीको 'आन्द्रालोक' (२०५४), सूर्यबहादुर पिवाको 'घुएँत्रो' (२०५५), 'झटारो' (२०५५), मनोहर अधिकारीको 'नेताको गलगाँड' (२०५५), नरनाथ लुइँटेलको 'चम्चा चिन्तन' (२०५५), आर.सी. रिजालको 'कुकुरको पुच्छर' (२०५५), लेखनाथ भण्डारीको 'बेमौसमका रागहरू' (२०५५), मुन पौडेलको 'सफलताका तीन मन्त्र' (२०५५), भाउपन्थीको 'चोर ! चोर !' (२०५५) जस्ता महत्त्वपूर्ण उपलब्धी यस अवधिका हुन् ।

त्यसपछि गणेश पौडेलको 'मन्त्री पुराण' (२०५६), चट्याङमास्टरको 'चट्याङगीता' (२०५६), उत्तमकृष्ण मजगैयाँको 'तिमी नहेर देश डुब्न्या छ' (२०५६), चुडामणि रेग्मीको 'अरे', 'उदेक लाग्दा कुरा' र 'गजवास्टक' (२०५६), रुद्र खरेलको 'बिर्सिस्यो कि ?' (२०५७), लक्ष्मण गाम्नागेको '३ न १३' (२०५७), विश्व शाक्यको 'पशु महापुराण' (२०५७), 'विकासे च्याङ्ग्रो' (२०५९), बद्री दाहाल 'भष्मासुर' को 'भष्मासुरको खित्का' (२०५७), विष्णु प्रभातको 'खुलै खुला कुरा' (२०५७), श्रीधर खनालको 'चट्याङचुटुङ' (२०५७), भुपेन्द्र सुवेदीको 'भुटुनविनाको तरकारी' (२०५७), चट्याङमास्टरको 'चट्याङगीता - २' (२०५८), हरिकला उप्रेतीको 'उपद्रो' (२०५८), नरमेन्द्र लामाको 'सांसदको पाडो' (२०५८), मुन पौडेलको 'बुद्धिजीवी र पुच्छर' (२०५८), मनोज गजुरेलको 'लुखास्त' (२०५९) र 'हनुम्यान' (२०५९), कृष्णप्रसाद घिमिरेको ट्याब्लेटको मान्छे' (२०५८) र 'मैदेलीको मादल' (२०५९), रामकुमार पाँडेको '१०१ हासने

कविता' (२०५९), शेषराज भट्टराईको 'रिषिमुनिका सन्तान सिसीमुनि' (२०५९), सौरभ श्रेष्ठको 'अजब गजब' (२०६०), गायत्री परिरोशनीको 'झटारो' (२०६०), नरमेन्द्र लामाको 'खुकुरी र दूध' (२०६०), नरनाथ लुइँटेलको 'बाँदरको हातमा नरिवल' (२०६०), विष्णु प्रभातको 'खुसुक्क कम्पनी' (२०६०) र 'खुराक' (२०६०), चट्याङमास्टरको 'चट्याङगीता - ३' (२०६०), सम्पा. भाउपन्थीको 'आधुनिक नेपाली हास्यव्यङ्ग्य' (२०६०), लक्ष्मण गाम्नागेको 'लाठीचार्ज' (२०६०), प्रकाश ज्ञवालीको 'उपाय बहिष्कार', (२०६०), हरिकला उप्रेतीको 'गोर्खेलौरी' (२०६१), वासुदेव गुरागाईंको 'थोते हाँसो' (२०६१), चूणामणि वशिष्टको 'कुरा यिनै हुन् कसो पो गर्ने र !' (२०६२), गायत्री परिरोशनीको 'बोकापालन' (२०६२), दिनेश केसीको 'टिलटिले घैंटो' (२०६२), अविरामको 'के छ हजुर ?' (२०६२), राजु उदयपुरेको 'द न्वारान' (२०६२) आदिजस्ता कृतिगत उपलब्धीहरू यस समयमा देखिन्छन् ।

यसरी यस समयमा हास्यव्यङ्ग्य स्रष्टाहरूले देश र समाजको विसङ्गति र विकृतिमा खरो कलम चलाएर केही हदसम्म द्वन्द्वको आलो घाउलाई सान्त्वना दिन खोजेका छन् । राजनैतिक अस्थिरता र फैलँदै गएको द्वन्द्वलाई  पक्डेर यस कालका हास्यव्यङ्ग्यकारहरू सत्य, तथ्य, सामाजिक र राजनीतिक विकृति, विसङ्गतिको धज्जी उडाउँदै नेता तथा राज्य सञ्चालकहरूको ओठतालु सुकाउँदै अशान्तिको विपक्षमा शान्तिको पक्षमा सशक्त कलम चलाएर आम सर्वसाधारण नेपालीको ओठमा पीडा बिर्साउँने मन्द मुस्कान ल्याउन खोजेको यो युगको कुनै पनि रूपका सृजनाहरू महान् उपलब्धी हुन् ।

तत्कालीन राजाको निरङ्कुशतामा संसद्वादीको अकर्मण्यता र माओवादी युद्धको विचलनको तत्कालीन परिवेशमा यस कालका नवोदित तथा सिद्धहस्त हास्यव्यङ्ग्य स्रष्टाहरूले सचेततापूर्वक आफनो साहित्यिक धर्म पूरा गरेको रूपमा पनि यो समय अविस्मरणीय छ ।

### ३.१.३.६ वि.सं. २०६३ देखि हालसम्म

ऐतिहासिक जनआन्दोलन भाग-२ र माओवादी र तत्कालीन सकारबीचको १२ बुँदे सम्झौताको परिणामतः वि.सं. २०६२-०६३ को जनआन्दोलनले आमूल परिवर्तन ल्याउँछ । राजा निलम्बित हुन्छन् । अन्तरिम संविधान २०६३ लागू हुन्छ । संविधान सभाको चुनावसँगै नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा हुन्छ ।

यसरी २०६३ मा नेपालमा भएको यो पहिलो आश्चर्यजनक घटनाक्रम परिवर्तन हुन्छ र करिब २ करोड ३३ लाख जनतामा फेरि एकपटक असीम चाहना, सपना, आकांक्षाका लहरहरू उठ्छन् । छिटो छिटो परिवर्तनको आकांक्षाअनुरूप यस समयमा पनि विभिन्न हास्यव्यङ्ग्य सर्जकहरू अग्रगमन र परिवर्तनको अघि-पछि गर्दै रहेको आशङ्कित अवस्थामा पनि खबरदारी गर्ने खालका त्यतिकै संगठित र सचेतमूलक हास्यव्यङ्ग्य रचना खास गरी यस अवधिमा देखिन्छन् ।

यस कालका स्रष्टाहरूमा मनोज गजुरेल, अर्जुन पराजुली, नरनाथ लुइँटेल, बद्री दाहाल 'भष्मासुर', मोहनराज शर्मा, रमेश विकल, लक्ष्मण गाम्नागे, चट्याङमास्टर, विमल निभा, महजोडी, गोपाल नेपाल 'फिस्टे', जितु-दमन, शिवहरि पौड्याल, बद्री दाहाल 'सिन्धुलेली' आदि ज्ञात र कतिपय अज्ञात स्रष्टा प्रशस्तरूपमा लागि परेका छन् ।

यस समयका अन्य महत्त्वपूर्ण स्रष्टाहरूमा चूणामणि रेग्मीको 'गफाडीका गफ' (२०६३), अचिकाले ओझाको 'अनिकालको गफ र पिँडालुको तरकारी' (२०६३), आर. सी. रिजालको 'हाकिमको खटपट' (२०६३), उमेशप्रसाद गौतमको 'कहीँ नभा जात्रा हाँडी गाउँमा' (२०६३), रुद्र खरेलको 'शब्दको भ्वाङ' (२०६४), चूणामणि खनालको 'खिनौरी सहर पसेपछि' (२०६४), अनिल कोइरालाको 'चड्कनच्युरा' (२०६४), रामकुमार पाँडेको 'सरकार' (२०६४) र (२०६५), आदि यस कालका महत्त्वपूर्ण उपलब्धी देखिन्छन् । सामूहिक आक्रमणका अतिरिक्त निजी आक्रोशसम्मकापरिस्थितिलाई पनि आजका व्यङ्ग्यकारले छोडेका छैनन् ।(सुवेदी/शर्मा पूर्ववत् : स) ।

यसरी यस अवधिमा हास्यव्यङ्ग्य स्रष्टाहरूको प्रवृत्ति मूलतः सामाजिक, विसङ्गति र विकृतिको भण्डाफोर गरी समाजलाई परिवर्तन गर्ने नै रहेको देखिन्छ । नेपालीको विडम्बनाको रूपमा रहेको अस्थिरताको स्वरूपमा आमूल परिवर्तन देखिए पनि सारमा उस्तै वा बोतल उही रक्सी नयाँ जस्तो ढाँचामा फेरि पनि उहीरूप लिइरहेझैं लाग्छ । आम सर्वसाधारण जनताको स्थिति उस्तै छ । नैतिकहीन राजनीति, महँगी, भ्रष्टाचार, रोग, भोक, अशिक्षा, चोरी, पजेरो र महल संस्कृति, लुट, ठगी, दूराचार, कालोबजारी, शोषण, सुरासुन्दरी, विदेश भ्रमण, छुवाछूत, भेदभाव, असमानता, अभाव आदि अन्याय, अत्याचार र विभिन्न समाजिक अपराधहरू नयाँ संरचनामा सङ्गठित भई घट्नुको साटो झन् उठेको देखिन्छ । यही विद्यमान अवस्थामा आफू बाँचेको युग र समयको प्रतिनिधित्व गर्दै सम्पूर्ण स्रष्टा यी तमाम सामाजिक विकृतिको भण्डाफोर र आक्रमणको जगमा उभिएर समय र परिवेशले मागेका शिष्ट र सौम्य शैलीमा रचना गर्दै अघि

बढेका देखिन्छन् जुन आजको खुल्ला तर रोगी समयको प्रतिनिधि आवाज हो । विभिन्न विधा र माध्यमसहित हास्यव्यङ्ग्यसम्बन्धी कृति, कार्यक्रम र नयाँनयाँ शोधकार्य पनि यो समयको थप उपलब्धी हो ।

यसरी नयाँनयाँ ढाँचा, माध्यम र शैलीमा यस अवधिमा हास्यव्यङ्ग्य स्रष्टा आर्थिक महत्त्वाकाङ्क्षासँग परिमाणात्मक रूपमा निकै अघि बढे पनि गुणात्मक पक्षमा भने सचेत हुनै पर्ने देखिन्छ । पाँडेगाली र अश्लीलताबाट केवल सस्तो हाँसो र दिल्लगी छिल्लगीबाट बचेर कलात्मक विश्वजनीन परिवेशबाट समानान्तर स्थितिमा आफूलाई उभ्याइराख्न पनि व्यापक कसरत गर्नुपर्ने आवश्यकता एकातिर छँदै छ भने अर्कातिर यस अवधिको पछिल्लो क्षणसम्म पनि कायम भइरहेको गराइ र भनाइबीच तालमेल हुन नगई राणाकालीन, पञ्चायतकालीन र प्रजातन्त्रकालीन उही संसद्वादी भासमा भासिँदै गएको आजको परिवेश हास्यव्यङ्ग्यको बलियो खुराक बनिरहेको छ । हास्यव्यङ्ग्य स्रष्टाको मूल धर्म, शिष्ट र सौम्य शैलीमा स्वर्णिम समाजको परिकल्पना र यथार्थताबीच कलात्मक तालमेल गराउनु नै आजको र भोलिको प्रथम दायित्व हुनुपर्छ/हुनेछ भन्ने आशा सञ्चार गराउने प्रशस्त ठाउँहरू देखिनु नै आजसम्मको महान् उपलब्धी रहेको छ ।

# परिच्छेद - चार

## ४. मेरा हास्यव्यङ्ग्यसम्बन्धी धारणाहरु

हास्यव्यङ्ग्य वास्तवमा मानवइतिहास जतिकै पुरानो छ । मान्छे जबदेखि पृथ्वीमा आयो त्यसै बेलादेखि हाँस्ने, रुने, जिस्काउने, खिसी गर्ने, छड्के हान्ने, पेच पार्ने र मनलाई एक खालको आत्मसन्तुष्टि दिँदै आयो । स्वभावैले मान्छे चेतनशील प्राणी हो । बहुसम्वेदनायुक्त प्राणी मान्छेले आफ्ना बुद्धि र भावनाबीच तालमेल मिलाउँदै कालान्तरमा नयाँ नयाँ आविष्कार गर्दै गयो र त्यो मौखिक र साङ्केतिक रूपमा रहेको हास्यव्यङ्ग्यात्मक व्यवहारलाई अभिव्यक्तिको माध्यम बनाउँदै विभिन्न प्रकाशन, प्रशारण गर्दै लिपिवद्ध गर्दै आइरहेको छ ।

मान्छेले परापूर्वकालमा सवाई, भजनजस्ता मौखिक साहित्यका रूपमा हस्तान्तरण गर्दै र विस्तारै भोजपत्र, खाँसीपत्ता आदिमा आफ्ना भावना कोर्दै विभिन्न विधाको सृजना गऱ्यो र त्यो सम्भवतः सबैभन्दा पुरानो आफ्नो स्वभावलाई विभिन्न ढङ्गले प्रस्तुत गर्दै आयो । अन्ततः मानिसले कतिपय अरूको नासोबाट मनोरन्जन लिई आत्मसन्तुष्टि लिन वा समाज र व्यक्तिका खराबीहरूको शल्यक्रिया गर्न  हास्यव्यङ्ग्य प्रस्तुत हुन थाल्यो । आधुनिक युगमा आएर त विभिन्न प्रविधिको प्रयोगले विभिन्न ढङ्ग र शैलीबाट विभिन्न साहित्यिक विधाहरूमा समावेश गराउँदै समाज परिवर्तनको सचेत परिवर्तनमा अहं भूमिका यसले खेल्दै आएको पाइन्छ ।

आजको परिवेशमा हास्यव्यङ्ग्य जटिल समाजका सामाजिक विकृति र विसङ्गतिहरूलाई हटाउने र एउटा सुन्दर मानवसमाजको निर्माणको उद्देश्य हास्यव्यङ्ग्य साहित्यले लिएको पाइन्छ । हास्यव्यङ्ग्य अन्तरविधात्मक हुन्छ । यो आफैं छुट्टै विधा भने हैन । यो अरू विधा कविता, निबन्धमा मिश्रण भएको देखिन्छ र अझ निबन्धमा हास्यव्यङ्ग्य बढी प्रयोग भएको छ ।

यसकारण हास्यको शाब्दिक अर्थ हाँसो हो । कुनै पनि नमिलेको विकृति, विसङ्गतिमा मान्छे हाँस्नु प्राकृतिक गुण नै हो तर त्यसलाई  सामाजिक विकृति, विसङ्गतिमा संयोजन गरेर समाज परिवर्तनको महान् लक्ष्य हास्यव्यङ्ग्यले राखेको हुन्छ ।

हास्यव्यङ्ग्य २ अलग शब्द भए पनि यिनको बीचमा समानता र थोरै भिन्नता अवश्य छ । हास्य क्षणिक हुन्छ । यो सस्तो र क्षणिक प्रभाव पार्ने खालको र व्यङ्ग्य दीर्घकालसम्म गहिरो प्रभाव पार्ने खालको हुन्छ । व्यङ्ग्य हास्यको तुलनामा केही जटिल भावपूर्ण वा अर्थपूर्ण हुन्छ ।

यस सम्बन्धि चर्चा माथि दोस्रो र तेस्रो अनुच्छेदमा विस्तृत रूपमा गरिएकोले यहाँ सामान्य परिचय मात्र दिइन्छ ।

मेरो विचारमा हास्यव्यङ्ग्य समाजको ऐना हो । यसले समाजको स्वतन्त्र परिपाटीलाई अनुभूत गर्दछ । समाजशास्त्री म्याक्स वेबर भन्छन् -"समाज मानवीय सम्बन्धको जालो हो" खास अर्थमा त्यही जटिल मानवीय जालोमा वा संरचनामा रहेका तमाम विकृतिहरूलाई हाँसो र रमाइलो ढङ्गमा कलात्मक शैलीमा व्यङ्ग्यरूप प्रस्तुत गर्नु हो, जसले पाठकलाई वा सम्बन्धित व्यक्तिलाई अज्ञात किसिमले सचेत र परिवर्तनका लागि आग्रह गर्दछ । अझ यसो भनूँ गल्ती गरेको मान्छेलाई तैँले गल्ती गरिस् भनेर सोझै भनेर रिस उठाउनुभन्दा तपाइँले गल्ती त गर्नुभयो वा भएन तर कामचाहिँ बिग्रियो भन्दा दोस्रो भावले उसलाई कुत्कुत्याएर हँसाउँदै आफ्ना गल्तीबाट सच्याउन प्रेरणा मिल्दछ । यो ससम्मान व्यक्ति र समाजलाई बदलेर हिँड्ने एउटा कला हो ।

हाँसो मानव स्वास्थ्यका लागि पनि अपरिहार्य मानिन्छ । मान्छे स्वभावैले हाँसीखुसी रहन चाहने प्राणी भएकाले उसले हास्य तर उपयोगी विषयवस्तुको अपेक्षा गर्दछ । जसको पूर्ति हास्य-व्यङ्ग्यको पूरापुर मिश्रणबाट मात्र हुन सक्दछ । तर हाँसोको कति मात्रा र व्यङ्ग्यको कति मात्रा भन्ने सम्बन्धमा भने सचेततापूर्वक दीर्घकालीन प्रभाव पार्ने हास्यमिश्रित व्यङ्ग्य रचनाहरू नै आजको गुणात्मक आवश्यकता हो ।

### ४.१ म किन हास्यव्यङ्ग्य लेख्दछु ?

माथि पनि भनिसकियो कि मान्छेका जीवनपक्षका अन्तरङ्गहरू जन्मजात हुन्छन् । प्राकृतिक हुन्छन् । कृत्रिम अभिव्यक्तिहरू निरस लाग्छन् । ती ठेली हुन सक्छन् तर पठनीय विषय हुन सक्दैनन् । मान्छेका अनगिन्ति रुची हुन्छन् तापनि एउटा कुरामा चाहिँ मानवजातिकै स्वार्थ मिल्छ, त्यो हो हाँसो, खुसी, रमाइलो आदि । त्यसकारण मानिसका मनमा रहेका विभिन्न समान भाव, संवेदना, उमङ्गका तरङ्गहरूलाई सामान्यीकरण गर्ने कार्य हास्यव्यङ्ग्यले गर्न सक्छ । यो लोकप्रिय साहित्यको रूपमा आज संसारमै हरेक क्षेत्रहरूमा समावेश वा मिश्रण गरिन्छ । आफैँ विधा नभएर पनि विधा जत्तिकै हरेक सर्जकको भावनामा प्रशस्त मात्रामा अभिव्यक्त भएर रहनु यसको सर्वव्यापी गुण हो ।

म बाँचेको युग संवत्को ३०, ४०, ५० र ६० को दशक हो । यस अवधिमा भएका सामजिक परिवर्तनहरू, त्यसलाई आत्मसात गर्न नसक्ने पक्षहरू र त्यसको बढी यान्त्रीकरणमा रमाउन खोज्नेहरू दुवै बीचमा तालमेल हुन नसकेका र त्यसले निम्त्याएका असङ्गतिपूर्ण संरचना तथा प्रवृत्तिगत टकरावहरू एवम् आदर्श र जीनगत रूपमा भएका बेमेलहरूबाट उत्पन्न मानवीय तथा सामजिक विकृति र विसङ्गतिहरूको अन्त्य गर्न वा सन्तुलन कायम राख्न हास्यव्यङ्ग्य साहित्य एउटा महत्त्वपूर्ण औजार हुनसक्छ । त्यसकारण हास्यव्यङ्ग्य मान्छेले समाजमा रहेर आफूलाई हेर्ने वा अरूको अनुहार देखाएर यथार्थबोध गराउने महत्त्वपूर्ण अन्तरविधात्मक शक्ति हो । मलाई हास्यव्यङ्ग्यको घोचो लिएर जानेर वा नजानेर गल्ती गर्ने व्यक्तिलाई समरेखामा सम्मानपूर्वक समेट्न सकिन्छ भन्ने नै लाग्छ । त्यसकारण मैले निबन्ध लेखे पनि वा कविता लेखे पनि हास्य वा व्यङ्ग्य घुलमिल भइहाल्छ । यद्यपि मेरा कलमले हास्यभन्दा पनि बढी व्यङ्ग्यलाई अँगाल्छ र त्यो व्यङ्ग्य पनि निबन्धमा बढी छचल्किन पुग्दछ ।

मेरो सृजनात्मक लेखनढाँचामा हास्य, हास्यव्यङ्ग्य वा व्यङ्ग्यचाहिँ कुन बढी भन्ने सम्बन्धमा निम्न चर्चा पाइन्छ । पत्रिकाको स्तम्भमा रचना प्रकाशन गर्ने क्रममा व्यङ्ग्योक्तिका शीर्षक दिएर *नेपाल समाचारपत्र* दैनिकलगायतका विभिन्न पत्रिकामा प्रकाशन गर्दा, कार्यक्रममा प्रस्तुत हुँदाताकाका प्रतिक्रियाहरू यसप्रकार छन् :-

"बद्री विप्लवी दाहालका व्यङ्ग्योक्तिहरू समसामयिक र पठनीय छन् । त्यसकारण यस्ता रचनाहरूलाई निरन्तरता दिइयोस् ।"

-माधव शर्मा, पाठकपत्र, *नेपाल समाचारपत्र* दैनिक, २०६२, ६/२ पृ. ४

*हिमालय टाइम्स* पत्रिकाको पाठक प्रतिक्रिया यस्तो छ :-

"बद्री विप्लवी दाहालका व्यङ्ग्यले बाटो बिराउनेको मनमा सियोलेझैं चसक्क घोच्छ तर दुखाउँदैन बरु एकपल्ट हँसाउँछ ।"

-महेश कायस्थ, *हिमालय टाइम्स,* दैनिक, पाठक प्रतिक्रिया, २०६१, ५/२ पृ. ४)

यी आदरणीय पाठकहरूका प्रतिक्रियाले मेरा रचनामा हास्यव्यङ्ग्य दुबै तर व्यङ्ग्यको पुट बढी भएको केही प्रस्टोक्ति मिल्छ । तर जेहोस् अधिकांश पत्रिका वा पुस्तकहरूमा व्यङ्ग्यको उल्लेख गरिने भएकाले मेरो सृजनाको वेगले विषयवस्तुलाई र त्यसको गहिराईलाई ध्यान दिँदा व्यङ्ग्यले

हास्यको तुलनामा बढी प्रश्रय पाएको हुनसक्छ । यी दुई प्रतिक्रिया नमुनामात्र हुन् । समय र यो सानो सृजनापत्रमा सबै उल्लेख गर्न नसक्ने भएकाले यसलाई यत्ति नै ।

निबन्ध भनेको शिल्पका दृष्टिले वाक्यग्रन्थको अभिनव क्रीडाभूमि हो । यस लीलाभूमिमा स्वगत् अभिव्यञ्जनका निजी पखेटा चालेर उड्न पाइन्छ, त्यसकारण यसै विधानमा हास्यव्यङग्य पोखेर अझ सप्तरङ्गी बनाउने उद्देश्यले मैले हास्यव्यङ्ग्य निबन्धलाई नै रोजेको हुँ ।

## ४.२ हास्यन्यङ्ग्य र जीवनको सम्बन्ध

जीवन मानवजीवनको अर्थ हो । मान्छे समाजका सीमाभित्र जीवित रहन्छ । मानिसको भावनात्मक सृजनाको विशिष्ट योगदान हो, साहित्य । मानिसका लागि मानिस स्वयम्ले आर्जन गरेको एउटा शाश्वत सम्पत्ति साहित्य हो । यही साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध विधामा आत्मसन्तुष्टि, ज्ञान र उपदेश प्रदान गर्न मिल्ने प्रशस्त ठाउँ निबन्धमा हास्यव्यङ्ग्यले सजाउने कार्यले जीवन र यसको दर्शनसँगै घनिष्ट उत्कर्षताको क्रममा जति पनि परिभाषा, मान्यता, प्रवृत्ति, प्रकृति र स्वरूपहरू प्रस्तुत गरेको छ, ती सबै उपक्रमहरू मानवजीवनका भोगाइ, सोचाइ, चिन्तन, मान्यता, प्रवृत्ति, प्रकृति र स्वरूपहरूको माध्यमबाट ग्रहण गरेको छ । निबन्धमा हुने कल्पनात्मक पुटले मानवजीवनका वरिपरिका छायाचित्रहरू सङ्ग्रहण गरिरहेको हुन्छ । यसरी निबन्ध र जीवनको घनिष्टतामा हास्यव्यङ्ग्य  निबन्ध र जीवनको सम्बन्ध सौहार्दपूर्ण र मनोरञ्जक रहने कुरामा दुई मत देखिँदैन ।

मानवजीवन सृष्टिको उषाकालदेखि नै कष्टसाध्य, असङ्गत र अनौठो स्परूपमा विकसित हुँदै आइरहेको छ । जीवनका अनगिन्ति मोडहरूमा झल्कने अनगिन्ति जीवनका आयामहरूलाई पक्रने विश्रङ्खलित तर स्वतन्त्र अदृश्य अनुस्यूतिमूलक विधा निबन्ध हो र यसले जीवनका अड्बेखड्बे र विविधतालाई एकबद्ध गरी फिल्मको पर्दा जस्तै देखाउने जीवनको झिल्काको परिपूरक जीवन हो ।

## ४.३ जीवन र समाजको सम्बन्ध

जीवन र समाज एक सिक्काका दुई पाटा हुन् । जीवनरहित समाजको कल्पनै हुँदैन । जीवनको प्रयोजन समाज हो । समाजको प्रयोजन जीवन हो । जीवन नभएको समाज प्राणहीन शरीर जस्तै हो ।

जीवनका आधारमा विकसित हुने कला, चरित्र, चिन्तन, दर्शन, आदि र समाजका रहनसहन, भाषा, भेष, युद्ध, कला, सिद्धान्त, सङ्गठन, उद्देश्य, मूल्याङ्कन, व्यवस्था, परिवर्तन सङ्कीर्णता, यथास्थिति, अग्रगति आदि जीवनका पक्षहरू हुन् जुन समाजसँग अन्तरसम्बन्धित रहन्छन् ।

अतः समाज र जीवनलाई हेर्ने आ-आफ्नै दृष्टिकोण हुन्छन् तथापि परिवर्तनको नियमअनुसार जीवन र समाजको संरचना निरन्तर परिवर्तन भइहरन्छ । समाजशास्त्रीहरूका अनुसार जीवन र समाज सरलबाट जटिलतर्फ अभिप्रेरित रहन्छ । यही बदलिदो समाजको कलात्मक कोणबाट सूक्ष्म अवलोकन गर्ने काम साहित्यले गर्दछ । अरिस्टोटलको भनाइमा साहित्यले प्राकृतिक रूपमा रहेका विसङ्गतिहरूलाई हटाएर एउटा आदर्श समाजको परिकल्पना गर्दछ र यो जीवनका प्रतिभा र विचारका विभिन्न विधामार्फत हास्यव्यङ्ग्य आदि कलात्मक भावना,  कल्पना र यथार्थको पृष्ठपोषणबाट हुन्छ ।

## ४.४ मेरा हास्यन्यङ्ग्य निबन्धका विषय

संसार र सांसारिकताले अनुभूत गरेका क्रियाकलाप नै मूलतः मेरा हास्यव्यङ्ग्यका विषय हुन् । संसार प्रकृतिको स्वाभाविक गतिले बनेको छ । प्रकृति विकृतिले पनि बनेको छ । सबैको समीश्रण यहाँ पाइन्छ । अर्थात् प्रकृति मानिस, वृक्ष, पशुपन्छी, हावापानी, प्रकाश, सूर्य, आकाश, चीसो, तातो आदिबाट व्याप्त छ । यहाँ मानव संसारमा लौकिक, पारलौकिक चेतनाको स्तर छ र त्यसबाट आउने परिणाम छन् । ती परिणाम सकारात्मक र नकारात्मक हुनुका साथै मान्छेले गर्ने सत्कर्म र दुष्कर्म वास्तवमा लेखाजोखा गर्न गाह्रो छ ।

मानिसमा भाव, संवेग, कल्पना, आकांक्षा, महत्त्वाकांक्षा, अनुभूति, उद्धीपन, उत्तेजना, बुद्धि र मूर्खताका आ-आफ्नो तह र स्तर छन् । कतै बाध्यता कतै रहरका रूपमा  संघर्षका आ-आफ्नै कथा छन् । यो मानिस विचित्रको मनोदशा भएको प्राणाी हो । यसको अनगिन्ति स्वभाव लहड, क्षमता र समर्पणहरू छन् । त्यसैले त  कुनै मान्छे आफ्नो शरीर टुक्राटुक्रा पारी अरूमा समर्पण गर्दा रमाउँछ भने कुनै मान्छे अरूको शरीर टुक्राटुक्रा पारेर काट्न पाउँदा आनन्दित हुन्छ । मानवताको खोल ओढेर यही मान्छे कुनै पनि पशुले नगर्ने बलात्कारसम्म गर्न भ्याउँछ ।

मानिस पनि यही सृष्टिचक्रको एउटा बुँद न हो । यो कुनै छुट्टै लोकको अनौठो प्राणी त हैन नि । तर पनि मान्छेले आफ्नो बुद्धि र प्रकृतिको पृष्ठपोषणलाई भरपूर उपयोग गरी अन्य चराचरलाई

त विस्थापित गऱ्यो, गऱ्यो, आफ्नै मानवसभ्यतामा पनि दाग लाउन पछि नपर्ने यो मानव जाति यो सृष्टिको कतिपय विकृतिमा कलङ्क हो र कतिपय सुकीर्तिमा वरदान हो ।

मैले विषय बनाउँदा अधिकांश आजका खराव प्रवृत्तिहरूलाई औँल्याउन कोशिस गरेको छु । म चाहन्छु मानव समाज मानवकै मूर्खताबाट दुर्घन्धित नहोस् । हाम्रो विश्व, हाम्रो नेपाल र हाम्रो नेपाली समाजबीच निकटतम् सम्बन्ध छ । त्यसकारण म स्वयम् आत्मवृत्तबाट विस्तारै फुक्दै चक्कर लाउने अभिष्टअनुरूप मैले मेरा हास्यव्यङ्ग्य निबन्धका विषयहरू आफूमै बढी केन्द्रित गरेको छु किनभने कुनै पनि कुनाको मानवीय स्वार्थ वा छूद्रता विश्वकै मानव प्रवृत्तिसँग सामान्यीकरण हुन्छ भन्ने मेरो ठहर हो ।

मानिस स्वभावैले असन्तुष्ट र अहंयुक्त अविवेकी प्राणी पनि हो । यसको नक्कल गर्ने प्रवृत्ति सुखी रहने र सर्वजयी बन्ने प्रवृत्तिले आज विश्वमै मानवता लिलामी भइरहेको छ । मानवीयता रूपैयाँमा किनबेच भइरहेछ । मानवमूल्य र आत्मा बन्धक भइरहेछ । आजको मान्छे आफ्नो अहंरक्षा गर्न मानवबध गर्न तत्पर छ । शक्तिको पुजारी आजको मानिस द्रव्यपिचास बन्दै मानवताशून्य निरीह पशुमा एकातिर अङ्कगणित हुँदै छ भने अर्कातिर ईश्वरीय अहंबोधबाट पद, पैसा र प्रतिष्ठाले आत्मकेन्द्रित बन्दै बिनाश काले विपरीत बुद्धिको बाटोतर्फ अग्रसर भइरहेको छ । हातहतियार, घातक प्रवधि र तुच्छ मनस्थितिले आजको बुद्धियुक्त प्राणी अन्धो युगको पुनःनिर्माण गर्न खोज्दै छ । जङ्गली, बर्बर र आततायी मान्छे कृत्रिम नौटङ्की रचेर औपचारिक समाज, सभ्यता, विकास र परिवर्तनको स्वाङ रच्दै छ । मेरा निबन्धका विषय यिनै मानव कलङ्कका अवशेषप्रति परिलक्षित छन् ।

राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अन्धवेगहरूले आस्थाको ईश्वरलाई नित्सेको युगबाट कत्लेआम गरिसकेका छन् । अब त केवल बाँकी छ मानव मुकुण्डोधारी हिंस्रक पशुत्व । हामीलाई इराकमा १२ नेपालीको क्रूर हत्या, देश, गाउँ, वस्तीहरूमा भइरहेका ज्ञात अज्ञात पशुवत् हर्कत र हत्याहरूले 'मान्छे' शब्दलाई नै जिस्काउँछ । मान्छे मरेको सिनो खाएर मानवताको मन्त्रोचारण गर्छ । यो जातिभन्दा त बाघ, चितुवा, भालु, ब्वाँसो, गिद्धलगायतका मांसाहारी मानवतावादी हुन् कि भन्ने मान्छेका मानवताविरोधी घटनाहरूको प्रकृतिले भन्न बाध्य तुल्याउँछन् ।

यति भएर पनि यी तमाम विसङ्गति विकृतिहरूबीच हिलोमा कमल फुल्छ भनेझैं मान्छेका कतिपय अवशेषले संसारमा सुखी समाज र आदर्श मानवको परिकल्पनामा आफ्नो अहोरात्र समर्पण गरेका छन् । प्रविधिका प्रयोगले मानवको सोचाइलाई ईश्वरीय बनाइदिएको छ । यो चमत्कार प्रदर्शन पनि एउटा मानवसभ्यताको सूचक हो तर सीमित व्यक्तित्वहरूको आदर्शलाई औपचारिकता, नौटङ्की र दुरूपयोग गर्ने आम मान्छेहरू आदर्श समाजको निर्माणको लागि निश्चय नै बाधक छन् । त्यो आम मानवीय प्रवृत्तिको रूपमा जकडिएर रहेको अवस्थालाई भण्डाफोर गरेर आदर्श जीवन र समाजको परिकल्पना गर्ने खालका विष्यवस्तु छन् ।

'नेपाली भूतहरूको कथा', 'म पनि लड्छु लड्छु', 'बोल्न नजान्दा....', 'तातो फुरौलो', 'फटाहाहरूको मौसम', 'रहर, 'मन्त्रीको जागिर' आदि विषय/शीर्षकका मेरा हास्यव्यङ्ग्य निबन्ध सृजनाका स्रोतहरू भनेका नेपाली आमप्रवृत्ति, राजनीतिक, आर्थिक, सामाजिक, विकृति, विसङ्गति र सुधारका सुनौला आशाहरू नै हुन् । मेरा विषयवस्तु नेपाली समाजलाई हवाइजहाज मानेर मानव (पाइलट) को मूर्खता र विवेकहीनता वा पङ्गु वा सन्कीपनबाट हुने सम्भाव्य दुर्घटनातर्फ दृष्टि दिँदै सचेत गराउनु नै हो । धनीको गोहीको आँशुमा भन्दा गरीबको निर्दोषिताको रक्षामा मेरा व्यङ्ग्य केन्द्रित छन् ।

### ४.५ हास्यन्व्यङ्ग्य निबन्धका मान्यताहरू

निबन्ध गद्यसाहित्यको सुन्दर अनि मनमोहक विधा हो । हास्यव्यङ्ग्य निबन्धले त झन् मानिसलाई फस्ल्याक फुस्लुक पारेर उसको अन्तरआत्माको नसासम्म पुगेर हाँसी हँसाई आक्रमण गर्दछ । मान्छे आफ्नो प्रशंसा मानेर जाँदा प्रशंसकले खाल्डामा हालेजस्तो चेपुवामा पर्छ । यतिमात्र हैन, ऊ आफैँले खनेको खाल्डोमा आफैं पर्ने, त्यो पनि स्वेच्छाले ! यस्तो वातावरण हास्यव्यङ्ग्य साहित्यको मूल धर्म हो न कि झुक्याएर निर्दोष मान्छेलाई केराको बोक्रामा चिप्ल्याएर लडाई गलल्ल हाँस्नु । हास्यव्यङ्ग्यले मन्द हाँसोसहित पटकपटक कसलाई भनेको हो भन्ने कलात्मक सीप र शैली आविष्कार गर्दछ । म त्यस्तो शिष्ट, सरल भाव र प्रस्ट अभिव्यक्तिबाट अभिप्रेरित छु । मलाई त्यस्तो हास्यव्यङ्ग्य निबन्ध चाहियो जसले दोषी व्यक्तिलाई नै सपनामा पनि झक्झक्याइरहोस् । स्मरण गराइरहोस् ।

भनिन्छ, भारतका प्रख्यात जवाहरलाल नेहरू केही दिन आफ्नो बारेको कार्टुन अखबारमा नदेख्दा आफैं छद्मनाममा पठाउँथे । हो, मेरो मान्यतामा पनि यस्तै होस् हास्यव्यङ्ग्य साहित्य जसको अविराम लोकप्रियता यस समाजका पाठकमा रहोस् । यसले सधैं बाटो बिराउनेहरूलाई खबरदारी र मार्गनिर्देशन गरिरहोस् । भाव फैलिएर जीवनका सातै रङहरू छचल्किऊन् समाजरूपी ऐनामा । अनि समाजका कलुषणहरू पनि हास्यव्यङ्ग्य साहित्यले एकएक गरेर बढार्ने प्रण गरोस् । यसले आवाजविहीनहरूका आवाजलाई मुखरित गरोस् । यो पीडितका लागि भविष्यको सहारा बनोस् । अभाव, महङ्गी, चोरी, भ्रष्टाचार, व्यभिचारी, छलकपट, र अन्धानुकरणको लागि व्यङ्ग्यले वाण बनेर मर्ममै प्रहार गरोस् र सुनौलो समाजको परिकल्पना गरोस् ।

## ४.६ सृजनाकारका परिवेश र नेपाली हास्यव्यङ्ग्य निबन्ध साहित्य

सृजनाकारको परिवेश भनेको ग्रामीण नेपाली समाज हो । नेपाल हिमाल, पहाड, तराई मिलेर बनेको एसियाको ०.३ प्रतिशत क्षेत्रफल ओगटेको नक्साङ्कन रूपमा सानो देश हो तापनि नेपालका प्राकृतिक, भौगोलिक विविधता एवम् विशिष्टता, मानवीय विविधताले हाम्रो समाज अत्यन्तै जटिल र सोचनीय रहेको छ ।

नेपालको हत्या, षड्यन्त्र, छलकपट, भ्रष्ट आदिले अभिशप्त इतिहास बारम्बार पुनरावृत्ति भइरहनु एउटा छुट्टै विशेषता हो । नेपालीको आम प्रवृत्तिका रूपमा रहेको ढीलो, स्वार्थी र दरिद्र मानसिकताले म पनि अछूतो छैन तापनि मलाई अस्तव्यस्त बनाउने मेरा सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक संरचनाहरूले बेलाबखत गम्भीर र आक्रान्त बनाउँछन् । अस्थिर राजनीति, पदलोलुपता, नातावाद, कृपावाद, फरियावादले भयग्रस्त नेपाली समाज आजको परिप्रेक्ष्यबाट हेर्ने हो भने हिमाल, पहाड, तराई प्रतिशतमा केही कमबेसी भए पनि कुनै शुद्ध छैनन् सबै बिटुलिएका छन् । हो, यिनै तमाम नेपाली समाजका पछिल्ला दशकसम्म पनि रसमय नहुनुले ममा हास्यव्यङ्ग्यलाई पक्रेर विकृति र विसङ्गतिविरुद्ध थिल्थिलो हुने गरी पछार्ने उत्कृष्ट अभिलाषा जागेर आयो ।

म २०३२ मा जन्मेपछि यता आज २०६५ सालसम्म मेरो परिवेश निकै उतारचढावले बितेको छ । यसक्रममा मैले हास्यव्यङ्ग्य रचना लेख्न शुरु गरेको समय भनेको २०४६, २०४७ यता हो । मेरो मानसपटलले सृजनात्मक रूपमा सोच्न शुरु गरेको भनेको २०४६ को जनआन्दोलनको सफलतापछि हो ।

यस प्रकारबाट हेर्दा मेरो परिवेश भनेको प्रजातान्त्रिक उदयको परिवेश हो । संसदीय प्रजातन्त्रको यस युगमा राजनैतिक अस्थिरता, खिचातानी, खसीबोकाभ्कैं सांसद् किनबेच, सुत्केरी भत्ता र धनी झन् धनी, गरीब झन् गरीब भई असमान खाडल बनेपछि र स्वतन्त्रताका गुलिया शब्दले गरीवको पेट नअघाउने यथार्थलाई मनन गरेर मैले हास्यव्यङ्ग्य निबन्धबाट परिवर्तनको अपेक्षा राखेको हुँ ।

नेपाली हास्यव्यङ्ग्य निबन्धमा म केशवराज पिँडाली र अझ खास गरी हास्यव्यङ्ग्य निबन्धका महारथी भैरव अर्यालबाट प्रभावित छु । उनका 'जयभुँडी', 'काउकुति', 'गलबन्दी' आदि सङ्ग्रहभित्रका एकसेएक रचनाहरूले मलाई साँच्चै भन्ने हो भने संसारकै हास्यव्यङ्ग्य साहित्यको हाराहारीमा हामी छौं भन्ने लागी यसलाई निरन्तरता दिनुपर्छ र उनको त्यो विराट प्रतिभालाई नेपाली पुस्ताले अनुशरण गर्नुपर्दछ भन्ने सकारात्मक सोंचको परिणति हो ।

जे होस् नेपाली हास्यव्यङ्ग्य निबन्धको इतिहास लामो नभए पनि यसले अविस्मरणीय प्रतिभाहरूबाट निरन्तर मौलाउने अवसर पायो । निश्चय नै राणाकालको प्रतिबन्धित अवस्थाले या सङ्कटग्रस्त घटनाक्रमले अनेकौं त्यागी, जुझारु र प्रतिभाबाट साहित्यकार कलाकारहरू जन्मायो पछि राजनैतिक परिवर्तनपछि पनि त्यो रूपमा नभए पनि तिनै प्रवृत्तिहरू अँगालेर हास्यव्यङ्ग्यकारहरूले आजको समयसम्म रहेको कुनैकुनै रूपको राणकालीन धङधडीलाई शाब्दिक प्रहार कुनै न कुनै रूपमा गर्दै आइरहेका छन् ।

केशवराज पिँडालीको 'खैखै' बाट शुरु भएको नेपाली हास्यव्यङ्ग्य निबन्धको यात्रा आज मनोज गजुरेलको 'लुखास्त' को युगसम्म आइपुग्दा कलात्मकता छाडेर सीधा बाटो वा चोर बाटो वा हास्य छाडेर व्यङ्ग्य वा व्यङ्ग्य छाडेर हास्यमात्रै भइरहेको हो कि भन्ने आशङ्का बढ्दै गइरहेको छ । यो चुनौतिमा म आफू बाँचेको युग र घाइते समय बोकेर शाब्दिक परिवर्तनका ठेली पल्टाउँदै शाश्वत परिवर्तनको आगामी परिवेश बनाउने सोँच र दृढतामा अडिग रहेको छु ।

मैले मेरो पूर्वजको योगदान र समकालीन हास्यव्यङ्ग्य साहित्यबाट लिएको सबभन्दा गहकिलो पाठ हो यो । विश्व साहित्यको हाराहारीमा पुग्ने मौलिक, परिमार्जित, चामत्कारिक हास्यव्यङ्ग्य साहित्यको मूल आदर्शबाट स्खलित नभई अघि बढिरहने संघर्षको कथाको रूपमा मेरो पृष्ठभूमि, परिवेश र आजको उस्तै तर नयाँ रूपको समाज र प्रवृत्तिको सही आँकलन गर्ने हास्यव्यङ्ग्य साहित्यको जन्म मेरो परिवेश र नेपाली हास्यव्यङ्ग्य निबन्ध साहित्यको मिलनविन्दु हो ।

### ४.७ सृजनाकारको परिवेशमा विकासक्रम

मेरो परिवेश भनेको ग्रामीण परिवेश हो । रोग, भोक, अशिक्षा र मानसिक दरिद्रता नेपाली समाजका परिवर्तनका बाधक हुन् । यहाँको भौगोलिक विषमता, प्राकृतिकताको उपयोग हुन नसकी पिछडिएको नेपाली समाज मलाई हास्यव्यङ्ग्य सृजना गर्न घच्घच्याउने तत्त्व हुन् । मेरो आफ्नो ग्रामीण अवस्था भनेको १ घन्टा स्कूल पुगेर शिक्षा आर्जन गर्ने नै हो र यो मेरो कलिलो मष्तिष्कमा रहेको अवशेषले मलाई पारेको पछौटेपनको अनुभूति सहरमा विस्थापित हुनुपर्दा सहरमा रहेका विकृति, विसङ्गति र तत्कालीन समाजका धार्मिक कुरीति तथा विभेदकारी राज्य संयन्त्र नै हो । झन् राजनैतिक केन्द्रीकरण र द्वन्द्वले बनाएको आलो घाउले नेतृत्वकर्ताको अदूरदर्शीपन र भ्रष्ट आचरणलाई व्यङ्ग्य गर्न अभिप्रेरित गरेको हो ।

मोटामोटी रूपमा २०३२ सालमा मेरो जन्म भएयता २०४६ सालपछि सचेततापूर्वक हास्यव्यङ्ग्य रचना प्रकाशित गर्न लागेपछिको अवधिलाई ३ चरणमा विभाजन गरेर प्रवृत्तिहरूको आँकलन गर्न सकिन्छ ।

#### ४.७.१ वि.सं. २०४६ देखि २०५२ सालसम्म

यस समयमा प्रजातन्त्रको पुनःप्राप्तिले आम मानिसलगायत ममा निश्चय नै खुसी र आशाको तरङ्ग ल्याएको थियो । राजनीतिक स्थिरता र स्वतन्त्रताको भरपुर उपयोग नेपालीले गर्लान् भन्ने जुन सोँच थियो तर यसबीच भइदियो ठीक उल्टो । नेता भ्रष्ट भए । संसद्लाई खसीको टाउको राखेर सुँगुरको मासु बेच्ने थलोको रूपमा चित्रित गरियो । सांसद् किनबेच, संसद् सरकार गिराउने र बनाउने क्रीडाभूमिका रूपमा स्थापित भयो । पटकपटक भएका चुनावहरूमा भएका खुल्लेआम विकृति विसङ्गतिहरू भित्रिएर हुने खाने र हुँदा खानेबीच आकाश जमिनको भिन्नता देखियो । चरम आर्थिक शोषण र समाजका हरेक तह, तप्का, व्यक्ति भ्रष्ट हुँदै जाँदा यस

सृजनाकर्ताले पनि आफू बाँचेको युगको प्रतिनिधित्व गर्दै विभिन्न शैली र विषयवस्तुमा यिनै राजनीतिक, आर्थिक विषयवस्तुलाई आधार मानी व्यङ्ग्य रचना प्रकाशित गर्दै आएको हो । यस अवधिमा सृजनाकारले स्कुल, क्याम्पस तहका साहित्यिक पत्रपत्रिका तथा विभिन्न रङ्गमञ्चहरूमा आफ्नो परिवेश सुहाउँदो कला प्रस्तुत गरेको थियो ।

### ४.७.२ वि.सं. २०५२ देखि २०६२ सम्म

यो समय यस सृजनाकारको उत्कर्षको समय हो । यस समयमा केशवराज पिँडाली, भैरव अर्यालका पुराना कृतिहरू तथा नयाँ हास्यव्यङ्ग्यकारका साहित्यबाट अभिप्रेरित भई राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरूमा प्रकाशन गरिएको हो ।

यो समय नेपाली समाज र राजनीतिको विसङ्गति र विकृतिको चरमोत्कर्षकाल हो । यस बेला नेपाली समाजमा यिनै राजनीतिक विकृति, विसङ्गतिमाथि टेकेर माओवादी जनयुद्ध शुरु भयो भने अर्कोतिर त्यसलाई दमन र नियन्त्रण गर्ने नाममा भएका विभिन्न अपराधहरू, बल, बन्दुक र पैसा हुनेको तुजुकले नेपाली समाजमा "धनीलाई चैन गरीबलाई ऐन" भन्ने व्यवहारतः लागू भयो ।

यता निर्दोष व्यक्ति तथा गरीबलाई बाँच्नै नसक्ने परिस्थिति, अर्कोतिर शासन सत्तामा तिनै बासी, सडेगलेका अनुहारहरूको मोजमस्ती र हालिमुहालीले कोही पनि स्वाभिमानी नेपालीलाई चुप लागेर बस्नु नामर्दीपन हो भने अनुभूति हुने परिवेशले यस सृजनाकारलाई सत्य तथ्यमा आधारित नेपाली समाजको विकृति र विसङ्गतिको भण्डारफोर गर्ने लहड चल्यो र *समाचार पत्र, कान्तिपुर, हिमालय टाइम्स* जस्ता दैनिक पत्रपत्रिका र अन्य हास्यव्यङ्ग्य कार्यक्रमहरूमा विभिन्न प्रकारका सृजनाहरू संप्रेषण गर्ने मनोकांक्षा बढेको हो ।

### ४.७.३ वि.सं. २०६३ देखि हालसम्म

आज २०६२-०६३ को जनआन्दोलन भाग -२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतान्त्रिक बनाएको छ तर आम प्रवृत्ति भने ज्युँकात्युँ छन् । राणाकालीन र पञ्चायतकालीन अवशेष नेपाली समाज र यहाँका व्यक्तिहरूमा जकडिएर रहेको अवस्थामा शासकको बोली र व्यवहार पूर्णतया दुई किनाराजस्ता छन् ।

मानवीय सभ्यता, कानुनीराज, समर्पणभाव, बोली र गराइमा सन्तुलन र आम नेपालीको जीवनस्तरमा सुधार ल्याई नेपाली समाजलाई शाब्दिक वा हवाई कल्पनाको होइन ठोस र धरातलीय यथार्थको बनाउन यसपछि पनि यो सृजनाकार हास्यव्यङ्ग्य सृजनाधर्ममा लागिरहेको छ । सङ्ग्रह प्रकाशित मात्र हैन आगामी दिनमा नेपालको आजको १६ औं शताब्दीको युगको जस्तो जङ्गलीपनबाट निक्लेर विकसित देशको दाँजामा नेपाली समाज पुऱ्याउने सङ्कल्प गर्दै आजका हास्यव्यङ्ग्यकारहरू विश्व साहित्यको दाँजोमा नेपाल र नेपालीसँगै उभिनुपर्ने चुनौति रहेको यो सृजनाकारले गम्भीररूपमा आत्ममूल्याङ्कन गरेको छ ।

## ४.८ सृजनात्मक हास्यव्यङ्ग्य निबन्धहरु

### ४.८.१ शब्दम् क्रान्तिकारिस्य

गत हप्ता मलाई मेरो जन्मस्थान मेरो गाउँ जाने साइत जुऱ्यो । म काठमाडौंबाट चारपाङ्ग्रे र दुई पाङ्ग्रे (आफू) ११ नं. को गियर लगाएर मेरो पुर्ख्यौली असली घर पुगें ।

गाउँको घरमा मैले अचम्मको दृश्य देखें । करिब २,३ वर्षको अवधिमा मैले घरमा एक किसिमको क्रान्तिकारी परिवर्तन भएको पाएँ ।

बाले बेलुका भैंसीको दूध दुहेर ल्याउनु भो अनि “सेतीभैंसीलाई घास हाल्नुपऱ्यो बत्ती देखाउन आ” भनेर मलाई बोलाउनु भो । बाले भनेपछि नमान्ने कुरै भएन । म खुरुक्क गएँ । मलाई बाले सेतीभैंसी भनेकोमा खुल्दुली भैरहेको थियो । हैन २ वर्षअघि त्यही भैंसीको नाम ‘काली’ थियो । आज कसरी ‘सेती’ भई हँ ? हिँड्दै गर्दा नपुग्दासम्म मलाई मनमनै लाग्यो, पक्का पनि सेतो भैंसी त हुँदैन । यही भैंसीका कतै बूढो भएर सेता रौं त आएनन् वा रङ लाएर सेतो त पारिएन ? गएर हेर्छु त भैंसी त झन् कालो देखिन्छ । गजव छ बा !

बालाई मैले सोधें । “बा ! हैन यो भैंसीको नाम ‘सेती’ भन्नुको कारण के हो ? कालो भैंसी कसरी ‘सेती’ भयो ?”, बा नेताजस्तो अर्ती छाट्न थाल्नु भो - “ल तँलाई संघीय लोकतान्त्रिक गणतन्त्र आएको थाहा छैन ? अब यस्तो सेतो दूध दिने भैंसीलाई गाली गऱ्याजस्तो ‘काली’ भन्न मिल्छ ? मान्छेलाईचाहिँ ‘काली’ भन्दा मानवअधिकार उल्लङ्घन हुने अनि पशुअधिकारचाहिँ उल्लङ्घन नहुने ?” मलाई बूढा बाको भनाइ अकाट्य लाग्यो कुरो हो पनि त !

मेरो लामो बसाइमा अनगिन्ति नौला कुरा देखिए । बाले अचम्मै गर्नुभएछ । उहाँले हरेकको नाउँ जुराउँदै न्वारान गर्नुभएछ । हाम्रो एउटा 'मुडुली' नामको गाई थियो त्यसको नाम 'अप्सरा' राखिदिनुभएछ । 'सेते', 'तिखे' हलगोरुको नाम 'सेतुपाध्य' र 'तीखालाल' राखिदिनुभएछ । एउटा पाडाको नाम 'नाम्ले' थियो, 'प्रा.डा. नाम्लोकुमार' जुराइदिनुभएछ । एउटी 'ठुटी' नामकी बाच्छी थिई त्यसको नाम 'ठूलीराधा' राखिदिनुभएछ । एउटा घर पालुवा 'लुते' नामको कुकुर थियो त्यसको नाम 'तेलुप्रसाद' राखिदिनुभएछ । एउटा लामकाने खसी थियो त्यसको नाम 'लमकन्नाकुमार' राखिदिनुभएछ । एउटी 'बुचो' नामकी सुगुर्नी थिई त्यसको नाम 'बच्चुदेवी' राखिदिनुभएछ !

यति मात्र हैन हाम्रो घरको सिरानमा 'अँधेरी' नामको एउटा खोला थियो । खासमा त्यहाँ झ्याम्म रुखले ढाकेर दिउँसै अँध्यारो देखिने हुँदा अँधेरी खोला भनिएको थियो । त्यसको नामसमेत 'उजेलीखोला' राखिदिनुभएछ । कोदो पनि नफल्ने ढाँडैढाँड भएको उठेको भागलाई 'ढाँडको घर' भनिन्थ्यो त्यसको नामसमेत 'सम्मघर' राखिदिनुभएछ । हाम्रो छिमेकी घरलाई 'तल्लाघरे माइला' भनिन्थ्यो । उसको नाम 'माथ्लाघरे जेठा' राखिदिनुभएछ । नजिकैको डाँडालाई 'चिहानडाँडा' भनिन्थ्यो त्यसको नाम 'ग्रेभ हिल' पो राखिदिनुभएछ । उहाँले भएजत्तिको नाम यस्तै आदि आदि जुराइदिनुभएछ र अर्को रमाइलो त 'प्रजातन्त्रप्रसाद' मेरो भाइको नाम 'लोकतन्त्रप्रसाद' राखिदिनुभएछ ।

म अचम्भित भएँ । हैन यो बाको के गाईजात्रे पारा हो ? एक मनले सोधूँजस्तो पनि लाग्यो । यी नाम जुराउने आधार के हो ? ज्योतिष विद्या हो या वैज्ञानिक, गणितीय वा हचुवा ? कि केटाकेटी पाराको लहड ? वृद्धावस्थामा पुगेपछि मान्छे केटाकेटीजस्ता हुन्छन् भन्छन् । मलाई भट्टराई बाजे, गिरिजाबाबु, प्रचण्ड र माधवबाबुहरूको झट्ट सम्झना भो । कतै यस्तै पो.....! तर मलाई बाघ बूढासँग यसरी तर्क गर्ने सामर्थ्य भएन किनकि एकोहोरो, रिसाहा, जिद्दी बूढालाई च्याख्याख्ती पार्न असम्भव !

मैले आफैंले गम खाएँ । के यी बूढाले साँच्चै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसँगै शब्द र सारमा परिवर्तन ल्याएकै हुन् त ? अहँ हैन । बूढा कच्चा, वेवारिसे, अदूरदर्शी नौटङ्की सावित भए किनभने ती नाम र कामबीच कतै छेउटुप्पै मिल्दैनथ्यो । अरू त बरु ठीकै छ तर कालो

भैंसीलाई सेतो, माइलोलाई जेठो, डाँडालाई सम्म भन्न थालेपछि बूढाको आधा तारचाहिँ चुँडिएछ जस्तो लाग्यो । अब उनको यो सन्कीपारा छताछुल्ल भएर हाँसो, मजाकसहित सस्तो मनोरञ्जनमात्र भएझैं लाग्यो ।

गाउँमा बडो रमाइलो र रोमाञ्चित भएर म राजधानी हिँडें । मलाई हिँडेदेखि हाम्रा बूढाबाको चर्तिकलाले स्वस्थ मनोरञ्जन दिएकै थियो । मलाई सम्झना भो जनआन्दोलन भाग-२ पछि देशभर यस्तै लहर आएको छ । साँच्चि यो त सरकारको नीति पो हो त ! मलाई सम्झना हुँदै गयो । सरकारले 'श्री ५ को सरकार' भन्ने ठाउँमा 'नेपाल सरकार' राख्यो । तर 'नेपाल सरकार' नेपालीको सरकार नभएर भारत, अमेरिका तथा विभिन्न शक्तिकेन्द्रका सरकारझैं बनेको छ । यो हाम्रा बाले कालीभैंसीको नाम सेती भैंसी राखेजस्तै नाम एउटा देखिने काम अर्को, ठ्याक्कै पो मिल्यो त !

यता विभिन्न पार्टीका नेता, कार्यकर्ताहरू, विद्यार्थीहरूले 'रत्नराज्यलक्ष्मी क्याम्पस' को नाम 'नेपाल मानविकी क्याम्पस' राखे । राजाका तस्वीर मेट्दै गिरिजा, प्रचण्डहरूको राखे । मलाई लाग्यो यो कतै मेरो भङ्जाहा भाइको नामजस्तै त भएन ? प्रजातन्त्रप्रसादको ठाउँमा लोकतन्त्रप्रसाद ! बरु मूर्खलाई ठोकतन्त्रप्रसाद राखिएको भए ठ्याक्कै मिल्ने ।

म अहिले सम्झन्छु । हैन नयाँ जन्मदैमा कालेकान्छो वा कान्छोकाले पाराको नाम राखेर सारमा परिवर्तन हुन्छ र भन्या ! नपत्याए हेर्नोस् एमालेले ल्याएको 'आफ्नो गाउँ आफैं बनाऔं' को ठाउँमा माओवादी नेतृत्वको सरकारले ल्याएको 'हाम्रो गाउँ राम्रो बनाऔं' आहा ! खास आफ्नो ठाउँमा 'हाम्रो', गाउँको ठाउँमा 'गाउँ', आफैंको ठाउँमा 'राम्रो', बनाऔंको ठाउँमा उही 'बनाऔं' फरक एकवचन, बहुवचन र केवल विशेषणमा ! अन्तर त कामले पो देखाउँछ त । नेपालीको ठाउँमा अंग्रेजी राख्दैमा, कुनै नयाँ शब्द शब्दकोशबाट राखेर पुरानो हटाउँदैमा संसारमा परिवर्तन कहाँ भएको हो र ? आखिर सत्य त सत्य हुन्छ त्यो सेतो होस् वा कालो, हैन र ? अब उदाहरण हाम्रै हेर्नोस् न । मेरो भङ्जाहा भाइको नाम बाले लोकतन्त्र अर्थात् क्रान्तिकारी राखिदिनुभएको २ वर्ष बित्यो तर मेरो भाइले दर्जनौं फौजदारी अपराध गरिसक्यो । कहिल्यै लोकतान्त्रिक त परै जाओस् एकतान्त्रिक, प्रजातान्त्रिक केही पनि भएन । अहिले कालकोठरीमा छ । चोरी, हत्या, बलात्कार, डाँका, ठगी, लुट गर्ने मेरो भाइ कसरी क्रान्तिकारी भयो ?

परिवर्तन हुन सक्ने 'प' पनि  फेरिएन । लोग्ने मान्छेलाई स्वास्नी मान्छे र स्वास्नी मान्छेलाई लोग्ने मान्छे बनाउन खोज्या भएचाहिँ कुरै बेग्लै हो तर अग्लोलाई 'सम्म' भन्न थालेपछि चाहिँ पूरै तार चुँडिएन र ? कि 'फ्युज' गयो एकछिनमा आउँछ कि भन्ने !

अब केही मुख्य उदाहरणहरू लिऊँ । लोककल्याणकारी सरकारका ठेकेदार लोकतान्त्रिक सरकारहरूले सू-शासन चलाएको अवधिमा महँगीले आकाश छुन्छ । गरीब सिटामोल नपाएर मर्छन् । जननेताहरू प्राडो पजेरो चढ्छन् । सहरमै अँध्यारोको बास हुन्छ । अभावले सहर झिँजाको डाँकाक्षेत्रजस्तै बन्छ आदि आदि । तर जनता केवल नेताका, सरकारी ठूलाबडाका मीठा शब्द, अर्ती, उपदेशका टनिक खाएर भोक मेट्छन् । गरीब, स्वतन्त्रताको ताजा हावा खाएर बाँच्छन् । भैगो नि यी अभागी तल-माथि, माथि-तल, घटी-बेसी, मीठा-नमिठा, राम्रा-नराम्रा, काला-मधुरा, सेता-राता, फुस्रा-चम्किला आश्वासनका पोटिला शब्दै पिएर, शब्दै ओढेर, शब्दै ओछ्याएर शब्दै निलेर बाँच्छन् ! टेन्सनै साफ ! कि कसो नेताज्यू ?

अब मलाई लाग्यो यस्तो गाईजात्राले भरपुर मनोरञ्जन त दिन्छ  । जस्तै, मैले घरमा बसुन्जेल भरपुर मज्जा लिएँ नि ! टाइम पास पनि मज्जाले भयो । बरु एउटा कुराचाहिँ नमज्जा भयो । बाले अरूको नक्कल गर्न त खोज्नुभयो तर अर्काको इशारा र सहयोगमा लाउनुभएको क्रान्तिकारी शब्दको जड्यौरी धोती खुस्केको पत्तै पाउनुभएन । सम्भवतः म देखिरहेछु । मेरा परमपूज्यनीय बा र परम् श्रद्धेय नेताहरूबीच पूर्णतया समानता छ । पूर्ण अप्रजातान्त्रिक चरित्रको छोरालाई 'लोकतन्त्र' नाम राख्ने मेरा बा र पूर्ण अनैतिक, चरित्रहीन संस्कारलाई 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' भन्ने नेतागण खासमा हात्ती बलियो  कि हात्तीछाप चप्पल बलियो उस्तै उस्तै हो नानू भनेजस्तै हो भन्दा के एउटा असल नागरिकले राज्यद्रोह गरेकै ठहर्ला ? कि झुठा खेतीको शाब्दिक अपराध गरेको ठहर्ला ? ठहरिए ठहरियोस् लुखास्त ! जय शब्दम् क्रान्तिकारिस्य नेपालय नमः ।

### ४.८.२ मन्त्रीको जागिर

खसोखास भन्ने हो भने नेपालमा यतिबेला सब क्षेत्र डामाडोल छ । मालामाल भने कि दुई नब्बरी छ कि एकनम्बरी मन्त्रीको जागिरै छ । सरकारी जागिर पनि  नेपाली आहान जस्तै कि धनसार कि टक्सार कि भन्सार हैन भनी उही हो डेरासार बस् त्यत्ति हो । सरकारीमा पनि

निजामतीमा लामो हात गर्नेको भनेर साध्यै छैन । माथिबाट तलबाट ङिच्चङिच्च गर्दै लुंड्याकै हुन्छ । बाहिर राजनीतिको राम्रो आफ्नै हात जगन्नाथरूपी गहुँतले चोख्खिएकै छन् ।

यति हुँदा हुँदै पनि मलाई नम्बर वानचाहिँ यो मन्त्रीपद नै लाग्यो । न खुस्कने डर, न कारबाही भोग्नु पर्ने डर, न नीति न नैतिकता 'नरहे बास नबजे बाँसुरी' मन्त्रालयका सर्वोच्च पद त नफुट्ने डर न चुहिने डर भनेझैं एकदम आनन्द !

हैन यो नेपालमा त यो मन्त्रीपद गजबकै छ बा ! प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे-जे आयो यो मन्त्रीपदकै लागि आयो । एकथरी भ्रष्ट्राचारको निँहुमा खोरमा जाकेका, अख्तियारले डामेका लोकतन्त्र आउने बित्तिकै लोकतन्त्रको पञ्चामृत खाएर चोख्खिए भने पहिला मन्त्रीमा दरखास्त दिने र दरखास्त लिनेले पनि राज्यरोहणरूपी जलले, शक्तिका बलले जीउभरिको खुनीरगत पखालेकै थिए । साँच्चै भन्ने हो भने हिजो र आजमा के भिन्नता छ र ? भिन्नता त यत्ति हो कि हिजो अर्कै साल, महिना, गत्ते, बार थियो । आज अर्कै साल, महिना, गते, बार हो । रक्सी उही बोतलमात्र नयाँ क्या !

होइन मन्त्री पदमा पनि केही अपवादबाहेक तिनै बासी अनुहार भन्या ! टि.भी. हेर्‍यो ङिच्चङिच्च गर्दै गरेका तिनै गरीबका दृष्टिमा असफल, व्यक्ति स्वार्थ सृष्टिमा सफल गच्छेनसच्छेका दारहरूले जनताजनार्दनलाई अर्ती दिएको देख्नुपर्ने यो कस्तो अभागी खप्पर ! सुन्दैमा १०६ जरो आउने, जो कङ्गाल छ उसको नाम 'धनबहादुर' भनेजस्तो कस्तो लाजमर्दो भन्या !

होइन नयाँ अनुहार भएका पनि सबै जोगी कानै चिरेजस्ता ! गृहमन्त्रालय हेर्ने आफ्नै गृहकी मन्त्राणीलाईसमेत सुरक्षा दिन नसक्ने मरेको सिंहले 'मन्त्रीज्यू' भन्यो भनेर मख्ख ! उता भौतिक योजना तथा निर्माणमा के भूगोलको योजना गर्न आउनु, केको निर्माण गर्नु आफ्नै परिवार पाल्ने योजना र आफ्नै निर्माण भुँडीको निर्माण न हो । अति गरे झारा मेट्दै सडक नामाकरण । नपत्याए हेर्नोस् न काठमाडौँका मुटु सडक कति ठाउँ टालेको छ ! टाले त तैबिसेक आधा मान्छेका खाडलले चार पाँग्रे दुई पाँग्रे, तीन पाँग्रे दश हातमाथि पिङ खेल्छन् । सहर हो कि कहर हो, नदीहरू रौरब, मान्छे कौरव बनेका छन् । बरु पार्टीको अंशवण्डामा पर्ने, जागिरे, योजनाविहीन यो मन्त्रालयको नाम बरु आध्यात्मिक योजना तथा विनिर्माण मन्त्रालय बनाउँदा कसो होला ? आखिर भत्काउने मन्त्री न हो !

अर्को स्वास्थ्य मन्त्रालय अन्तर्गतका गाउँका स्वास्थ्य चौकीमा एक चक्की सिटामोल छैन । भएका ठाउँमा पनि विश्व स्वास्थ्य कार्यक्रमले दिएका 'परीक्षण ट्याब्लेट' हरू पनि चुनावी राष्ट्रिय नाराँ सकिन्छन् कि कर्मचारीको घराँ नगद बनेर फर्कन्छन् । मन्त्रीलाई निःशुल्क भनेर चिच्याइदे पुगिगो । बोली पुगेन भनेर कुनै जनताले घोक्रेठ्याक लाउने होइन क्यारे ! मन्त्री पद हिमालझैँ अटल छँदै छ । पार्टी अंशमा हकदावी पुगेकै छ । मन्त्रालय अस्वस्थ भए पनि मन्त्रीका स्वस्थ पुक्क चिल्ला गाला छँदै छन् क्यारे, कि कसो मन्त्रीज्यू !

अब यो जलस्रोतको कुरा गरौं । हाम्रा नेता, बच्चा बेला पढ्थे । हामी पनि पढ्थ्यौं । नेपाल जलस्रोतमा विश्वमै के हो ? दोस्रो । पहिलो ब्राजिल । अहिले मचाहिँ दिनहुँ पढ्दै छु, पत्रिकामा । नेपालमा आज कति घण्टा लोडसेडिङ ३६ घण्टा अर्को हप्ता कति हुने ? ४८ घण्टा, अर्को हप्ता कति हुनेछ ? ९८ घण्टा ! अनि अर्को वर्ष कति हुनेछ ? कति भन्ने, पूर्खाले बनाइदिएका सवै धरोहर मर्मतविना काम गर्न छाड्छन् अनि २४ सै घण्टा ! यता जलस्रोतमन्त्रीलाई बाल मतलब भए पो ! छैन । लोडसेडिङले मन्त्रीको पकेटमा खँडेरी नपर्ने, बिजुली २४ सै घन्टा , न त्यो बिजुलीअड्डाका अँध्यारा कोठाका योजनाका ढठ्ठा पल्टाउनेहरूको आर्थिक स्रोत नै घट्छ । बरु उल्टै भ्रष्टाचारका कोशी, गण्डकीहरू सुसाइहाल्छन् । अड्डा टाट पल्टेर के भो, कमिसनको हाट लागेकै छ ।

यो सूचना र सञ्चार त झन् मजाको । न सूचना दिनुपर्ने न प्रभावकारी सञ्चार गर्नुपर्ने । ठूला भ्रष्टको नसके पनि गरीबको घरको तार काटिदियो । असिनपसिन गर्दै पसिनाको कमाई तिर्न आइहाल्ने ! ग्राहकसेवा आफ्नो मेवा पाकिहाल्ने । उता हलोहलो गर्दा यता जुवा उता किर्लिङ किर्लिङ गर्दा खल्ती स्वाहा क्या मजा ! यता तुर्लुङ्ग हातमा फुन उता कसैले मेरो आवाज नसून् । यी विनाउद्योगको उद्योग मन्त्रालय, विनाविभागको विनाविभागीय मन्त्रालय त झन् अहा, काम गर्नै नपर्ने, स्वर्ग !

यो आपूर्ति मन्त्रालय त झन् गजवको छ । आपूर्तिनसापूर्ति केवल कर्मचारी र काला बजारियाको स्वार्थपूर्ति मात्रै ! मन्त्री तलब बुझेको बुझ्यै जनता तेलविना भोकै सुतेको सुत्यै । पार्टी अंशबण्डामा मन्त्री आको आई । गरीबले रित्तो गेलिन पाको पाई । कानमा तेल हालेर झन् सुती खान पाउने यो खापूर्ति मन्त्रीपद त झन् स्वर्गैजस्तो !

एउटा छ नि भुँडीसुधार हो कि भूमिसुधार कुन मन्त्रालय हो छुट्याउनै गाह्रो । अर्को छ खेलकुद मन्त्रालय यो त झन् न खेल्न दिन्छ न कुद्न दिन्छ । २ वर्ष भो राष्ट्रिय लिग फुटबल भएकै छैन । रङ्गशाला झ्याउ उम्रिएर धर्मशालाजस्तो बनिसक्यो । अर्को अशिक्षा मन्त्रालयको त कथै चर्को छ । त्रिभुवन विश्वविद्यालय युवावस्थामा जाँच लिन्छ, वृद्धावस्थामा रिजल्ट निकाल्छ । जाँचै नदेको मान्छे एसएलसीमा प्रथम श्रेणीमा पास ! बी.ए. पास छ शुद्ध नाम लेख्न आउँदैन कतै यो निमा गेस संस्कृतिको उपहार त होइन ? प्रमाणपत्रको चाङ सिरानमा हाल्न पढेका तर भुत्लोभाङ अनपढहरू जनतालाई उपदेश दिने तहमा ! नेपालको शैक्षिक समस्यामा स्वयम् अशिक्षित मन्त्रालय सर्टिफिकेट बनाउने राम्रो कारखाना बन्दै छ । शिक्षित बेरोजगारीको भयावह भारीले अशिक्षा मन्त्रालयलाई कुरीकुरी गरेकै छ ।

कति लेख्ने ? के लेख्ने ? नेपाली मन्त्री/मन्त्रालय बारे त एउटा महाभारत लेख्न सकिन्छ । राम्रो राग खोज्ने हो भने लघु कविता पनि बन्छ कि बन्दैन ? जेहोस् अहिलेलाई यति भनौं संसारमै छैन यति सुरक्षा, सुविधा, सुखी, रामराज्य मन्त्रीपद । अन्त अरू देशमा थोरै गडबडीमा हटिहाल्नुपर्छ तर नेपालको मन्त्री पद ३ वटा कुरामा मात्र हट्छ - (क) मृत्यु भएमा (२) श्रीमतीले चाहेमा (३) आफ्नो इच्छा वा पार्टीले नचाहेमा । यसबाहेक त पञ्चपराधमात्र हैन करोडौं अपराध गरे पनि रौं पनि हल्लिदैन लजा !

नेपालमा मन्त्रीको जागिरजस्तो उत्तम जागिर अरू केही छैन । न घाम पानी न पानी, न हुरी न वतास, न खडेरी कहिल्यै केही नलाग्ने । एउटा बलियो पार्टी रोजेर भक्त हनुमान बन्ने हो भने न आगोको डर न पानीको डर । उमेर, औकात, योग्यता, क्षमता, प्रतिभा, नैतिकता केही नचाहिने कस्तो आनन्दी ? विज्ञानको 'व' बारे ज्ञान छैन, विज्ञानप्रविधिमन्त्री, पुरुष छ महिला मन्त्री, जो अशान्ति र भत्काउँछ मात्रै त्यही शान्ति र निर्माणमन्त्री ! 'डाकालाई थैली चोरलाई साँचो' भनेको यही हो काहीँ नभाको जात्रा नेपालमा !

अब कुरा गरौं, आफ्नै । म पनि सर्टिफिकेट सिरानमा हालेर सुत्दा निद्रै नपर्ने मान्छेमध्येकै एक हुँ । मलाई पनि एउटा खास्साको जागिर चाहिया छ । कामधाम केही गर्नु नपर्ने बस्यो, सुत्यो, हल्लियो, गफ गऱ्यो, खायो । यसो विचार गर्दा अरू जागिरभन्दा यो मानेमा मन्त्रीको जागिर अब्बल छ । बरु साम, दाम, दण्ड, भेद के गर्नुपर्छ त्यही गर्नु पऱ्यो तर यो मन्त्रीको मस्तीको

पदचाहिँ खानै पऱ्यो । चाख्दै फ्याँक्दै गर्नेको भीडमा म पनि एउटा आजसम्मका मन्त्रीको भन्दा बढी योग्यता भएको नेपाली नागरिक हुँ क्यारे । २ दिनलाई भएपनि मैले खान किन नपाउने । ६ महिना जति खान पाए पनि खाएर एउटा सुखी घरजम गर्न किन नपाउने ? के मचाहिँ सौताको छोरो हुँ र ? अब मलाई मन्त्रीको जागिर चाहियोचाहियो अझ घुर्की तिकडम गरेरै भए पनि आकर्षक मन्त्रालय पाए हुन्थ्यो ! बरु पद वा दरवन्दी नपुगे थपथाप गरेरै भए पनि मिलाउनु पऱ्यो । श्रीमतीमन्त्रालय, छोराछोरी, भाइभतिजा, साथीसङ्गाती मन्त्रालयको नाम जे राखे पनि भइहाल्यो नि । आखिर मन्त्रालयको काम यिनै क्षेत्रमा योगदान गरी सत्ता टिकाउने नै त हो । चाहियो, जसरी पनि मन्त्रीको जागिर चहियो । पार्टी दसौँ टुक्रा पारेर भए पनि, देश बाइसे चौबीसे राज्यमा टुक्र्याएर भए नि वा जो जसलाई अपहरण आदि इत्यादि जे गरेर भए पनि मन्त्रीचाहिँ हुनुपऱ्यो । जय सरकारी मन्त्री पद !

### ४.८.३ रहर

'प्रचण्डको देशमा टाईसुटको भेषमा' भन्ने उक्ति केहीअघिको शपथ र चाइना भ्रमणताका खुब चलेको थियो । त्यतिबेला अरू बेला नलगाए पनि क्यामेरामा देखिने बेला हाम्रा प्रधानमन्त्री प्रचण्डले खल्तीबाट भादगाउँले टोपी निकाल्दै लाउँदै, राख्दै गरेको दृश्य खुव  रोमाञ्चका साथ हेरियो । टोपी लाउन केही लाज, केही सङ्कोच भएको देख्दा र सलक्क लामो केश पछाडि फर्काएर टाई सुटमा ठाटिंदा गर्व महसुस भएको सजिलै बुझिन्थ्यो । तर बुझ्न नसकेको कुरा एउटै थियो । माओको देशमा हुजिन्ताओजस्तै भएर प्रस्तुत हुने प्रचण्डको रहर  बेइजिङमा पूरा हुँदा आफ्नै देशमा चाहिँ त्यत्रो नौटङ्की र विरोध किन ? एउटा पार्टीको मान्छेलाई पार्टी र कार्यकर्ताभन्दा बाहिर गएर देशको साझा पहिचान बोक्न एम्बुसमा परेको मान्छेजस्तै निस्कन गाह्रो हुन्छ भन्ने हामीले बुझिदिएको खोइ ? बरु नेपालीको अन्तर्राष्ट्रियकरण सजिलै हुन सक्छ तर राष्ट्रियकरण हुन गाह्रो छ यो त नेपाली इतिहास पढ्नेलाई थाहै होला नि । फेरि मान्छेका इच्छा पनि त आ-आफ्नै हुन्छन् नि !

लेखनाथ बूढाले एकजमानामा लेखेकै थिए नि "बडाले जो गऱ्यो काम त्यो हुन्छ सर्वसम्मत, छैन शङ्करको नङ्गा मगन्ते भेष निन्दित ।" त्यस्तो हीरो देखिने प्रचण्डलाई टाइसुटबाहेक इज्जत केले गर्छ ? ल भन्नुस् । हामी नेपाली अरूको विरोध गर्नमात्रै जान्दछौं ।

मलाई एक मित्रले भने- “हाम्रा प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणमा जाँदा नेपालबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नउड्दासम्म राजकीय ठाँटबाँठ हेर्दा गणतन्त्र कम्युनिस्ट प्रधानमन्त्री हैन सक्रिय राजतन्त्रमा सुक्या रुखमा रङ लाएर हरियो पारेजस्तो मानौं देश अस्ति नै जापान बनेजस्तै पारिन्थ्यो, त्यस्तै पारिएको थियो । मैले भनें - “संसद्/कार्यकारी मन्त्रीपरिषद्ले शासन चलाउने भएको यो देशमा आफ्नै नेतृत्व र ‘कालेकाले मिलेर खाऊँ भाले’ संस्कारमा आफ्नो बहुमत हुँदा हुन नसक्ने कुरा के छ ? नसक्ने त यत्ति हो महिलालाई पुरुष र पुरुषलाई महिला । यसमा आश्चर्य मान्नुपर्ने त्यस्तो कुरै के छ र । रहरमात्र हुनपर्‍यो । आफ्नै हात जगन्नाथ ।” मेरा मित्र झोक्किए- “बरु अर्कोले पत्याइदिँदैन र पो समस्या । हो, नपत्याए हेर्नोस् त त्यत्रो सान र राष्ट्रिय सम्मानले भारतको औपचारिक निमन्त्रणामा २,२ घन्टा काठमाडौँको सडक ठप्प पारेर गएका गणतन्त्र नेपालका शक्तिशाली पहिलो प्रधानमन्त्री प्रचण्डलाई नयाँदिल्ली एयरपोर्टमा त चुत्थो गृहराज्यमन्त्रीले पो स्वागत गरेछन् !”

उनी भन्दै थिए-“समकक्षी मनमोहन दासँग भेट गर्दा मनमोहन दा प्रचण्डको भेष देखेर छक्कै परेछन् । टोपीसोपीसमेत फालेर प्रचण्ड अचानक मनमोहन दाको जीउमा छाँद हाल्दा त ठूल्दाइ बूढालाई लागेछ हामीलाई पहिले नहेरेर चाइना भ्रमणमा जाँदा मैले सातो लिएँ र प्रचण्ड भावुक बनेछन् । अँगालो हालिसकेपछि यसो पिर्लिक्क प्रचण्डको मुखमा मनमोहन दाले हेरेछन् । जुँगाको ताउ लाउँदै मुस्कुराइरहेका प्रचण्डसँग प्रचण्ड भलाकुसारी हुँदैजाँदा मनमोहन दालाई मनमनै लागेछ प्रचण्ड त साँच्चै प्रचण्डै रहेछन् नि ! साँच्चै प्रचण्डले नेपालमा आमूल परिवर्तन ल्याएछन् । भाषामा परिवर्तन उनलाई थाहा थियो संसद्मा उपेन्द्र यादवहरूले हिन्दीमा बोलेर उपद्रो गरेका । भेषमा परिवर्तन, केशमा परिवर्तन, देशमा परिवर्तन बूढा सोच्न थाले । कतै मात्रामा एसियाको ०.३ प्रतिशतको फुच्चे नेपालले गुणमा हामीलाई नै उछिन्ने त होइन ? बूढाले प्रचण्ड र प्रचण्डको टोलीको तामझाम, सान, रवाफ देखेर यो अडक्ल काट्दै थिए । उनलाई अचानक सम्झना भयो । हाँ, भारतको आर्थिक वृद्धिदर ८ प्रतिशत नेपालको २.२५ प्रतिशत अनि भारतको प्रतिव्यक्ति आय करिव ७ सय अमेरिकी डलर नेपालको १८० डलर, अनि नेपालको राजनीतिक गाईजात्रे असफल लोकतन्त्र याने ‘Democracy' कुटनीतिक अस्थिरता एवम् भविष्य साथै गफैगफमात्र ! बूढाले यी सबै एकै पटक सम्झँदा भित्रैदेखि हाँसो उठेछ क्यारे । तर आफ्नो परिपक्वताको प्रदर्शन गरेर बूढा हाँस्नचाहिँ हाँसेनछन्, तर ओठसम्म हाँसो

ल्याएर आफ्नैजस्तै गणतन्त्र नेपाल ल्याएकोमा भने अचम्म मान्दै यस कुरामा चाहिँ भित्रैदेखि बधाई दिएछन् ।

कुराकानीकै क्रममा ढीलो तर धैर्य र परिपक्वताका नायक मनमोहन दाले हाम्रा प्रधानमन्त्री प्रचण्डका शिरमा हेरेछन् । सर्लक्क फर्काएर चिटिक्क पारेर कोरेको लामो कपाल अनि टाईसुट, कोट देख्दा र ठीक्क मोटो आकर्षक व्यक्तित्व देख्दा र नेपालको माओवादी क्रान्ति सम्झँदा कताकता लेनिन, मार्क्स, माओलाई सम्झन पुगेछन्, तर अचानक उनको आँखा प्रचण्डको जुँगामा परेछ । उनलाई सम्झना भयो ला, लेनिनले त जुँगा हैन आकर्षक दाह्री राख्थे जसलाई आज पनि लेनिनकट दाह्री भनिन्छ । बूढा असमञ्जसमा परेछन् । कपाल, निधार, चेहरा, टाई, सुट हेर्दा माओ, लेनिनजस्तै तर जुँगा हेर्‍यो अर्कै, फेरि बोली, चेहरा नेपाल, नेपालीजस्तै बूढालाई छुट्याउँनै पो गाह्रो परेछ । अन्तिममा बूढाले निष्कर्ष निकालेछन्, हो, अरू केही हैन यो नेपाल, चीन, भारत, अमेरिका, रुस आदिकै मिश्रित रूप हुनुपर्छ ।

प्रचण्डको प्रचण्डरूपको भारत भ्रमणमा मनमोहन दालाई केही डर, केही आश भने पक्कै रहेछ । डर यस कुरामा कि उत्तरी चिरपरिचित सिंह माओ औ विचारको पुच्छर झुण्ड्याएर गरिएको १० वर्षे सशस्त्र कम्युनिस्ट क्रान्तिका महानायक प्रचण्ड अघिकाहरू भन्दा भिन्न नवयुगान्तकारी आफ्नै बेग्लै क्रान्तिकारी छविमा समाजवादी दर्शनले यसअघिका शासकहरूसँग उनीहरूकै कमजोरीमा हामीले केही सहमति गरेर केही स्वेच्छाले टनकपुर, सुस्ता, पछिल्लो कोशी बाँधमा अन्याय गरेकौ हौं, त्यसमा र सन् १९५० को सन्धिमा नेपाल तल परेका कुरामा आफ्नो स्पष्ट, राष्ट्रिय रूपको पुनरावलोकन र संशोधनको कुटनैतिक अडान राखेर हामीलाई विचार गर्न बाध्य पार्ने हुन् कि भन्ने र अर्को आशा भनेको पटकपटक हाम्रो भावनालाई बुझ्ने नरम अभिव्यक्ति, डरमिश्रित प्रतिक्रियाहरू र भारतलाई प्रयोग गरेर गरिएका जनयुद्ध र १२ बुँदेलगायतका सन्धि सम्झौतामा नयाँदिल्लीले गरेको पुरानो सहयोग र समर्पणले हाम्रो इच्छा विपरीत जान सक्दैनन् कि भन्ने पनि रहेछ ।

आखिर भइदियो दोस्रोजस्तै । कुटनीति र क्रान्तिकारी शब्दका कुटुरा बोकेर हाम्रा प्रम फर्किएपछि मनमोहन दालाई लागेछ । हैन, नेपाललाई समग्र राष्ट्रियतालाई हेर्ने एउटै अडान, एउटै पहिचान फेरिएछ । केवल त्यो जानीनजानी स्थानीय स्तरमा सरेछ, विभाजित भएछ ।

राष्ट्रिय नीति त व्यक्ति पार्टीपिच्छे नेपालको फरक पो रहेछ । बाहिर खुसी लागे पनि आफ्नो कुटनीतिक सफलतामा दङ्ग परे पनि नेपालका नसानसा बुझेका मनमोहन दालाई भित्र अन्तरआत्मामा चाहिँ लागेछ । नेपालजस्तो प्राकृतिक कुराले सम्पन्न सानो देशमा, राष्ट्रिय स्वार्थमा चाहिँ सत्ता, शक्ति, कुर्सीको फोहोरी खेल नपसिदिएको भए राष्ट्रिय स्वाभिमान कति उच्च हुने थियो । भावना, दर्शन र अनुभवले खारिएका ठूलो देशका ठूल्दाई राजनीतिज्ञ मनमोहन दाले अर्काको अर्थात् सानाको पीडा नबुझ्ने त प्रश्नै थिएन । बरु राष्ट्रियता र राजनीतिलाई शिरमा राखेर नैतिकताको राजनीति गर्ने मनमोहन दाजस्तालाई आफ्नो कुटनीतिक सफलतामा भने अपार गर्व महसुस भयो । उनी मुसुक्क मुस्कुराए र गर्वले एकचोटि पुक्क फुलेजस्ता देखिए ।

मनमोहन दाले पुनः एकपटक प्रचण्डको आफूसँगको भेटलाई सम्झने प्रयास गरे । सारा देशवासी सम्झे अनि गोर्खाल्यान्डको छुट्टै राज्यको माग गरिरहेका नेपालीभाषी सम्झे । भारतका विद्रोही माओवादी सम्झे कोशी बाँध, कोशीपीडित पनि सम्झे । एकातर्फ उनलाई कोशीपीडित नेपाली र भारतीयको आँशु देख्दा मानवताप्रेरित समान पीडाबोध भयो । उनी भावुकजस्ता देखिए । अर्कातर्फ एक्लै बर्बरराउँदै उनी भन्दै गए - "यता राष्ट्रका एकताका प्रतीक, प्रधानमन्त्री, उपराष्ट्रपतिलाई एकरूपको भाषा, भेष, भूषा, राष्ट्रियता वा आफ्नो जातीयताको चिन्ता छैन । ती गोर्खाल्यान्डेहरू भाषा, भेष, भूषा र जातीयताको युद्ध लड्दै छन् ! ये सब बेसरम बदमास लोगहरू !" प्रचण्डको टोलीका मेरा सहभागी नेपाली मित्र भन्दै थिए "मनमोहन दाको अनुहारमा छिनछिनमा आक्रोश र हाँसो प्रस्ट बुझ्न सकिन्थ्यो तर त्यो व्यवहारमा किञ्चित झल्कँदैनथ्यो ।"

यता मलाई लाग्यो यो रहर हो वा बाध्यता अचम्म छ । यता हामी पोशाक व्यक्तिको छनौटको कुरा हो र लुगामा राष्ट्रियता नहुने, बरु अरूको नक्कल गर्दा क्रान्तिकारी हुने तर्क र दर्शनबाट वा साना कुरा भन्दै तर्कँदै छौं । तर त्यत्रो संसारकै सङ्ग्रहालय मानिने (रुडयार्ड किप्लिङको 'द किम' उपन्यासमा) महाभारतका राष्ट्रिय नायकहरूमा आफ्नोपनको मोह किन होला ? मनमोहन दालाई टाउकोमा आफ्नो समुदायको पञ्जावी पहिरन झल्कने मौरीको गुँडजस्तो फेटाको भारी बोक्ने रहर किन लाग्यो होला ? सुत्दा फुकाल्न र उठ्दा लगाउन कति गाह्रो हुन्छ होला ? राष्ट्रपति प्रतिभा पाटिललाई सारीमै सजिने रहर किन भको होला ? पश्चिमी मूलकी

कंग्रेस नेतृ सोनिया गान्धीलाई 'गान्धी' थर र सारी लाउने रहर वा बाध्यता वा नाटक हो ? मैले बुझ्न सकिन ।

आ-आफ्नै रहरमा मलाई पनि जिन्दगीमा एउटा अमिट रहर छ । मनमोहन दा, प्रतिभा पाटिल तथा सोनिया गान्धी दीहरूलाई भेट्ने । यदि मेरो यो रहर पूरा भएको खण्डमा म पहिल्यै यही प्रश्न सोध्ने थैं । मनमोहन दा, के तपाईंलाई पश्चिमी देशहरू र प्रचण्डलाई देख्दा, केश, टाईसुटमा सज्जिएर औपचारिक कार्यक्रम टी.भी. अगाडि देखिन रहर लागेन ? मेरो प्रतिभा पाटिल र सोनिया गान्धीहरूलाई पनि त्यही प्रश्न रहनेछ । के तपाइँहरूलाई पश्चिमी देशहरू र हाम्रा महिला मन्त्रीहरू हिसिला यमी, पम्फा भुषालहरूलाई जस्तै स्वतन्त्र र क्रान्तिकारी देखिने, ब्वायकट केश र सट, प्यान्ट लगाउने रहर भएन ? अथवा के यो रहर हो वा बाध्यता हो ?

प्रश्नैप्रश्नहरूको श्रृङ्खलामा के मेरो यो रहर पूरा होला ? ज्या ! एउटा कुरा भुसुक्कै बिर्सें । म यो गरीब देशको धनी राजा वा धनी नेता त हैन नि । म त यो तन्नम देशको त्यो पनि गरीब बबुरोले त्यत्रा महाराष्ट्रका महानायकहरूलाई भेट्छु भन्नु भ्यागुताले उफ्रेर चन्द्रमा छुन्छु भनेजस्तो उट्पट्याङ गफ भएन र भन्या ? तर कसैले चाहिँ १० वर्षमा प्रत्येक नेपालीमा १२ हजार तलब, भ्यागुतो उफ्र्याइले २० वर्षमा स्वीट्जरल्यान्ड बनाउँछु भन्नुचाहिँ गफ नहुने मचाहिँ भ्यागुतो बनेर चन्द्रमा छुन्छु भन्नुचाहिँ गफ हुने ? प्रविधिको यो युगमा के बेर, 'लाइका' कुकुरले अन्तरिक्षमा पुग्छु भनेर कहिल्यै साचेको थियो होला र ? आखिर पुराणमा कुकुर स्वर्ग नजिक पुगेकै हो । जेहोस् सकारात्मक बन्दाबन्दै पनि मलाई हाम्रा लेखनाथबाले भनेजस्तै दुनियाले प्याच्च भनिदिने हो कि भन्नेचाहिँ ठूलो डर छ :-

"छोटो बढ्यो भने धेर फूर्ति ढाँचा बढाउँछ,
उर्लंदो खहरे हेर कत्तिको गडगडाउँछ ।"

### ४.८.४ सर्कारी संस्कृति

म जहाँ जाँदा पनि भन्ने गर्छु नेपालमा सहकारी हैन सर्कारी संस्कृतिचाहिँ फैलिरहेको छ । यो सर्कारी संस्कृति के हो भन्ने बारे धेरै मित्रहरूले मलाई प्रश्न गर्नुभएको छ । म शुरुमा यतिमात्र भन्छु कि, यो सर्कारी संस्कृतिको मूल नारा भनेको 'सर्कारी काम कहिले जाला घाम' हो ।

सर्कारी संस्कृतिबारे बुझ्न नेपालीको समग्र सोच एवम् प्रवृत्ति र निजी र सर्कारीबीचको भिन्नता बुझ्नुपर्छ । निजी भनेको के हो ? यो त नेपालीलाई बताइरहनै पर्दैन । अब सर्कारी संस्कृति बुझ्न त्यही निजी परम्परालाई ठीक उल्ट्याइदियो भने मज्जाले बुझ्न सकिन्छ ।

हैन तपाइँ यसबारे थेसिस गर्न चाहनुहुन्छ भने पनि नेपालको एउटा सर्कारी स्वामित्व भएको कार्यालयलाई अध्ययन गरे अझ बढी होला । सम्भवतः १० जनासम्मलाई पुग्ने सामग्रीका लागि नेपालका मालपोतहरूमध्ये डिल्लीबजार मालपोत कार्यालय पुगे हुन्छ । २,४ जनाको थेसिसका लागि त झारेझुरे जुन मालपोतमा पुगे हुन्छ । अँ साँच्चि थेसिसचाहिँ कुन तहको गर्ने ? नेपालभरिका मालपोतमा स्नातकोत्तर तहको (डिग्री) को थेसिस गर्न सकिन्छ भने डिल्लीबजार शाखाबाट विद्यावारिधि (पी.एच.डी) गर्न सकिन्छ ।

अब मानिलिनुस् तपाइँलाई नेपालमा भ्रष्टाचार कसरी हुन्छ ? घुस लेनादेना कसरी हुन्छ भन्ने सम्बन्धमा प्रश्नावली तयार गर्न पऱ्यो भने नेपालका जुनसुकै सर्कारी कार्यालय जानुस् र करिब ५ मिनेट बस्नोस् र  हेर्नोस्, तपाइँलाई उत्तरका लागि प्रश्नै गर्नै पर्दैन । उत्तर त्यतिकै आइदिन्छ । तपाइँ पुरानामा प्राक्टिकल रूपमा देख्नुहुनेछ अथवा नयाँमा घुस कसरी लिने भन्ने सम्बन्धमा राष्ट्रपतिको स्वागतमा संविधानसभा अध्यक्ष वा सभामुखले गरेजस्तै रिहर्सल देख्नुहुनेछ ।

लौ भो यसलाई यहीँ छाडिदिऊँ । फेरि यो पनि थेसिस बन्ला । म त व्यङ्ग्य पो लेखिरहेको  । हैन, नेपाली सर्कारी कार्यालयमा अचम्मका दृश्य देखिन्छ । छि ! छि ! छि ! नमरी बाँचे नेपालका सर्कारी कार्यालयमा अनेक पो देखिन्छ त । मलाई लगभग १ हप्तामा १० वटा जति सर्कारी कार्यालय जानुपर्ने काम आउँछ । टेलिकम, विद्युत, खानेपानी आदिमा विल तिर्न, मालपोत, प्रशासन, सडक विभाग, भूमिसुधार, अदालत आदिमा मेरो काम परिरहन्छ ।

नेपालका हरेक कार्यालयहरूमा कर्मचारी टन्न छन् । त्यहाँ महिला पुरुष कर्मचारी सराबर हुँदै छन् । तीमध्ये कोही चुरोट उडाइरहेका, कोही महिला कर्मचारीसँग हाँसो, मजाक गरी छिल्लिरहेका । महिला कर्मचारी पनि के कम पुरुष कर्मचारीसँग दिउँसै मस्त ! ठट्टा र मनोरञ्जन गरिरहेका । ग्राहक गएर किन ढीलो वा किन यस्तो भन्नै हुँदैन ठाडै आइलाग्छन्, रिसाउँछन्, झोकिन्छन् वा गजक्क पर्छन् । बोल्दा, जात जाने वा पैसा पर्लाजस्तो । मानौँ उनीहरू स्वर्गबाट झरेका हुन्, सेवाग्राही धुलोका कीरा । मज्जाले भुँडी पल्टाएर, कोही

फेसनसहित अत्तरसत्तर छर्केर मोडलका लागि क्यामेराअघि विभिन्न पोज दिन बसेजस्तो लाग्छ। महिला कर्मचारी आँखामा गाढा गाजल, ओठमा बाक्लो लाली, कानमा नाङ्ला जत्रा रिङ, शरीर २,३ ठाउँ भाँचेर सानले भन्छन् -'भोलि आउनोस् ।' कुनै त ग्राहकले केही कुरा पुनः सोधेमा सीधै था छैन भनेर उल्टै आँखा पो तर्छन् । मानौँ त्यो उनीहरूको निजी घर हो त्यहाँ बोल्न अनुमति चाहिन्छ। तालिम प्राप्त भएर श्रद्धा, सम्मान र अभिनन्दन गर्नुपर्छ। हैन भने अलिकति केही मिलेन भने सन्की जवाफसहित काम अनशिचितकालीन कर्फ्यूजस्तै ठप्प हुन्छ।

ल ठीक छ यी त नेपालका सर्कारी कर्मचारीहरूको मूलभूत प्रवृत्तिहरू रहे। यसबाहेक अर्को पक्ष के छ भने सानाको कुरा छोडौं ठूला वडा तथा विद्वान् कर्मचारीको कुरा गरौं न। उनीहरू साना कर्मचारीभन्दा तैबिसेक कुटनीतिक हुन्छन् । मीठो बोल्छन् त्यो पनि फुटकर ग्राहकसँग हैन । मिडियामा, समूहमा । उनीहरू पनि 'मुखमा रामराम बगलीमा छुरा' बोकेर हिँड्छन् । नपत्याए हेर्नोस् त तपाईँ नेपालभर जुनसुकै साना-ठूला सरकारी कार्यालयमा जानोस् । परवाट वा टिभी विज्ञापनमा त फोहोर पनि फूलजस्तो देखिन्छ तर अन्तरकुन्तरमा पुगेर नियालेर हेर्नोस् त के-के देखिन्छ। हो, उनीहरूको बोली र व्यवहार कस्तो हुन्छ ?

ठीक छ, म यही शाब्दिक दृश्यबाट तपाईंलाई जति सक्छु आज देखाउन प्रयास गर्छु। ल तपाईँ यतिबेला टेलिकमको फुर्तिफार्ति देख्नुहुन्छ हैन ? ल हिँडनुस् टेलिकम भित्र हेर्न । शुरुमा नयाँ बनाउँदै त भत्ता पचाउन, पास गराउन अन्तरकुन्तर चिटिक्क बनाउनै पऱ्यो । अनि विस्तारै ? समय यस्तै हो परिवर्तनशील, आजको मर्मत सम्भार नगरे भोलि त्यो विस्तारै उस्तै बन्छ । ट्वाइलेट हेर्नोस् विष्णुमतीको पुलमुनिकै जस्तै र हरेक सरसामान हेर्नोस् ती क्यान्सरपीडित रोगी जस्तै जीर्णशीर्ण हुँदै गरेको पाउनुहुनेछ। हैन, अहिले ठीकै कामचलाउ छन् भने पनि १० वर्षपछि आउनुहोस् त ती पशुवधशाला वा धर्मशालाजस्तै बनेका हुनेछन्।

उदाहरण यहाँ लाखौं छन् । नेपालको एकमात्र अन्तर्राष्ट्रिय रङ्गशाला हेर्नोस् न, ट्वाइलेटभित्र छपक्कै मान्छेका मल, मान्छेको भल जति ग्राउन्डमा । हामी त बानीपरेका तर विदेशी मित्रहरूलाई नेपाली उत्पादनको नमीठो वास्ना स्वागत ग्रहण गरिंदा के भन्दछन् होला ? अनि रङ्गशालाको रूप हेर्नोस् न भित्र चाइनाले दिएको पैसाले कतिले चाहिँ टोपी खस्ने घर बनाए होलान् । चुहेको पैसाले निर्मित रङ्गशाला पनि रङ्ग हैन फुङ्गशाला भएको छ ।

राजधानीबाहिरका रङ्गशालामा त झन् मलको भकारो, झारपातको जङ्गल, गौचरनसँगै ती भग्नावशेष बनिसकेका छन् । पहिलाकै, नबन्दाकै अवस्थामा पुगिसकेका छन् ।

हैन, त्यही सर्कारी हाकिम/कर्मचारी दिनभर धराप, झुपडीजस्तो र रौरव नर्कजस्तो कार्यालयमा मास्क लगाई लगाई बस्छ । बेलुका घर गयो स्वर्गको इन्द्रको झलमल्ल दरबारमा खुट्टा पुस्छ । आफ्नो घरको एक कोश परको पर्खालमा सानो दाग देख्नु हुन्न तुरुन्त मर्मत र सफा गर्छ तर आफ्नो कार्यालयको भवनका छाना ह्वाङ्ग हुन्छ । कुनैको चिम बल्दैनन् । कुनै बूढाको दाँत फुक्लेका जस्ता विचित्रका हुन्छन् । पार्खाल ह्वाङ्ग गाह्रोभरि चुइगम टाँसिएर, पान चबाएर थुकेका राता धर्सा, ट्वाइलेटमा थुप्रिएको भकारो हेर्दा नेपालका अधिकांश सर्कारी कार्यालय भूत घर हो कि जस्तो भान हुन्छ । अरू त कुरै छाडौँ न । हाकिम वा कर्मचारी स्वयम् आफू बस्ने कुर्सीसमेत फ्याक्चर भई जीर्ण ढल्लाजस्तो हुँदा पनि बाल मतलव छैन । आनन्द, तलब-भत्ता पोकेकै छ । १०-५ त हो नि भरे आफ्नो हवेली छँदैछ । पैसा सोहोऱ्यो लग्यो थुपाऱ्यो र सिंगाऱ्यो आफ्नो निजी हवेलीलाई । यो मुले सर्कारी वा सार्वजनिक थोडै मेरो घर हो र ? यो त २० वर्षपछि वा ५८ वर्ष पुगेपछि वा कुनै पनि बेला सरुवा भएर जाँदा वा अन्य कारणबाट छोडेर जानुपर्ने हुन्छ । उता आहाहा त्यो हवेलीको त आफैं मालिक आफ्नै हातमा लालपूर्जा आफूलाई मात्र हो र, आफ्ना पछिका दरसन्तानलाईसमेत हुने त्यो त मेरो मेरो मेरो मेरो सम्पत्ति ! यो नि ? सर्कारी त हो नि ! हैन त हाकिमसाव ?

मैले एउटा कुरोचाहिँ बुझ्न सकिनँ । यी सर्कारी कर्मचारीहरू के सुनले बनेका छन् ? के यिनले दिशा-पिशाब गर्नुपर्दैन? कि यिनीहरू मानव नभएर अर्कै जीव हुन् ! म एकपटक डिल्ली बजार मालपोत कार्यालय पुगेको थिएँ । कामको सिलसिलामा । त्यो अफिस मलाई टुकुचाको ट्वाइलेटघरजस्तो लाग्यो । कुनै पनि हाकिमकहाँ भेट्ने, जाने, काम गर्ने न कुनै निश्चित प्रणाली छ । कम्तिमा ट्वाइलेटमा त समूहमा जानेमा बाहेक १, १ जना गरेर जानुपर्छ । तर त्यहाँ त गुरुर्र भन्या । गाछन्, निक्ल्या छन् । हरेक ट्वाइलेटहरू मानवमलले टन्न छन् । हैन, ती कर्मचारी कार्यालय समयभर कहाँ जान्छन् ? कि उनीहरूका लागि विशेष गोप्य ठाउँमा मल निकास गर्ने ठाउँ छ ? अथवा झोलामा हालेर घर लान्छन् ? हैन भने आफ्नो कार्यालय आफ्नो खाने भाँडो किन त्यस्तो ? यता नेपालमा सबैभन्दा जेठो वीर अस्पतालको ताल हेर्नोस् त ! त्यो नर्ककुण्ड हो कि यो भगवानरूपी डक्टरले विरामीरूपी मानिसलाई जीवनदान दिने स्वर्ग हो ?

पूरै अस्पताल फोहोर र दुर्गन्धको तालमा चुर्लुम्म डुबेको छ । अस्पताल हेरेरै स्वस्थ मानिस ढल्न सक्छ । अस्पतालको फोहोरी तालमा डाक्टरका चम्किला सेता कपडा झिँगाले गाजल लाएजस्तै देखिन्छन् ।

अब कुरो गरौं लोकको सेवा गर्ने लोकसेवा आयोगको जहाँ स्नातकोत्तरको योग्यता भएका कर्मचारी बस्छन् । त्यहाँ हेर्नोस् त कर्मचारीको अनुहारको पारा, ढर्रा अनि कार्यालयको रूप ? त्यही मालपोतको जस्तो । त्यही ह्वार्र,ट्वार्र छ्यार्र, त्यार्र । हरेक ठाउँमा नयाँ कर्मचारी पनि आइरहन्छन् नि ! तर सबै उस्तै जुन जोगी आए पनि कानै चिरेका !

विज्ञापनमा हेर्ने हो भने त्यही वीरअस्पताल न्युयोर्क अस्पतालजस्तो देखिन्छ । त्यही मालपोत कार्यालय त्यही रङ्गशाला सप्तरङ्गी देखिन्छ तर भित्र गएर हेर्‍यो भने टुकुचाको गल्लीजस्तो ! हरे, यो विज्ञापनको विश्वमा कुनलाई सही भन्ने ?

यतिमात्र कहाँ हो र ? अनि भित्र नि भित्र, कस्तो हुन्छ नि ? तपाईं १० बजे कार्यालयमा जानोस् सबै कुर्सी रित्तै ! “यहाँ सर/म्याडम हुनुहुन्न ?” भन्यो भने आज बन्द छ आउनुहुन्न । भोलि, पर्सि, निकोर्सि, झिकपर्सि, मिकपर्सि, सिकपर्सि । पुनःपुनःपुनः जानोस् रोग त्यही । बन्द, हड्ताल आदि आदि आदि ! हैन यो सधैं बन्द हड्ताल तिनैले लुकेर गर्छन् कि क्याहो ! अफिस जानै नपर्ने मेरो मेरो मेरो घरमा बस्न पाइने । अनि बल्लबल्ल भेट्नुभयो भने “आज हुँदैन भोलि आउनुस् ।” अलिकति सवालजवाफ गर्न थाल्यो भने “हुँदैन भनेपछि हुँदैन हुँदैन ल के गर्नु हुन्छ ?”, “गर्नोस् ।”, “नेपालै यस्तै छ ।”, “माथि गएर भन्नोस् न ।”, “हैन भने तपाईं आफैं गरेर देखाउनोस् त ल !”, “कस्तो मान्छे रै छ बा !” यस्तै यस्तै जवाफ त आजकल हरेक सर्कारी कार्यालयमा पाइन्छ । यो त सामान्य र सम्मानजनक शिष्टाचार, व्यवहार हुन् । कहीँ त सर्कारी डनहरूले कुटेरै लास गायब पार्ने डर !

यस्तो भताभुङ्गे देशको भद्रगोले चाला त्रिभुवन विश्वविद्यालयदेखि लुम्बिनी विश्वविद्यालयसम्म खेलकुदमन्त्रालयदेखि स्याङ्जाको चिहानडाँडा रङ्गशालासम्म, पुलिस-प्रशासनदेखि अस्पतालसम्म, भूमिसुधारदेखि दरवारसुधारसम्म, मेचीदेखि महाकालीसम्म, हिमालदेखि तराईसम्म, शिक्षक भएको विद्यार्थी नभएको स्कुलदेखि राजधानीको जम्बो सरकारी कर्मचारी भएको कार्यालयसम्म एकैनासको छ । यो सोंच हरेक जातिमा छ, यो हरेक वर्गमा छ । यो हरेक जनजातिमा छ,

महिलामा छ, दलितमा छ, अपाङ्गमा छ । बालकदेखि वृद्धसम्म छ । यो साँच्चै भन्ने हो भने समावेशी प्रकृतिको छ ।

अबको नयाँ संविधान र राज्यको अग्रगामी पुनर्संरचनामा पनि यसको समावेशी प्रतिनिधित्व हुने नै छ । पदीय अंशवण्डामा पनि यो रहने नै छ । । यो हाम्रो अवको संघीयतामा पनि अझ व्यापक पारिनेछ । यो हाम्रो जीवन हो । बाँच्ने आधार हो, सर्वस्व र स्वाभिमान हो । साँच्चै भन्ने हो भने यो हाम्रो मौलिक नेपाली संस्कृति हो, सर्कारी संस्कृति हो ।

### ४.८.५ सर्टिफिकेटको सिरानी

मलाई एकदिन करिब आधा दर्जन विषयमा डिग्री (स्नातकोत्तर) गर्ने मित्रले भने- “लौ न बद्रीजी मलाई एउटा जागिर मिलाइदिनोस् ।” म छक्क परेँ यत्रा विषयमा डिग्री गर्नेले जागिर नपाएको भन्दा मलाई व्यङ्ग्य गरेजस्तो लाग्यो । म अब यो रहस्य बुझ्न उनको डेरातिर लागेँ ।

उनी त्यस दिन दिनभर रत्नपार्कमा मुकुन्देको भाषण र बदाम खाएर बेलुका लखतरान परी फर्किएका रहेछन् । उनको दैनिक जीवन यसरी नै चल्दो रहेछ । उनले मलाई कुरै कुराको सिलसिलामा भने । त्यस रात उनीकहीँ बसियो । मार्क्ससिट, क्यारेक्टर सर्टिफिकेटलगायत एकचाङ तालिम र विभिन्न शैक्षिक सङ्कायका विषयहरूको प्रमाणपत्रहरू ! अनि किन यति अग्लो सिरान भनेको त त्यही सर्टिफिकेटहरूको सिरानी पो रहेछ । हेरौं भनेर निकालेको त सिरानी त स्याप्पै । खोलेर हेर्न लागियो । छ बजे साँझदेखि हेर्न लागेको ठ्याक्कै रातिको ११ पो बजेछ । तैपनि अरू कति त बाँकी नै थिए ।

म त तीनछक परेँ फस्ट डिभिजन नभएका त सर्टिफिकेटै छैनन् । कुनैमा त डिस्टिङ्सन पनि । त्यति राम्रा लेमिनेसन गरेर सजाएर राखेका रङ्गीचङ्गी प्रमाणपत्रहरू देख्दै हेरिरहूँ लाग्ने । तर उनको कोठाचाहिँ पशुपतिको जोगीको कुटीजस्तो । मलाई लाग्यो कति असली विद्वान्हरू त यस्तै व्यवहार मन पराउँछन् । कतै यी मित्र पनि सांसारिक वैराग्यले मोक्षप्राप्तिको ज्ञानले ओतप्रोत भएर यस्तो सर्वहारा जीवन व्यतित गरिरहेछन् कि क्याहो ! मलाई यत्रा महान् व्यक्तिको सामीप्यताले आफ्नो सांसारिक, आर्थिक धरकपडको जीवन एकछिन त तुच्छजस्तो लाग्यो । म अदवसाथ बसेँ ।

जब समय बित्दै गयो बूढाले त सोमरस पो ल्याएका रहेछन् । साथमा पाडाको मम र मासु, छोइला कचेला के-के हो के-के ! बूढाले छालाको व्यागजस्तोबाट दनादन निकाल्न लागे रङ्गीन जीवनका रङ्गीन स्रोतहरू । बूढाले गाँजा, चरेस खान हुने खान नहुने सबथोक ल्याएका रहेछन् । मलाई आग्रह गर्दै उनी सेता साँप्रा लुछ्न पो थाले । म अक्कनवक्क हेरिरहें । एक मनले त कुनै मन्त्री या उच्च पदाधिकारी कहाँ त  आइएनजस्तो लाग्यो तर कहाँ हुन्थ्यो मेरो मित्रको कोठाको एक छेउबाट पानी चुहुने अर्को छेउमा ह्वाङ्ग परेको छानो र रातभर कोठा वरिपरि मुसा कुदेर हैरान ।

म त सरकारको "साक्षर बनौं सभ्य बनौं" नारामध्ये साक्षर भएको तर असभ्य मान्छे नखाने कुरै थिएन । खान थालियो । जति रात चर्कँदै गयो । गुटुटुटुटु मुसा दौडेका छन् । किचेनर्‍याकभित्र छिरेको त्यही मुसो एकछिन पछि त बूढोको व्यागभित्र छिरेछ । कसो बूढाले कुखुराको सपेटा भनेर नचपाएका । मुसा भोकले आलसतालस भएर मान्छेको समेत डर नमानी हाम्रो थालमा उफ्र्यौंला झैँ पो गर्छन् । हामीचाहिँ मुसालाई भ्यागुतो देख्ने भैसकेका छौं । अचानक बूढा नाच्न थाले । मुसा हाम्रो वरिपरि घुम्न थाले ।

त्यही बेला झ्वाट्ट बत्ती आयो । बूढाले टिभी खोले । टिभी झुर भए पनि दृश्य प्रस्टै देखिन्थ्यो । त्यसैबेला टीभीमा त संविधानसभा भवनबाट प्रत्यक्ष प्रशारण पो भइरहेको, रल्लिरहेका, हल्लिरहेका, छिल्लिरहेका, कोही भाषण गरिरहेका । सँधै राति हुने संविधानसभा वा व्यवस्थापिकाको मिटिङ र हाम्रो रमाइलो बढ्दै गयो । मुसा च्वाँच्वाँ झ्वाँझ्वाँ गरेर छटपटाइरहेका छन् । हामी बन्द संविधानसभाभित्र नरहे पनि बन्द कोठाभित्र रहेका भए पनि मुसा आतङ्कले हाम्रो सातो उडायो ।

मलाई मेरा भित्र प्रमाणपत्रप्रसादले अब लुगा देखाउन थाले । थोत्रो ट्याङ्करमा पसेर मुसाले भएका लुगा जति त चाल्नो पो बनाइदिएछन् । जताजतै मुसाको लिँडैलिँड । बूढाले एउटा ठूलो ब्याग खोलेका मात्र के थिए मुसाका असङ्ख्य बच्चा ! ओहो यत्रो सानो कोठामा यत्राविधि मुसा के खाएर बाँच्छन् हँ यी ? बूढाको कोठामा त खाने कुरा त केही छैन । यी जोगी बूढा कतै मुसाखेती त गर्दैनन् ? मुसाको त केही काम्मै हुँदैन । यो त सुतिखेतीमात्र गर्ने प्राणी हो ।

मैले बूढालाई जिज्ञासा राखेँ । "होइन, तपाईँको कोठा र तपाईँ हेर्दा हाम्रो देश नेपालजस्तो गरीब र तपाईँलाई हेर्दा हाम्रो देशका गरीबजस्तो सुकुम्वासी पाराको लाग्छ तर यत्राविधि मुसा के खाएर यहाँ बाँच्छन् र बच्चा जन्माउँछन् हँ ? यिनलाई कसरी पुग्छ ?

मेरा मित्र गम खाए तर मेरो उत्तर सजिलै दिन सकेनन् । "यसबारे भोलि वहस गरौँला" उनले यत्ति भने । मलाई भने यो जिज्ञासाले रातभर सताइरह्यो । यत्तिकैमा टीभीमा सभासद्ले संसद् अवरुद्ध पारिरहेको दृश्य देखियो । यता मुसाहरू झ्वाँझ्वाँ गरेर कराइरहेका थिए । हामीले यताको डिस्टर्बले उता के भइरहेको ठम्याउन सकेनौं उताको डिस्टर्बले यता ठम्याउन सकेनौँ ।

मेरा मित्रलाई सोमरस लाग्दै गइरहेको थियो । बूढा आदर्शका गफ छाट्न थाले । उनको आधा दर्जन डिग्रीको पण्डित्याइँ मैले कसरी बुझ्ने ? म अवाक् भएर मुण्टो हल्लाइरहेँ । उनी भन्थे- "हेर्नोस् मित्र, मलाई यो सर्टिफिकेटको सिरानी नहाली आजभोलि त निद्रै लाग्दैन । यसबारे गफ नगरी खाकै पच्दैन ।" मेरा मित्र प्रमाणपत्रप्रसाद भन्दै गए - "जागिर पाइएन । सानोतिनो जात जाने डरले खान सकिएन । सर्कारीमा सहकारी हुन सकिएन ।" मलाई लाग्यो यी मित्र नेपाली अहंको प्रतिनिधि पात्र हुन् । उनी भन्दै थिए-"मलाई सरकारले बोलाएन म किन जाने ? राज्यलाई आवश्यक परे मलाई बोलाउने हो, अनि म जाने हो ।" मलाई उनको कुरो बेठीक नभए पनि ठीकचाहिँ लागेन । म सोच्न थालेँ यिनलाई नआउने केही छैन । आफ्नो विषयमा यी पोख्त छन् । यिनले कति परीक्षण गरेको मैले टीभीमा देखेको छु । यिनी जापानमा भर्खरै भएको बच्चा खेलौना रोवर्ट प्रतियोगितामा दोस्रा भएका छन् । यस्ता खालका आविष्कार उनले कति गरे गरे तर उनको गुनासोअनुसारको मुसादौड प्रतियोगितामा अन्तिम हुने नेपालसँग यस्तो प्रतिभाशाली व्यक्तिलाई खोज्ने फुर्सद कहाँ हुन्छ त ?

यति मैले नसोच्दै उनी सुत्ने तरखर गर्न थाले । उनी सुते, म पनि सुतेँ तर मुसाआतङ्क जारी थियो । बूढा निद्रै लागेन भन्दै भुइँको सर्टिफिकेटको पोको सिरानमा कोची फ्वाँफ्वाँ गर्न थाले । यसरी बूढाले त्यस रात भरपुर मनोरञ्जन दिए ।

अर्को दिनमा अर्को मित्र कहाँ पुगियो । गेसबहादुर गेसोकहाँ । उनको पनि आफ्नै विशेषता थियो । उनी पनि एक दर्जन सर्टिफिकेटका धनी । उनी त सुटकेसमा सर्टिफिकेट बोकेरै हिँड्थे । कतै झगडा परिहाल्यो कि देखाइहाल्ने "यी देखेका छौ, मैले यति वटामा डिग्री गरेको छु ।"

उनको एउटा थप विशेषता भनेको उनले विद्यावारिधिसमेत गरेका थिए । म उनको कोठामा पुगेँ । राति अवेरसम्म बसियो । उनले नर्सरीदेखि पी.एच.डी  सम्मका प्रमाणपत्र देखाए । मेरो त सातै जालाजस्तो भयो । प्रथम र द्वितीय श्रेणी त कुनैमा छैन खाली पास मात्रै । उनी भने १ नं. को जागिरे । क्याम्पस पढाउँछन् । सहरभरि उनको चर्चा छ । विद्वान्, समालोचक, प्राध्यापक आदि आदि । उनी पनि सर्टिफिकेट सिरानी नहाली सुत्नै नसक्ने । हेर्दै गर्दा उनले आइ.ए. र बी.ए.का सम्पूर्ण सर्टिफिकेट विहारबाट महँगो मूल्यमा खरिद गरेका रहेछन् । यहाँका सर्टिफिकेटमा पनि तारैतारा लागेर बल्लतल्ल ४० वर्षमा पास गरेका रहेछन् ।

मैले जीवनमा सयौं यस्ता नेपाली मित्रहरूसँग भेट गर्ने अवसर पाएँ । क्याम्पसै नदेख्नेको त कुरै भएन तर त्यसदेखि बाहेक मैले सबै प्रमाणपत्रप्रसादजी र गेसबहादुर गेसोजीहरूजस्तै पाएँ ।

सबैसँगको सानिध्यताबाट मैले के कुरा पत्ता लगाएँ भने यो सबै गेसपेपर संस्कृतिको कमाल रहेछ । सम्पूर्ण समय सुतीखेती गर्ने र जाँचको अघिल्लो दिन गेससंस्कृतिमा गेसबहादुर बनेर देश परिवर्तन गर्ने ठाउँमा पुग्ने हाम्रा विद्वान् मित्रहरूको सफलताको रहस्य यो पो रहेछ । हुन त एकसमय जर्ज वर्नार्ड स धेरै ठाउँमा गरिखान नसक्ने भनेर अपमानित भएका थिए रे । अंग्रेजीका धनी उठी खानुपर्ने देशका स बूढालाई त यस्तो पर्‍यो भने हामीलाई त झन् दशकौं एउटै २ फुटे गेसपेपर संस्कृतिमा हुर्किएका मान्छेलाई त जागिरलाई आपत पर्नु स्वाभाविकै हो नि ।

मेरो पनि करिब आधा दर्जन त डिग्री पुग्नै लागे । जागिरको आजसम्म ‘ज’ पनि देखेको छैन । निमा गेसले मलाई यत्रो उद्धार गर्‍यो । बरु आज मलाई लाग्न थालेको छ थुक्क मैले निमालाई केही गर्न सकिनछु । सुनेको छु फेरि यो जागिरको किताबमा पनि पृथ्वीनारायणले खाएको, नखाएको, झारेको, बिहे गरेको, हनिमुन मनाएको फलानो थोक गरेको, ढिस्कानो गरेको, मारेको, कुटेको, चिथोरेको आदिभन्दा  बाहेक केही छैन । नेपालका विभिन्न ठाउँमा फलानो थोकको खानी रहेको भनेर घोक्दै हैरान । कतै यो लोकसेवाले पनि यी अभाव भोकमरीले आकूल बेरोजगारहरूलाई सुन, चाँदी, पित्तल, दही, च्युरा आदि शब्द चपाएर अघाऊन् अथवा मरुन् पो भन्न खोजेको हो कि ? जहाँ पनि खालि यही गेस । खालि यही चिया कफी गफ । यहाँ यस्तो हुन सक्ने नभए अर्को ठाउँ खोज्नुपर्ने, यो यति अग्लो, यो यति होचो, यो मरनच्याँसे, यो हृष्टपुष्ट आदिआदि र आदिमात्रै ? बरु यो भन्दा त एउटी युवतीको कति गाढा गाजल, नसालु

आँखा, हिप, कपाल, स्वभावबारे भए त एउटा टिनएजरले अनगिन्ति पटक घोक्थ्यो होला ! कतै बरू एन्तोन चेखव जस्तै कवि पो बन्थ्यो कि ?

यति मात्रै हैन । हाम्रा स्कुल कलेजका किताब अधिकांश त ९० सालतिर लेखिएका होलान् । झिलिमिली गातामा प्राडा नै प्राडाका बथान शासकका गाथा र भित्र त उही त हो नि तिनको काम ? कन्यादान !

मलाई एम्.ए.मा पढाउने एकजना विद्वान् सरले भनेझैं यो नेपाली गेसपेपर संस्कृतिको जगमा झिंगाको टाउकोको जति अथाह ज्ञान लिएर विश्वमै हरेक क्षेत्रमा चमत्कार ल्याउने लहड चल्दै छ । हैन यसमा सकिएन भने पनि पैसा हुनुपर्छ सर्टिफिकेट उत्पादन गर्ने मजस्ता महान् मानवशक्ति कारखानाहरू छँदै छन् । गेसपेपर संस्कृतिको भऱ्याङ चढेर म अरू गर्न नसके पनि प्रमाणपत्रहरू त ओढ्न, ओछ्याउन र सिरानी हाल्न पुग्ने बनाउन सक्छु नि ! तर साथी, मलाई अर्को एउटा महान् डर छ, कसैले मलाई तिम्रो नाम कागजमा शुद्ध गरेर देखाऊ त भन्यो भने हात थर्थर काँप्छ । अनि कलमको साटो हातै अघि सर्छ । नपत्याए हेर्नोस् न, टि.यु. को क्याम्पस प्रमुखको अगाडिको सिसा मैले यस्तै केशमा झऱ्यामझुरुम बनाएको हुँ । पटके, एकोहोरो, गुडिया विकास गर्ने, मर्मत नगर्ने नेपालमा मेरो त्यो चिनो शताब्दीऔँ पो रहने भो कि क्या हो ? यसरी त सिरानी हाल्न पुग्ने सर्टिफिकेट बनाउन पनि गाह्रो हुँदैन र भन्या ? नत्र यहाँ आफूलाई निद्रै नलाग्ने भैसक्यो !

### ४.८.६ के यो नेपाल नयाँ हो ?

फोनमा मलाई भर्खरै मात्र एक विदेशी मित्रले भने-"ब्याड्री म चाँडै टिम्रो डेश हेर्न आउँदै छु । टिम्रो नयाँ नेफाल हेर्ने मेरो ठूलो धोको छ । हेर न ब्याड्री नेफालबाट यहाँ आएको पनि डश वार्ष भएछ ।" मैले उसको एकोहोरो वार्तालापमा सोचमग्न भएर कृत्रिम हाँसो हाँस्दै भने-"डेभिड, तिमी नेपाल आऊ, हाम्रो नयाँ नेपालमा तिमी जस्ता शुभचिन्तक मित्रलाई हार्दिक स्वागत छ ।"

जब फोन राखेँ मलाई एउटा अदृश्य डरले छोपेझैं लाग्यो । ओहो मैले एउटा इमान्दार विदेशी मित्र पाएको छु डेभिड । ऊ नर्वेमा बस्छ । उसको पुर्ख्यौली घर अमेरिका हो । तर ऊ परिवारसहित नर्वेमा बस्छ । उसले आफ्नो पुर्ख्यौली देशसमेत मन पराउँदैन कारण उसको

विचारमा अमेरिका एउटा परपीडक देश हो । उसको निष्कर्षमा कुनै पनि देश आर्थिक रूपमा धनी भए तापनि अन्ततः त्यो देश गरीब हुन्छ यदि त्यहाँ मानवता र समानताको व्यावहारिक अभ्यास गरिदैन भने । ऊ भन्थ्यो-"अमेरिका कानुन हातमा लिएर मान्छे मार्ने लाइसेन्स लिएको मूर्ख देश हो ।"

मलाई उसको तर्कले सोचमग्न गराउँथ्यो । आफू त किताबमा पढेको भरमा अमेरिका स्वर्ग छ भन्ने अर्थ लगाइन्थ्यो तर डेभिड "अमेरिका आफ्नो जनता र उपभोक्ताका लागि ठीक छ तर अरूलाई ज्यानमारा लाग्छ ।" बारम्बार भन्ने गर्थ्यो ।

उसको यो तर्कमा दम थियो मैले भनेँ-"अँ साँच्चि काला र गोराको सबभन्दा मानवताविरोधी अवशेष अझै पनि त अमेरिकामा छ नि हैन?"

खैर जेहोस् अरूको कुरा काटेर बस्ने नेपाली संस्कार ममा पनि यति व्यापक देखेर म आफैं एकछिन लज्जित भएँ । मलाई लाग्यो आफ्नै देशको कुरा गरौं न । मैले मेरो देशको ऐनामा मेरो अनुहार हेर्ने गम्भीर प्रयास गरेँ । आजको यो 'नयाँ नेपाल' भन्ने शब्द 'हटकेक' छ नि हो यो यथार्थमा सही छ ? मलाई बुझ्ने इच्छा लाग्यो, के यो साँच्चै नयाँ नेपाल हो ?

अब म यसबारे पत्ता लगाउन खटिएँ । पहिलो झट्का विद्युत प्राधिकरणको लोडसेडिङले दियो । वर्षायाममा राजधानीजस्तो ठाउँमा ४८ घण्टा लोडसेडिङ्ग ? मैले यसअघि यति धेरै र यस्तो घटना भएको नभएको अध्ययन गरेँ । यस अघि यति धेरै रहेनछ । यो इतिहासमै सबैभन्दा बढी थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रपछि जनताको सरकारको शुरुदेखिकै जनतालाई पहिलो उपहार रहेछ यो । राजधानी सहरमा टुकी युगको यो कथा १७,१८ औं शताब्दीसँगै मेल खाने रहेछ । यत्रो जलश्रोतको विश्वको दोस्रो धनी देश नेपाल अन्धकार युगतिर ? मलाई लाग्यो राष्ट्रपतिको सहरमा त यो छ भने गाउँमा ?

यो सोच्नै नभ्याई अर्को आयो पाठ्यपुस्तकको अभावमा, झगडा र लुट । सरकारी स्कुलको किताबको अभावमा कतिपय स्कुल बन्द र विरोध धर्नाले अनिश्चितकालीन बन्द भएको घटनाले यो पनि जङ्गली युगतर्फको यात्रा र नेपाली इतिहासमै पहिलो रेकर्ड कायम गरेको रहेछ ।

अर्को वाइ.सि.एल. र युथफोर्सको भैरवनाच ! चन्दा असुली, अपहरण, ज्यादती, कुटपिट, लुटपिट, वेइज्जती र हत्या । यो त नेपालका राजनीतिक दल र तिनका भातृसङ्गठनको दिनचर्या रहेछ । हिजोका राजाका मण्डले गुण्डागर्दी आज पार्टीमा सरेछ । पर्यटकसमेत लुटिएर, कुटिएर, पिटिएर, चन्दा, आक्रमण र धम्कीबाट आक्रान्त । सम्भवतः संसारमा आन्तरिक पर्यटकको कुरो छाडौं तर विदेशी पाहुना, पर्यटक सबैभन्दा बढी कुटिने देशमा नेपालले नयाँ रेकर्ड कायम गरेको रहेछ । हालैको मानव विकास प्रतिवदेनमा चाहिँ नेपालमा मानवअधिकारको स्थिति सुधार भएर १३१ बाट १२१ मा झऱ्यो रे ! गजब छ बा, ए, १२१ चाहिँ थोरै हो !

अर्को छ, आपूर्तिको स्थिति । मट्टितेल, डिजेल आदि इन्धनको अभावमा काठमाडौँमा करिब करिब सुडान, इथियोपियाको जस्तै भोकमरी शुरु हुन लागेको छ । यसैले पनि यही स्थिति रहने हो भने भविष्यमा विश्वमै अर्को भोकमरीको स्थिति खडा हुने र पेरुमा जस्तै माटाको च्वाइँरोटी बनाएर खानुपर्ने र मान्छे/बालबालिका अस्थिपञ्जरमात्र लिएर घिटीघिटी बाँच्नुपर्ने स्थिति आउने दिन टाढा छैन । यो अभावले धनीलाई नौटङ्की, झिँजाको डाँकाजस्तो र गरीबलाई चोर बनाउने निश्चित रहेछ ।

अर्को फोहोरी राजनीतिले निम्त्याएको फोहोर माथिको राजनीति । यसले पटकपटक राजधानीका मुटु भनौदा ठाउँमा कथित सभ्य नेपालीजन मुख थुनेर वा मास्क लगाएर हिँड्नुपर्ने स्थिति र गरीब विभिन्न सङ्क्रमणले अस्पतालको बेडमा पुग्नु पर्ने स्थिति यो पनि शायद संसारकै पहिलो प्रयोग होला ।

हामीले नयाँ नेपाल भनेर जनतालाई घोकाउन थालेको जनआन्दोलन भाग-२, ०६२-०६३ देखि यता हो । अब यसअघि र पछिको नयाँ नेपाल केमा आएछ तुलना गरौं । राजाको पालामा खाल्टामा ड्रम राखेर, रातो कार्पेट बिच्छ्याएर, सुकेको रुख रङ्ग लगाई, हरियो पारी सडकमा दिउँसोको सवारीका लागि अघिल्लो दिनदेखि जनतालाई सास्ती दिइन्थ्यो । हाल पनि त्योभन्दा अरू चर्कोमात्र नभई रिसल्लासहित जनताको छोरो राष्ट्रपतिलाई रिहर्सल गर्दै ईश्वर बनाइँदै छ । यो सम्भवत संसारमै 'कहीं नभएको जात्रा हाँडी गाउँमा' हैन नेपालमा हो । यो पुरानो सामन्तीको ठाउँमा नयाँ स्वरूपको उदय हो । यसैगरी क्रान्तिकारी पार्टीका जनताका प्रधानमन्त्रीको पनि राष्ट्रपतिको भन्दा चर्को सुरक्षा व्यवस्था र ख्वाव छ । उनको त झन् ३,४

राउन्ड वा घेरा सुरक्षा व्यवस्था र डेढलाखको पलङ ! राजालाई ईश्वरको अवतार मान्नेहरूले ईश्वरको रक्षा गर्न त्यसो गरे रे ल । तर यी त दलितको झोपडीमा उसको संस्कार अनुसारको जाँड र जनताको नाममा सपथ खाँदै हिंडेकाहरू रातारात देवता बन्ने अभ्यास गर्दै ? जनताको मानो खानेलाई जनताको यस्तो डर ? यो अर्को आठौं आश्चर्य नेपालमा पो फेला परेछ ।

अर्को हो, मन्त्रीको झिँजाको डाँकाशैलीमा दिनदहाडै घर, जग्गा कब्जा । बहालवाला मन्त्री एउटा मन्त्रीको आदेश काट्न आफैं आफ्ना पार्टीका सशस्त्र जत्थासहित कुट्दै पिट्दै जथाभावी बोल्दै गएको यो सम्भवतः विश्वकै पहिलो घटना हो । नेपालका मन्त्रीले यसका अतिरिक्त वरिष्ठ सरकारी अधिकारीलाई ट्वाइलेटमा थुनेर यातना दिएर विश्वमै नौलो काम गरेछन् । हिजो निक्षेशमशेर, जगत गौचन, पारसजस्ताले पनि यही पारामा आतङ्क मच्चाएकै थिए ।

संसारमा नयाँ भन्ने देशहरूमा नेपालको जस्तो छाडापन कहीँ पनि छैन । यहाँ राजधानीको मुटुमा हिँडिरहेको बटुवाको टाउकोमा जुठा टपरीको टोपी लाग्ने होस् या ट्राफिक नियम विपरीतका मनपरी ढङ्गले कानको जाली फुट्ने गरी बजाइने हर्नहरू हुन् या नियम मिचेर बहुला ढङ्गले ट्यापे वा कृत्रिम सज्जनबाट उडाइएका 'बाइक' वा गाडीबाट भएका ठक्करहरू हुन् या सहरका मुटुमा सुरक्षा दस्ताबाटै हुने दुर्व्यवहार हुन् या माइक्रोहरूको आफ्ना अन्नदाता यात्रुहरूलाई भेडा बाखाको व्यवहार गर्ने प्रवृत्ति होस् या टाइ सुटधारी सभ्य भनौदाबाट कुम खुस्कने गरी लागेको ठक्करमा समेत गल्तीको 'जीरो पर्सेन्ट' पनि अनुहारमा सङ्केत नदेखिने अवस्था होस् यी सबै राणा र पञ्चायतको काँचो वायुको अवशेष रहेछन् । आजको नयाँ नेपालमा यो चुलिएर गएको छ । अब कुरा गरौं राष्ट्र सेवक कर्मचारीको जो जनताको करबाट पालिन्छन्, पोसिन्छन् । एक अर्थमा यिनका अन्नदाता तिनै राजश्व तिर्ने जनता हुन् । तर नेपालको कर्मचारीतन्त्रमा ठ्याक्कै उल्टो दृश्य छ । तपाईं मालपोत जानोस् या सञ्चार तपाईंलाई भिक्षा लिने व्यक्तिलाई जस्तो रुखो व्यवहार गरिन्छ । मानौं उसले आफ्नो खल्तीबाट ग्राहकका पैसा, कर, शुल्क, राजश्व तिर्दिरहेको वा ग्राहक उसको नोकर या सेवक हो । उसले दास भावमा मालिकलाई श्रद्धा, सम्मान र अदब पेश गर्नुपर्छ हैन भने ऊ देशद्रोही हो । असभ्य हो । जसको प्रभावले मालिकहरूको आदेश र इच्छाबमोजिम जयभोलिको मन्त्रले एकछिनमा हुने काम २ छिन र २ छिनमा हुने काम १० छिन हुँदै दुई दिन, २३ दिन वा जीवनभर हुने वा नहुने

हो ठेगान हुँदैन । आजको नयाँ नेपालमा यो राणाकाल र पञ्चायतीकाल र निवर्तमान संसद्‌ीय कालकै अवशेष आज झन् ट्वाइलेटछेउको मुलाजस्तै सप्रिँदै गइरहेको छ ।

यहाँ सर्वोच्च अदालतका न्यायाधीश, वारका सर्वोच्च प्रमुखजस्ता कानुनका ठेकेदारहरू आफ्नै खाने भाँडो पेशा र क्षेत्रमा भ्रष्टाचारको डँढेलो लागेको ओकल्छन् अनि आफैँ स्वअभिनन्दित हुँदै आफैंले आफैँलाई सफाई दिन्छन् । यो पनि राजाको वा राजा-संसद्‌ीय खिचडी युगमा महान्याधिवक्ताजस्ता राजालाई ईश्वर र हामी मान्छे भनेर घोषणा गर्थे यो त्यसैको निरन्तरता हो ।

यो हाम्रो आजको नयाँ नेपालमा नेपाल देश यस्तो बनेको छ । यहाँ कुनै निश्चित वा एकरूपताको न कुनै भाषा छ, न कुनै पोशाक छ, न कुनै आफ्नो मौलिक नीति छ । सबै अलि अलि चोरेका तर नेपाली मौलिकताले तिनका स-साना प्वाल टालेका मात्र देखिन्छन् । हाम्रा सभ्यता र स्वपहिचान दिने संस्कृति हेर्न अब कि भारतको गोर्खाल्यान्ड वा अमेरिकाको नेपालीबासी भएको शहर वा जापानको नेपालीवासी भएको सहर वा म्युजियम जानुपर्ने अवस्था छ । आफ्नो देशको कलासंस्कृति हेर्न विदेश धाउनुपर्ने यो नियति नयाँ नेपालको नयाँ उपहार बन्दै छ ।

यी सबै तथ्यहरू मैले जति पत्ता लगाएँ यी केवल मैले हल्लिएर हिँड्दा देखेका र सुनेका कथानक हुन् । अदृश्य र अगम्य कति अपराधहरू नयाँ नेपालको समाजमा छिपेका होलान् म कल्पना पनि गर्न सक्दिनँ । आखिर नेपालका कुख्यात राणाकालीन कोतपर्व, भण्डारखाल पर्वहरू विभिन्न नयाँ रूप र संरचनामा आखिर दरबारमा र निवर्तमान संसद्‌ीय व्यवस्था र जनयुद्धमा घटेकै हुन् नि । हामी ती दृश्यका अभागी दर्शक हुँदै हौँ । यसरी यस्तो संस्कारमा हाम्रो भाग्य अन्तहीन शृङ्खलामा अघि बढेको देख्दा मलाई शब्दमा भए पनि सारमा नयाँ नेपाल लागेन । यो खसोखास उही पुरानो नेपाल हो। यसमा १,२ ,३ शङ्का छैन ।

अब अर्को जिज्ञासा पनि मेटाऊँ । के भविष्यमा बन्ने नयाँ नेपालको कल्पनाचाहिँ यो होला त ? यो पनि बहुलाले वहस गरे जस्तै कुरा हो । अरे म मूर्ख, झार रोपेको ठाउँमा कहीँ धान फल्छ ? नेपालीपनको शङ्का नगर्दा हुन्छ, मैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई झार भन्न खोजेको होइन । यो सही अर्थमा माटो हो तर यहाँ रोपिँदै गरेका माथिका सम्पूर्ण बीजहरू गणतन्त्रका झारहरू हुन् तर हामी टर्रटर्र गर्ने भ्यागुताले सगरमाथा चढ्छु भन्दा पत्याउँदै छौँ । के शब्दमा

मात्र अर्थहीन टर्रटर्र गर्ने भ्यागुतो सगरमाथामा पुग्न सक्ला ? असम्भव, यो अपराधको शृङ्खला टेकेर साधु बन्नु भनेजस्तै मूर्खतर्क हो तर अपराध गर्न छाडेर सत्कर्ममा लागेमा माथिका खराबी त्यागेमा वा धान रोपेमा धान अवश्य फल्छ तर त्यस्तो भएमा फेरि आठौँ आश्चर्य नेपालमा देखिनेछ ।

अब अन्त्यमा मलाई एउटा अज्ञात डरको भय छ । डेभिडको फोनको घण्टीको । डेभिड एउटा मानवताप्रेमी मान्छे । मानवताको सँधै 'टप थ्री' मा पर्ने नर्वेमा बस्छ । उसलाई म यहाँ बोलाएर के नयाँ नेपालको शाब्दिक रसवरीमात्र खुवाऊँ ? पुरानो नेपालमा पनि सगरमाथा प्रदूषित थियो आज पनि झन् बढी छ । पुलहरू जनयुद्ध कालमा घटे । उसलाई जोखिमयुक्त तुइनमा म कसरी चढाऊ ? जब कि यी कतिपय तुइनहरू राणाकालका छन् । इन्टरनेट, इमेल गर्न खोज्दा बत्ती हुँदैन र सारङ्गी पनि कीवोर्डले विस्थापित पारिसक्यो ।

ठमेलमा आफ्नो कला संस्कृतिको राम्रो नाच  देखाउथैं नि त्यो पनि न्युर्योक सहरको जस्तो नाङ्गै हुन्छ । धमाधम त्यही पनि बन्द हुँदै छन् । पुराना दरबार तथा मन्दिरहरू पनि कुनै भग्नावशेष वा कुनै झार र लेउ उम्रेर गुफा जति राम्रा पनि रहेनन् । नदीहरू घुमाऊँ ? ती पुराणका रौरव आदि बन्दै छन् । तराई लैजाऊँ, सशस्त्रधारीले फिरौतीमा सिध्याउने डर ! गाउँठाउँ लैजाऊँ कामले कम्मरमा लुकाएका नामले निःशस्त्रधारी तस्करका डरले उसको पकेट सकिएर कमण्डलु बोक्नुपर्ने हो कि भन्ने डर ।

नयाँ नेपालका झुर प्लेन पनि तिनै पुराना नेपालका, जो पनि चढ्ने साझा बस, ट्रलीवस, रोपवे, रेल आदि गीतमा मात्रै उपलब्ध छन् । सभ्यता, संस्कृति, आचरण उही जङ्गली पुरानो नेपालका । मैले उसलाई नयाँ नेपालमा नयाँ चीजले स्वागत गर्ने धरोधर्म केही सिन्को पनि भेटिन । बरु अरू त अरू ती पुरानासमेत दुरुस्त छैनन् । मान्छे पनि बहुलाएकाजस्ता, सम्पूर्ण वास्तुकला, चित्रकला, मूर्तिकलाहरू पनि उल्टै बिटुलिएका छन् । एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिसकेपछि उसको पहिलो अनुभव वा दृश्य स्वयम् लुटिएको हेर्नुपर्ने पनि हुन सक्नेछ ।

खैर जेहोस्, मेरो केवल नयाँनयाँ शब्दको संविधान, कानुन, नीति, कार्यक्रम आदिमा दखिने नयाँ नेपालका तस्वीरहरू भने म अवश्य देखाउनेछु । म उसलाई बिग्रेका कुलेखानीहरूमा लानेछैन

बरु म बत्ती गएको बेला टुकी र टर्च बालेर महेन्द्रगुफा भित्र लानेछु र उसलाई बेइज्जती, कुलक्षण लोडसेडिङको अनुहारबाट पक्का छलाउनचाहिँ कोशिस गर्नेछु ।

म काठमाडौंमा खाद्यान्नको अभावमा भोकमरी, हाहाकार भएमा कास्कीको धान्द्रुकमा गुन्द्रुक खान पुऱ्याउँछु । सहरको लोडसेडिङमा म्याग्दीको महावीर पुनको झलमल्ल गाउँमा पुऱ्याउँनेछु । म उसलाई कोशी, सगरमाथाहरूबाटै भरपुर नेपाल देखाउनेछु ।

म चाहन्न देखाउन संस्कृति र पोशाकको बुई चढेर राजसी भूतलाई ब्युँताउने नयाँ नेपालका बासी अनुहारहरू र न्युर्योकका पहिरन र जीवनशैलीमा नयाँ नेपाल देख्ने नयाँ नेपाल शब्दका आविष्कारकहरूको गाईजात्रे खिचडी पकाउने सत्तारूपी राजनीतिक भाँडो । बरु ठेला उठाएर ठेला गाडा कुदाउने स्वाभिमानी सक्कली नेपालीलाई आत्मीयता बाँड्न मैले नौटङ्की हवेलीभन्दा स्वावलम्बी गल्लीतिर घुमाउनुछ, मेरो प्रिय डेभिडलाई ।

मलाई यति गरेर पनि एउटा पोयोचाहिँ देखिने डर छ । धोती खुस्किने डर छ । उसको रुची हो यहाँ नेपाली पोशाकमा, नेपाली खान्कीमा दङ्ग पर्ने । तर लिलाम हुँदैझैं खल्तीमा काचाकुचु पारेर टीभीमा देखिने बेला लाएजस्तो देशप्रेमको नौटङ्की गर्ने यी देश सञ्चालकहरूबाट आत्मीय सम्बन्ध भएको डेभिडले ती दृश्यबाट अमिलो मन पार्ने कुरा पक्का छ । यी तमाम दृश्य म नेपाली भएको नाताले लुकाउन खोजेर कसरी सक्छु ? शिरतिर छोप्न खोज्दा तलतिर ह्वाङ्ग देखिने डर, तलतिर छोप्न खोज्दा मास्तिर ह्वाङ्ग हुने डर । डरैडरको यो डङ्गुरमा फेरि पनि आश्वासनको कुटुरो फुकाउनुभन्दा बाहेक मसँग अरू केही हुनेछैन, डेभिड !

आज यत्रो आत्मविश्वास भएर पनि मलाई आफैंदेखि लाज लाग्न थालिसक्यो । छि ! त्यही २४० वर्षे चिहानमा बसेर नयाँ नेपाल डकार्ने ! त्यही पुरानो सभ्यतालाई पनि परिमार्जन, नवीकरण नगरेर नयाँ नेपालको गफमा सबै भत्काउन खोज्ने तर बनाउन नसक्ने लाछीहरू !

अरे मूर्ख, संस्कृति, सभ्यता कहीँ कामै नलाग्ने हुन्छ ? गफ गर्ने सिन्को नभाँच्ने पानीमरुवाहरू ! सुन ! यो नयाँ नेपाल होइन त्यही पुरानो नेपाल हो । नयाँ नेपाल बन्न कि सीमा विस्तार हुनुपऱ्यो । पुरानै निरन्तरतामात्र भएका सीमाहरू त साँघुरिँदै छन् । कि आन्तरिक समग्र विकास, प्रगति हुन पऱ्यो । यी दुवै ज्युँका त्युँ भएपछि इस् बन्छ नयाँ नेपाल ! यस्तो पाराले त

राम्रो सात रङ, कुची र कुशल कलाकार भएमा नक्साामा र क्रान्तिकारी कोशकार भएमा शब्दमा चाहिँ पक्का बन्ने छ नयाँ नेपाल । कि कसो ?

### ४.८.७ जय अहिले, जय तुरुन्त !

मिति बिर्सें, केही वर्ष पहिले भैरव अर्याल बाजेले 'जयभोलि !' भन्ने गज्जपको व्यङ्ग्य कसेथे । बूढाको यो व्यङ्ग्य पढ्दा आज लाग्छ बूढा भाग्यमानी रहेछन् । कम्तिमा उनले भोलि भनेर भोलि वा पछि गरिने कुरा उल्लेख गरेका छन् । आजको भन्दा त कता हो कता इमान्दारीपन रहेछ त्यस बेला । जे भन्ने त्यही गर्ने । राणाहरू ठाडै गर्दिन भन्थे र गर्दैनथे । भोलि, पर्सि, निकपर्सि भन्थे, हप्तौं, महिनौं बिताउँथे । उनीहरू जे बोल्थे त्यही गर्थे अर्थात् भोलि गर्छु भनेर आज त गर्दैन थे नि ! हो, उनीहरू खास्साका वचनका पक्का थिए । हामीले यस कुरामा गर्व गर्नैपर्छ । उनीहरू जस्ता देखिन्थे त्यस्तै गर्थे ।

आजका हामी भने जय अहिले भन्छौं । हातहातमा घडी छ, मोबाइल छ । समय तोक्छौं । फलानो दिनको ठीक यति बजे शुरु हुनेछ । तर शुरु हुन्छ विहान ११ बजे भन्यो भने रातको ११ बजे, विहान ६ बजे भन्यो भने बेलुका ६ बजे, दिउँसो १२ बजे भन्यो भने अर्को दिनको १२ बजे ।

अदालतमा जवानीमा हालेको मुद्धा छ भने फैसला हुँदा वृद्ध भइसकिन्छ । जवर्जस्ती करणीको मुद्धा गऱ्यो भने फैसला हुँदा बच्चा लक्काजवान भइसक्छ । चोरी हुँदा पुलिस बोलायो भने पुलिस आउँदा आउँदै चोरले नेपाल फन्को मारिसक्छ । हाल काम गर्दा अब शुरु हुन्छ, तुरुन्त, चाँडो, ठीक समयमा, अहिले शुरु हुन्छ आदि शब्द चर्चामा छन् । लोकतन्त्रपछि संविधानसभाको चुनाव यत्ति गते यो समयमा हुने भनियो । बल्लबल्ल तल्ल भयो । गणतन्त्र घोषणा दिउँसो भनेको मध्यरातमा भयो । अब हिजोआज हुने प्रस्थान, आगमन, उद्घाटन, सञ्चालनजस्ता कार्य पनि १० बजे भने १२ बजे, १२ बजे भने ५ बजे, ११ गते भने १५ गते, १५ गते भने २५ गतेजस्ता समय तलमाथि नभएको भन्ने त सिन्को भाँच्ने काममा पनि हुँदैन ।

ल ठीकै छ । ढीलै भए पनि अवेर गरे पनि लोकतन्त्र आयो, संविधानसभाको चुनाव पनि भयो । संघीय लोकतान्त्रिक गणतन्त्र पनि आयो । नेतालाई त आउनुपर्नेभन्दा बढी आयो तर जनतालाई त आउन बाँकी नै छ, जस्तो छ !

अहिलेको फेसन हो एकैछिन । एकैछिन त हो नि । एकैछिन त पर्ख । एकछिनमै भइहाल्छ आदि आदि । अब यो एकैछिनले कति दिनको जीवन बरबाद पार्ने र कतिको जीवनमा फरक नपार्ने हुँदो रहेछ त हेरौं न !

फरक नपारेका कुराहरू के-के हुन् त ?

लोकतन्त्र आयो, संविधानसभा भयो । गिरिजाप्रसादले केही दिन, महिना, कुर्सीमा टाँसिन पाए । आखिर प्रचण्ड प्रधानमन्त्री भएरै छाडे । राष्ट्रपति र उपराष्ट्रपति क्रमशः कांग्रेस र फोरमले चड्काए । अर्को फरक नपार्ने संविधान/व्यवस्थापिका संसद्का मन्त्री, ६०१ सभासद्का तलब भत्ता, लत्ता, कपडा आदि पनि छन् ।

एकछिन, केहीछिनजस्ता लोकतान्त्रिक मूल्य र मान्यता जस्तै अस्पतालमा डाक्टरले एकैछिन है भन्दै भेन्टिलेटर निकाल्दिने हो भने, भीरमा पुगेको गाडीलाई ड्राइभरले एकैछिन त हो नि भनेर स्वाट्ट एक मोड दिने हो भने, पाइलटले एकैछिन त हो नि भनेर कलपूर्जा चलाउन छाडेर हात बाँधेर झुल्न थाल्ने हो भने के हुन्थ्यो होला ? सुरक्षामा खटिएको सुरक्षाकर्मीले एकैछिन त हो नि भनेर भुटुटुटु गोली चलाउने हो भने, एकैछिन त हो नि भनेर क्रान्तिकारी भन्नेले नववस्तीमा माइन विस्फोट गराइदिने हो भने अथवा यी काम एकैछिनमा भनेर सबैले एकएक पटक आँखा चिम्लिदिने हो भने कल्पना गर्नोस् त के होला ?

हुनत यस्तो ढीलो वा सुस्त गति वा सार्ने कामले फाइदा पुगिरहेको पनि हुनसक्छ । केही पहिले मारिएकी पाकिस्तानी पूर्वप्रधानमन्त्री वेनजिर भुट्टो त्यसअघि पनि पटकपटक बम आक्रमणमा छलिँदै बाँच्दै आइन् । यो उनको भ्रमण कार्यक्रम ढिलासुस्ती वा सारिएको कारणले भएको हैन बरु मारिने पटक उनी ढिला नगरी हिँडेकी थिइन् । बरु निर्धारित समयमा नहिँडेकी भए सम्भावित घटना छलिन सक्थ्यो कि ? कसो ?

मलाई मेरो सानो छँदाको एउटा सम्झना छ । म केही छिनपछि भन्दै बस्थें । आज प्रगतिमा मेरो देश र म एउटै ढीलो, सुस्त बामेसराई अवस्थामा छौं । मलाई अर्को बाल्यकालको घटना पनि ताजै छ । मेरा एकजना मित्रका काका कनकविक्रम काकाले भीरको त्यान्द्रोमा झुण्डिरहेको भतिजालाई एकछिन पख है म आराम गर्छु अनि तानिदिन्छु भन्दा खोंचमा कपडा जस्तै गरी फ्यात्त झरेर विचराको चोक्टा टिप्नुपरेको आजै जस्तो लाग्छ ।

समयसँगै पटक्कै चिनजान नभएको एउटा नेपाली इन्जिनियर भनाउँदो पटमूर्खको पनि मलाई अहिले याद आइरहेको छ । हामी जिल्ला सदरमुकाम जाँदा एउटा २ घण्टाको टोपी खस्ने उकालो थियो । ती हाम्रा इन्जिनियर मित्रले आफ्ना सर्भेका सामान लिएर आएका रहेछन् । योजनाका खानी ती नेपाली मित्रलाई फेदीमा आएपछि एउटा आइडिया फुरेछ । उनले निधो गरे । यो उकालो कति रहेछ एकपटक रित्तै गएर हेरौं । हेरेर फर्कँदा त न सामान छन् न दिन बाँकी छ । भोकभोकै बसेर ती मित्र आफू जताबाट आको हो त्यतै बाटो तताएछन् । हाम्रा इन्जिनियर त यस्ता छन् ! हाम्रो देशका नेता र नीति निर्माता यो मानेमा कति फरक छन् ? छुट्याउन मलाई अहिले धौधौ छ ।

त्यस्तै एकपटक एउटा आँखा शिविर हामीले गाउँमा सञ्चालन गरेका थियौं । हाम्रा देशका एक महावरिष्ठ डाक्टरलाई हामीले गाउँका दाजुभाइ, दिदीबहिनीलाई इमान्दार भई व्यवस्थित सेवाका लागि आग्रह गरेका थियौं । तर उनी समयमा नआइदिँदा करीव २ दर्जन जतिले नेत्रज्योति गुमाउनु पर्‍यो भने अर्कोतिर हामीले चुनावको बखत हाम्रो पार्टीको नेतालाई हाम्रो गाउँको भव्य कार्यक्रममा स्वागत गर्न ठीक समय तोक्यौं तर नेता ढिलो आएकाले कार्यक्रम स्थलमा भएको वमविस्फोटनबाट उनी बच्न सफल भए । अचम्म त ती नेता ढीलो भएर बचेकोमा ढीलोलाई साइत मान्दै थिए । खुसीले उफ्रँदै थिए, नाच्दै पो थिए ।

मलाई लाग्यो नेतालाईचाहिँ ढिलो गर्दा फाइदै हुने रहेछ र त यी हरेक काम ढीलो र सुस्त गर्दा रहेछन् । ती आँखाका डाक्टर भने विचरा ढीलो भएकोमा पश्चात्ताप गर्दै थिए भने नेता भने गर्वले पुक्क फुलेका देखिन्थे । मलाई लाग्यो भावनाभन्दा दिमाग र काकतालीले बाँचेका नेता यस्तै हुन् !

आज पनि एउटा कुरा के प्रमाणित भएको छ भने जागिरेहरू सरकारी होस् वा निजी एकछिन ढिलो हुँदा, समयको ख्याल नगर्दा जागिर चट् हुने सम्भावना हुन्छ भने नेतागणलाई भने सधैं हरियाली, साउनमा आँखा फुट्या गोरुले सँधैं हरियो देख्छ भनेको सायद यही हो क्यार । नपत्याए हेर्नोस् न ! जति नै ढीलो गरे पनि संविधानसभाको वैठक बसिहाल्छ । आफ्नो पक्षमा निर्णय भई हाल्छ । लाखौं गोजीमा परिहाल्छ ।

अर्याल बाजे यति बेला हामी सामु रहिदिएको भए के लेख्थे होलान्  भन्ने पनि मलाई खुब कौतूहलता भइरहेको छ । आज सायद उनी भइदिएका भए 'जयभोलि !" हैन, 'जय आज र जय अहिले' पनि हैन 'जय ढीलो जय पहिलो' लेख्थे किनभने जहाँ पनि चाँडो चाँडो पुग्ने को हुन् भन्दा पत्रकार, तिनले पनि तिनै ढीला, गह्रौं नेतालाई कुरेर बस्नुपर्छ । अहिले सडकमा चाँडो गुड्ने भाडाका सवारी साधन कुन भन्दा उत्तर के आउँछ ? माइक्रो । तर त्यही माइक्रो पनि अर्को कुनामा गएर घण्टौं ढीलो गर्छ र भरी मान्छे बोकेर दौडन्छ । हाम्रा नेता पनि त्यही माइक्रोजस्तै हुन् । केही पाउने ठाउँमा टोपी फुकालेर कुद्छन् नपाउने ठाउँमा पञ्चमीमा पाइला गनेजस्तो ढिलो । हामी प्रत्येक नेपाली पनि त्यस्तै छौं । टुडिखेलमा पैसा वा मीठो खानेकुरा हेलिकप्टरबाट झारिदैछ भनेर टेलिभिजन, एफएमबाट फुकिदिने हो भने विहान भनेको छ भने विहान पाँचै बजे हामी अग्रपङ्क्तिमा आएर सास नफेरेर बसिसकेका हुन्छौं । यो हाम्रो नेपाली परिचय र सभ्यता हो । अर्कोतिर आज सार्वजनिक काम गर्ने है विहान ठीक ११ बजे आउनु होला भन्यो भने भोलिपल्ट विहान ११ बजे आउँछौं किनकि हामीलाई सानैदेखि ठग्न जो सिकाइएको न छ । ठूला गफ गरेर खान सिकाइदिएको न छ ।

यति गफ गरिसकेपछि मलाई एउटा दिव्य कुराचाहिँ फुऱ्यो है । ठूलो भाग खाने, बसेर खाने, खोसेर खाने, ठगेर खाने र धनी बन्ने हो भने (नेपालमामात्र है ! फेरि विदेशमा पनि यसै गर्नु होला र कोर्रा खानुहोला) चाँडो हैन ढीलो हुन सिक्नुपर्छ । नपत्याए हेर्नोस्, संसारमा सबैभन्दा ढीला र सुस्त कोभन्दा नेपाली नेता तर यिनै नेता संसारमा चमत्कार हुने गरी परिवर्तन गरेर प्राडो पजेरो चढ्छन् र लाखौं मासिक तलव, भत्ता बुझ्छन् बा ! हैन यसको रहस्य के हो नेताजी ? जनताको रगत चुसेरै पनि, ढीलो भएरै पनि सम्मानित छन्, आदरणीय छन्, महान् छन्, क्रान्तिकारी छन् । आखिर देश अर्याल बूढाको युगबाट 'जय अहिले' भन्नै पर्ने अवस्थामा आइपुगेको छ । तर 'जय अहिले' एकछिन केही छिन गर्दै बिस्तारै पो सर्दै छ ! अब यस्तो नहोस् कि यो केही दिन, केही वर्ष, केही युगको रूपमा जाँदा पुनः 'जयभोलि !' नभएर यो देश जङ्गली र जोगी बन्दा हाम्रा पुस्ताले 'जय युग' भनेर लेख्न नपरोस् । जय अहिले जय तुरुन्त !

### **४.८.८ मन्त्री फाइटर ग्रुप** !

एक डरलाग्दो झडपपछि मलाई एक कार्यकर्ता मित्रले भने-"त्यो बाँच्यो, मलाई मेरो नेताजी, मन्त्रीज्यूको त्यसलाई मारेर फाल्दिने आदेश थियो ।" मैले सोधेँ- "त्यसको त्यस्तो गल्तीचाहिँ के

रहेछ ?" उनले भने- "मसँग ठूलाठूला पो कुरा गर्छ । मसँगै शिर ठाडो पारी आँखा जुधाएर हेर्ने त्यसको हिम्मत कहाँबाट आयो हँ ?" आफूलाई लोकतन्त्रको मसिहा ठान्ने पार्टीको कार्यकर्ताको यस्तो रुखो बोली सुनेर मलाई लाग्यो कार्यकर्ता एकदम बदमास भएछन् । त्यस्ता त्यागी, ध्यानी नेताले कसरी त्यस्तो हर्कत गर भनेर बोल्न सक्छन् । यो सरासर लुट्न र ठग्न पल्केका छाडा कार्यकर्ताको फट्याइँ हो । मैले कदापी पत्याउन सकिन, आदर्श, कपाल फुलेका राजनीतिज्ञ, विशिष्ट पदाधिकारीबाट एउटा निर्दोष जनताको विरुद्धमा अथवा खराव चरित्रकै विरुद्धमा पनि यस्तो गैर कानुनी प्रक्रिया गर भनेर त्यो पनि आफ्नै कार्यकर्तालाई कसरी दिन सक्छन् ? असम्भव, यो वाहियात कुरा हो । मलाई पटक्कै पत्यार लागेन ।

मलाई थाहा थियो । असल राजनीतिज्ञ नेल्सन मन्डेलाहरूले कहिल्यै यस्तो तुच्छ काम गर्नु त परै जाओस्, मुखबाटसमेत निकालेनन् । हाम्रा देशका यत्रा क्रान्तिकारी नेता, सम्मानित मन्त्रीहरूबाट अरूलाई उपदेश दिन सक्नेले यस्तो फोहोरी र घृणित शब्द र काम गर भनेर फगत पार्टीस्वार्थको लागि भन्न सक्छन् ? मेरो कानमा ती मित्रका "मारेर फाल्दिनूजस्ता....." शब्दहरू लगातार ठोक्किरहे । मलाई पटकपटक दोधार भए पनि म निश्चिन्त थिएँ कि यो सरासर कार्यकर्ताको मुखबाट निस्केको अभिव्यक्ति हो । म आदर्श नेता तथा मन्त्रीहरूलाई आज पनि अन्तरमनदेखि असीम श्रद्धा र पूजा गर्छु । एउटा देशको साझा पदमा पुगेको व्यक्ति यस्ता घटिया विचारका हुन सक्छन् ? मेरो मथिङ्गल विभिन्न तर्कनाले घुमिरह्यो । तर पनि म ती मित्रसँग सहमत हुन सकिन । मलाई विश्वास पटक्कै लागेन ।

एक आइतबारको विहान म अखबार पढ्दै थिएँ । मेरा आँखा अचानक एउटा अजङ्गको फोटो र भँगेरेटाउके अक्षरमाथि पर्‍यो । एक क्रान्तिकारी पार्टीका मन्त्री आफ्नो पार्टीका सशस्त्र जत्था वरपर लगाएर झिँजाको डाँकाजस्तै दृश्यावलीमा आफैं हान्ने राँगोजस्ता भएर गएका । मलाई अझै पनि पत्यार लागेन, कतै आज अप्रिलफुल वा गाईजात्रा त हैन ? हेरेँ कान्तिपुर, कतै कार्टुन त हैन भनेर । समाचार हेरेँ कतै व्यङ्ग्य त हैन ? हैन, स्पष्ट, सीधा ठूलाठूला काला अक्षरमा लेखिएको थियो - "मन्त्री स्वयम्द्वारा घर जग्गा कब्जा ।"

यो शक्तिशाली मन्त्रीको शक्तिशाली काम थियो । यो शक्तिशाली मन्त्रीको जवर्जस्ती काम थियो । अर्थात् प्रभावशाली मन्त्रीको कानुनभन्दा माथिको काम थियो । म तीनछक परेँ । हाम्रा देशका

मन्त्री पनि यस्ता ? यसअघि पनि सुनेको त थिएँ । एक मन्त्रीले एक सरकारी पदाधिकारीलाई ट्वाइलेटमा थुनेर यातना दिए रे । मलाई स्कुलमा शिक्षकले विद्यार्थीलाई दिने सजायको सम्झना आयो । फलानो शिक्षकले फलानो बालक/बालिकालाई चर्पीमा थुने रे, दिशा खुवाए रे, करङ भाँचे रे, थिल्थिलो पारे रे, यौन सम्बन्धी गर्न हुने गर्न नहुने सबै काम गरे रे । मलाई लाग्यो एउटा कानुनको ठेक्का लिएर बसेको मान्छे त बहुलाझैं जेजे जसरीजसरी मन लाग्यो त्यसरीत्यसरी गर्छ भने तिनले सिकाएका कार्यकर्ता वा सर्वसाधारणले त्यही काम गरेमा कसको चाहिँ दोष बढी हुन्छ होला ?

मसँग अर्को एक जना मित्र भन्थे - "यी राजा, महाराजा, ठूला नेता, पदाधिकारीहरू त झन् लाटकोशेरोले राती गरेझैं लुकीलुकी बिताउँदा पो रहेछन् । यी त महाचोर, फटाहा, बदमास नामुद खुँखार हुन्छन् ।" मलाई विश्वास मरे लाग्दैनथ्यो । म सानो हुँदा मलाई सम्झना छ । मेरो बालसुलभ मनले भन्थ्यो "राजा त भगवानभन्दा पनि ठूला हुन् । उनले खाने चामल कस्तो हुन्छ होला ? उनी सुत्ने खाट के को होला ?, आदिबारे अनौठो जिज्ञासा उत्पन्न हुँदा स्वयम् आफैँलाई जबाफ, दिन्थेँ । सुन खान्छन् होला ! सुनको खाटमा सुत्छन् होला ! तर दरबार हत्याकाण्डमा सुनियो, मेरा बाल्यस्मृतिका देवतातुल्य राजा र उनका सन्तान त कालो पदार्थ पो खाँदा रहेछन् ! ह्विस्की, सपेटा र सेता साँप्रा नभई निद्रै नलाग्ने पो रहेछ ! आखिर मेरो कलिलो बाल कौतूहलता पनि झुटो ठहरियो ।

मैले केही समय पहिले देशमा लोकतन्त्र आएपछि एक लोकतान्त्रिक सरकारका माननीय शिक्षा राज्यमन्त्रीले देशका प्राज्ञिकहरूको दीक्षान्त समारोहमा प्राज्ञहरूलाई आफ्नै बाहुबलबाट लोकतन्त्रमा ठोकतन्त्रको मीठो स्वाद चखाएका थिए । उनी दावाका साथ भन्दै थिए यस्ता फटाहाहरूलाई तह लाउन मैले जान्या छु । राष्ट्रका प्रतिभालाई सम्मान गर्न गएका सम्मानित व्यक्तित्वले किक, बक्सर आफैँले हानेको सम्भवतः इतिहासमै त्यो पहिलो थियो ।

हुन त यसअघि पनि गोल्चे सार्कीले तत्कालीन सभामुखलाई गालामा आगो पारेको घटनाले संसदीय मर्यादाको राम्रो नमुना प्रस्तुत गरेकै थियो । भर्खरै संविधानसभामा पनि एक महिला सभासद्ले रोस्ट्रमअघि नै एक पूर्वमन्त्री तथा माननीय सभासद्को चिल्लो गालामा पायल

चप्पलको आकृति बस्ने गरी पटकपटक हान्न झम्टेको दृश्यले पनि लोकतन्त्रको गरिमा र मर्यादालाई झल्काएकै थियो ।

म सानो हुँदा मलाई सम्झना छ । राजाको शुभजन्मोत्सवमा मेरो स्कुलमा पालेदाइले ट्वाङ्ट्वाङ, ट्वाङ्ट्वाङ् एकोहोरो घण्टी बजाउँथे । हामी गाउँ घुम्थ्यौं "हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ" भनेर । आज पनि म सम्झन्छु हामीलाई लगभग त्यस्तै शब्द घोक्याइँदै छ - "हाम्रा नेता हाम्रो लोकतन्त्र प्राणभन्दा प्यारो छ ।"

फेरि हालैको मन्त्री फाइटर ग्रुपकै कुरा गरौं । अस्ति हाम्रा पुलिसका मन्त्रीले सुकुम्बासीको घर टहरा खाली गर्न लगाए रे । अर्को भूमिसुधारका भुँडीसुधारमन्त्रीले आफ्नो जनसेनाको दलबलले फेरि घरटहरा बनाउन लगाएछन् । यहाँ ती दुई मन्त्रीकै फाइटर ग्रुप छन् । एउटाको पुलिस र पार्टीका लडाका अनि अर्काको त झन् पार्टीका सशस्त्र लडाका । मलाई जान्न मन लागेको छ यी दुई मानव शक्तिमाचाहिँ बढी तागत कसको होला ? बरु बढ्दै जाने तिक्तताभन्दा त यी दुईमा आ-आफ्नै जत्थालाई लडाइदिन पाए हारजित त हुन्थ्यो कि ? तर मेरो विचारमा जित्न त भूमिसुधार मन्त्रीले नै जित्लान् किनकि यी त जनयुद्धका योद्धा पो त । यी आफैँ गएर मोर्चा नेतृत्व सम्हाल्दछन् । अस्ति पनि त यिनले घड्याकघड्याक गइरहेको ठाउँमा एक जना अगाडि अवरोध गर्न आउने लक्का जवानलाई कसो एक बक्सर दिएनछन् । फिस्टे भन्दै हात उठाइसकेका पनि आफ्नै कार्यकर्ताले सम्झाएपछि छाडिदिएछन् ।

अब यति भनेपछि मलाई लाग्यो, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रमा मन्त्री-मन्त्रीबीचमा फाइटको प्रबल सम्भावना देखिन्छ । गणतन्त्रका गणमा त यस्तो छ झन् संघीय राज्यका गणगणबीचमा त कस्तो होला ? को मन्त्रीसँग कति तागत छ ? यसमा व्यापक द्वन्द्व चर्किने देखिन्छ किनकि आखिर सवै क्रान्तिकारी छवि र पृष्ठभूमिका न देखिन्छन् ।

बरु सबै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका मन्त्रीज्यूहरूलाई मेरो एउटा सुझाव छ । तपाइँहरू  वा तपाइँका कार्यकर्ताहरूसँग एउटा न एउटा विशेषता र अनुभव छ । कसैसँग बम बनाउनेको, कसैसँग पड्काउनेको, कसैसँग बन्दुक भित्र्याउने, कसैसँग माइन बिस्फोट गराउने, कसैसँग दुर्व्यवहार गर्ने, कसैसँग गाली वेइज्जतीको, कसैसँग हातगोडा मुसार्नेको, कसैसँग हातगोडा भाँच्ने, टाङ च्यात्नेको, कसैसँग नाक भाँच्नेको, कसैसँग दाँत झार्नेको, कसैसँग

ढाँट्नेको, कसैसँग काट्नेको, कसैसँग रेट्नेको । तपाइँहरू प्रत्येकसँग गर्नु हुने गर्नु नहुने के-के अनुभव छ के-के । त्यसकारण यो विश्वकै सम्भवतः नयाँ चमत्कार होला नेपालमा । सबै नेता कार्यकर्तामा एउटा न एउटा गुणसम्पन्न !

सर्वप्रथम विश्वमा नाम रहने नयाँ कामले नै हो । मसँग तपाइँहरूले गिनिजबुक अफ द वर्ल्ड रेकर्डस्मा सबैभन्दा बढी असाधारण विशेषता भएको, सबभन्दा बढी नेपालले नै नयाँ इतिहास रच्न सक्ने एउटा उपाय छ । तपाइँहरूमध्ये वा पूर्व मन्त्रीहरूबाट प्राज्ञको नाक पच्काउनेलाई जुडो, कराँते, तेक्वान्दोको जिम्मा दिने । चप्पल उठाएर हान्ने सभासदलाई कराँतेमा भर्ना गर्ने । उहाँले प्रतिद्वन्द्वीको गालामा चप्पल वा जुत्ताको डाम बनाइदिनुहुनेछ । आदेश दिनेलाई ती सबै टोलीको प्रशिक्षक बनाइदिऊँ । यस्ता नम्बरवान फाइटर र कुशल प्रशिक्षक पनि देशभित्रै हुँदाहुँदै कोरिया, जापान आदिबाट प्रशिक्षक झिकाउने हामी कति महामूर्ख ? कि कसो ?

अर्को कुरा, यी खेलकुदको जिम्मा संविधानसभा मन्त्रालयलाई दिऊँ । मान्छे कुन क्षेत्र, कस्तो योग्यता वा रुचीको हो त्यो त संविधानसभा मन्त्रालयले निधो गर्ने हो । मन्त्रीज्यूहरूको रुचीअनुसार बरु अविलम्ब छुट्टाछुट्टै फाइटर ग्रुप तयार गरेर तराईका सशस्त्रधारीसँग जुध्न पठाउने हो वा देशभरिका विभिन्न आपराधिक गतिविधि नियन्त्रण गर्न पो जाने हो कि ? किन मान्छेको शक्ति, योग्यता र क्षमतालाई चिनेर सही ठाउँमा प्रयोग नगरेको ? खासमा हाम्रा मन्त्रीज्यूहरूसँग अतिरिक्त योग्यता र क्षमता छ भने यसको सदुपयोग किन नगर्ने ? तसर्थ अविलम्ब यो काम गरेर देश विकासमा लगाइयोस् । गैरकानूनीरूपमा गइरहेको श्रमलाई रचनात्मक मूल प्रवाहमा ल्याउने काम अन्यथा नेपाली जनताको हुनेछ । भलै उहाँहरूले गरीबको लागि काम गरेका हौँ भने पनि कानुनी, प्रक्रियागत तथा मर्यादित ढङ्गले गर्नोस् । हैन भने फाइटर ग्रुप तयार पारेर भिड्न तयार हुनोस् । यही अभ्यासबाट वीर गोर्खालीको परिचयसँगै आगामी ओलम्पिकमा सबैभन्दा बढी स्वर्ण नेपालमा ल्याउन पनि त सकिन्छ । तपाइँहरूको यो जोश, आक्रामक नीति, युद्धकला, प्रतिभा, क्षमता, योग्यता के-के हो के-के बाँचिरहोस् तर सृजनात्मक, रचनात्मक खेलप्रति समर्पित होस् । जनताको तर्फबाट शुभकामना । तपाइँहरूको यस्तो फाइटर ग्रुपबाट आगामी दिनमा कि पदीय आदर्शात्मकता कि खेल कलात्मकता देख्न पाइयोस् । अस्तु !

### ४.८.६ अब म नेता बन्दिन

म सानो छँदा मेरा अग्रजहरूले मलाई आशीर्वाद दिँदा भन्ने गर्नुहुन्थ्यो, “बाबु ! अरू केही गर्न नसके पनि कम्तिमा नेता बनी देश र जनतालाई डोऱ्याउनू, आफू पनि बन्नू र अरूलाई पनि बनाउनू ।” मलाई पनि यो उपदेश राम्रा लाग्थ्यो र म जहिले पनि नेता बन्न उत्साहित हुन्थेँ । मेरो जप, तप, साधना सबै नेताका खातिर खर्च हुन्थ्यो । लाग्थ्यो, नेता चाँडै बन्न सकूँ । वास्तवमा ‘नेता’ भन्ने शब्द सुन्दा पनि कर्णप्रिंय लाग्ने भएको र शब्दकोशको परिभाषाले त मलाई उत्साहको उर्जा मिल्दथ्यो । शब्दकोशमा ‘नेता’ शब्दलाई “कुनै पनि पिछडिएको व्यक्ति समूह समूदाय, समाज वा राष्ट्रलाई प्रगतितर्फ उन्मुख हुन प्रेरित गर्न अझ नेतृत्व प्रदान गरी विपन्नताको  गर्तबाट निकाल्न प्रयत्न गर्ने, जनताका सहारा” भनी परिभाषित गरेको भेटिन्थ्यो । जसबाट मलाई ‘नेता’ शब्दप्रति असीम आस्था जाग्थ्यो ।

हुन त मेरो हजुरबुबा पनि नेता हुनुहुन्थ्यो । मचाहिँ उहाँलाई नेता भनी भावनात्मक सम्बोधन गर्थें । मलाई एक असल नेता बन्नुपर्छ भन्ने प्रेरणा उहाँबाटै मिलेको थियो । उहाँले देश र जनताको भलोको निम्ति जीवन समर्पण गरेको देख्दा मलाई पनि उत्कृष्ट अभिलाषाले कुत्कुत्याउने गर्दथ्यो । तर उहाँले आफ्नो जीवनको अन्तिम अवस्थामा पनि देशलाई खासै दिन नसकेको, आफू सही अर्थमा नेता नभएको दुःखेसो व्यक्त गर्नुहुन्थ्यो ।

यस्तै मेरो बुबा पनि नेता बन्ने इच्छा व्यक्त गर्नुहुन्थ्यो अनि आमा पनि प्रसिद्ध महिला नेतृ बन्ने र नेपाल र नेपाली नारीको मुक्तिगामी आन्दोलनको नेतृत्व गर्ने सपना देख्नुहुन्थ्यो । अतः हाम्रो परिवार नेपालको वास्तविक स्वरूप खिच्न व्यस्त थियो । प्रजातन्त्र र स्वतन्त्रताको विराट सागरमा रहेको जनपंक्तिको सुन्दर डुङ्गा नेताले मात्र खियाउन सक्छन् भन्ने मनस्थिति थियो । निर्विकल्प रूपमा नेताको एउटै उद्देश्य एवम् कार्य थियो, देश र जनताको मुक्ति योद्धा बन्ने ।

समयले काँचुली फेर्दै जाँदा कालान्तरमा धेरै उथलपुथलहरू भए । प्रजातन्त्रको स्थापनाको सन्ध्यामा नेताहरू बम्किन थाले । ‘नेता’ शब्दको झन् गर्मागर्म बढ्न थाल्यो, अझ भनूँ नेता बन्ने एक प्रकारको बाढी नै आयो । चैतको हुरीमा सुकेका पालहरू खसैझैं नेता बन्न मान्छेहरू ओइरिन थाले । एकचोटि शहरदेखि गाउँ कुना-कुनामा नेताको बोली गुञ्ज्यो -“हामी देश बनाउँछौं, हामी जनताको जीवनस्तर उकास्छौं”, आदि आदि । त्यति बेला नेताको भाषण सुन्न

घर, गोठ, पँधेरा, मानववस्तीहरू नितान्त खाली हुन्थे । वनजङ्गलहरू तथा वन्यजन्तुहरू एवम् प्राकृतिक वस्तुहरू पनि नेताको भाषणमा मन्त्रमुग्ध हुन्थे । जब कि मान्छे मात्र हैन, पूरै ब्रह्माण्ड उत्साहित थियो । त्यतिबेलाको नेताहरूको अनुहारमा जतातातै आस्थाको वसन्त छाएको थियो ।

वर्तमान अवस्थामा भने नेताको भावनात्मक अर्थमा विचलन आएको छ । नेपालको राजनीतिक वर्तमान अर्थ अर्कै रूपमा लगाइएको छ  याने कि "'नेता' 'प्रजातन्त्र' भन्ने खाने भाँडोमा एक व्यक्ति एक पद मात्र नभएर २ पद वा सके त्योभन्दा बढी पनि खानसक्ने हन्तकाली व्यक्ति हो" भनी परिभाषित गरिएको छ । जनताले अब यी कलियुगका प्रजातान्त्रिक भनिने राजनीतिज्ञहरूको गोप्य शब्दकोश यो एक दशकमा चिरिप्पै घोकिसकेका छन् । अब किमार्थ बिर्सनेछैनन् नेता शब्दको यो व्यापक परिभाषा । नेता शब्दको वर्तमान शब्दकोशका प्रत्येक वर्ग, बनोट, शब्द र अर्थ जनतालाई कण्ठस्थ छ । या त ती 'कोशी', 'गण्डकी' शब्दहरू हुन् या त 'टनकपुरI' र 'लक्ष्मणपुर' बाँध हुन् या त निहत्था जनताको हत्या तथा बालशोषण हुन, या त चेलीबेटी बेचबिखन तथा सुत्केरीभत्ता हुन्, या त धनीलाई लाउडा र गरिबलाई "लौ लडा" प्रकरण, बलात्कार, महङ्गी, असुरक्षा तथा झुठा आश्वासन हुन्, यी सबै "नेता शब्दकोश" का शब्दहरूको शब्दवर्ग, बनोट र अर्थ जनतालाई पूरा याद भैसकेको छ । उनीहरूको यो एकलौटी शब्दकोश अब परिस्कृत, परिमार्जित तथा परिवर्तन हुनेवाला छैन जति संविधान संशोधन गरे पनि या जसजसले जस्तो चुरीफुरी देखाए पनि अन्ततः अनुहार बदलिन सक्ला तर हालको शब्दकोशको नेताको भूमिका बदलिनेछैन । हाम्रा भैरव अर्याल बाले लेख्नु भएको व्यङ्ग्य 'जय भूँडी' को 'नेता नं. १०१' शीर्षकको भावोक्ति यतिबेला मलाई सम्झना भएको छ । "चोरी चकारी नगरी चतु‍र्‍याइँ हुन्न दंगा फसाद नगरी इज्जतै रहन्न ।" नेता बन्न धूर्त, फटाहा, डाँका, चोर, हत्यारा, भ्रष्टाचारी एवम् अपराधजस्ता कुरामा तालिम प्राप्त हुनु पर्दोरहेछ क्यारे ! यस्तै सन्देश श्री अर्यालबाको माथिको कवितांशबाट प्रस्ट हुन्छ । उहाँले नेताको चरित्रचित्रण गर्नुभएको सन्दर्भ आजको परिप्रेक्ष्यमा हुबहु मिलेको छ । आज भने म व्यङ्ग्यकारसँग पूर्ण सहमत भएको छु  किनकि हजुरबुबादेखि हाल मेरो पुस्तासम्म त्यस्तो विचित्र तालिम छँदै छैन वा थिएन पनि । त्यसकारण हाम्रो परिवार कहिल्यै नेता बन्न सकेन । न त भविष्यमा नै बन्न सक्छ । अब मेरो नेता बन्ने रहर बिल्कुल मरिसकेको छ । बरु जिन्दगीमा सके सैनिक,

प्राध्यापक, शिक्षक, पत्रकार, समाजसेवक, राष्ट्रसेवक तथा जनसेवक बनुँला, नसके हली, खलासी, माली, गोठालो बनी देश र जनताको भरिया बनुँला तर किमार्थ नेता भने बन्दिन र साथै सम्पूर्ण स्वावलम्बी, सार्वभौम र स्वाभिमानी नेपाली साथीहरूलाई पनि यही आग्रह गर्दछु। अन्त्यमा नेतालाई प्रसिद्ध व्यङ्ग्यकार श्री अर्यालको 'नेता नं. १०१' जस्तै उपमा एवम् शुभेच्छा दिँदै विदा हुन्छु। जय नेता ४२० ! अस्तु।

### ४.८.१० सभ्य बन्ने सूत्र

एकचोटि बूढा बाले बोलाएर मलाई सोध्नु भो, 'हैन, तेरो त काठमाडौं गएपछि पुटुक्क परेका राता गाला अनि कलकलाउँदो अनुहार हुन्छ, कसरी हँ ?' एकछिन त म अलमल्ल परें, कतै बूढाले मेरो नक्कल गर्ने बानी थाहा पाएछन् र मलाई व्यङ्ग्य त गर्दै छैनन् भन्ने लाग्यो। बूढाको अनुहार नियालें, 'बूढा त बडो ईर्ष्यालु पारामा पो रहेछन्। लाग्यो, तन बूढो भए पनि मन बूढो हुँदैन।

मलाई बाको प्रशंसा सुनेर लाग्यो, म राम्रो रहेछु। किन नहुनु त ? काठमाडौंमा जन्मेको, काठमाडौंमै हुर्केको, देशकै एकमात्र केन्द्रीकृत, सर्वसम्पन्न महानगरपालिकाको नारा छ नि कति मीठो- "मेरो पौरख, मेरो गौरव, मेरो काठमाडौं।" साँच्चै गर्व छ मलाई काठमाडौंमाथि, जसले राणाप्रधानमन्त्री चन्द्रशमशेरजस्ता घमण्डी बूढा बासमेत मेरो सुन्दरताप्रति झुके। मेरा बामात्र हुन् र काठमाडौंले नतमस्तक बनाएका क्रान्तिकारीसम्म छन्। तपाईं भने नझुक्किनुस्, म पनि एउटा असली क्रान्तिकारी हुँ।

म क्रान्तिकारीमात्र होइन, सभ्य छु, सुन्दर छु, टिपटप छु, भद्र देखिन्छु किनकि मसँग सभ्य बन्ने केही सूत्र छन्। म त्यही प्रयोग गर्छु। कसरी थाहा छ ? ल टिप्नुस है त !

(क) बिहान चारै बजे उठ्छु। म बस्ने ठाउँ व्यस्त बजार हो। काठमाडौंको जाडो र गर्मीको त के कुरा गर्नु ? फेरि चोक, गल्ली, आँगनको फोहोरको थुप्रो त हाम्रो परिचय नै भइहाल्यो। घरको फोहोरलाई तह लगाउनै पर्‍यो। सबभन्दा सजिलो उपाय पोको पारेर झ्यालबाट बाहिर फ्याँकिदिन्छु। बटुवाको टाउकोमा फ्यात्त खस्छ। वरिपरिका गलल्ल हाँस्छन्। कति रमाइलो ! अब भन्नोस्, म त्यहाँ स्वस्थ मनोरञ्जक बनिन त ?

(ख) म त सानैदेखि कसैसँग नझुक्ने, नदब्ने । त्यसैले कोही घर आयो भने मतलबै राख्दैनथें । गुरु आए पनि पैसाका लागि त आउने हुन् नि भन्ठान्थें । हुन त कुरो काटे सत्य हो पनि । यहाँ त ज्ञानुगुनका कुरा त झ्याङझ्याङ लाग्ने यता सिडीमा छम्माछम्मा गाना आइरहेको बेलामा । यो शतप्रतिशत कुरो हो पनि । सूचना प्रविधिको युगमा यस्ता शब्द र दृश्याङ्कन नहेर्ने त पछाडि परेनन् ? हालै एउटा पार्टीको महाधिवेशन क्रान्तिकारीसम्मले जिज्ञासुपूर्वक हेरें । हिजोआजका चार धाम भनेका यिनै हुन् । यिनको दर्शन नगर्नेहरूको जीवन व्यर्थ हुने भो । ती चारधाम पनि सम्झनोस् । (१) सुरा, (२) सुन्दरी, (३) डिस्को र (४) नगरी ।

(ग) अर्को कामअनुसारको कुरा होइन कुराअनुसारको चाहिँ काम । कुराचाहिँ कस्तो गर्नुपर्छ भने सिंगापुर, स्विट्जरल्यान्ड, अमेरिका, रुस बनाउने तर काम ट्वाइलेट बनाउने । तपाईं हाँस्नुहोला यो मोराले व्यङ्ग्य गर्‍यो भनेर । होइन, सुन्नोस्, ट्वाइलेटको महत्त्व हामीमा बढी छ । गतिलो ट्वाइलेट भएको भए तपाईं आफ्नो घरबाहिर हेर्नोस् त, यतिबेला विष्णुमती, बागमती नदी कस्ता छन् ? भन्नुहोला, हाम्रो ट्वाइलेट सफा छन् । कोठा सफा छन्, तर सुँघ्नुस् त एकचोटि त्यहाँ नजानिंदो ढल गनाइरहेको छ । मेरो त धुलोले नाक बन्द भई पिनास भएको ठ्याक्कै दुई वर्ष पुग्यो । ढल न सल ! सरर्र हावा आइरहेकै छ, सास फेरिएकै छ । भोलिको कुरा देखा जाएगा ।

मेरो सहरी सुन्दरताको रहस्य त थाहा पाउनु भो होला नि ? भित्रको कुरा त डाक्टर नै जान्दछन् बाहिर हाँसेकै छु । कस्तो लाग्यो त मेरो टिप्स ?

# सन्दर्भग्रन्थसूची


**पुस्तक**

अर्याल, भैरव, (२०२८), **इतिश्री**, काठमाडौंः कौवा प्रकाशन ।

अर्याल, भैरव/शर्मा, वासुदेव (सम्पा.), (२०३८), **छ्याकन** (हास्यव्यङ्ग्य संङ्ग्रह), दोस्रो संस्करण, काठमाडौंः कौवा प्रकाशन ।

अर्याल, भैरव (सम्पा.) (२०४९), **साझा निबन्ध**, सातौं संस्करण, काठमाडौंः साझा प्रकाशन ।

अर्याल, भैरव (२०६०), **भैरव अर्यालका हास्यव्यङ्ग्य**, काठमाडौ : साझा प्रकाशन ।

अर्याल, भैरव, (२०६४), **जयभुँडी,** ........ काठमाडौंः रत्न पुस्तक भण्डार ।

**इन्साइक्लोपेडिया ब्रिटानिका** भोलम ९ : ६ ।

उपाध्याय, ऋषिकेश, **हास्यव्यङ्ग्य विधा : एक समीक्षा** पारिजात (३:४, २०३९) पृ. ३८-४२ ।

गर्ग, शेरजङ्ग (१९७६ (ई.,), **व्यङ्ग्यका मूलभूत प्रश्न,** नयाँदिल्ली : सामाजिक प्रकाशन ।

चतुर्वेदी, वरसानेलाल, (१९६३ (ई.), **हिन्दी साहित्यमे हास्य रस,** नयाँ दिल्ली : हिन्दी साहित्य संसार ।

चतुर्वेदी, वरसानेलाल, (१९७३ (ई.), **आधुनिक हिन्दी काव्यमे व्यङ्ग्य**, न्युदिल्ली : प्रभात प्रकाशन ।

चट्याङमास्टर, (२०५५), **उन्मुक्त हाँसोको महŒव, सिस्नुपानी, बोट-१, झ्याम्टो-२,** काठमाडौं : सिस्नुपानी नेपाल ।

जोशी, कुमारबहादुर, **हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकार भैरवको जयभुँडी** रचना, (१६ : २, २०३८, पृ. १६ - ५२, पुस र माघ)

त्रिपाठी, वासुदेव (२०५१), **हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४७), **लक्ष्मी निबन्ध सङ्ग्रह**, बाह्रौं संस्करण, काठमाडौंः साझा प्रकाशन ।

निसानी, मोती/लोहनी, श्रीधर (१९९६, सन्), **एड्भेन्चर इन इङ्लिस**, काठमाडौंः एकता बुक्स ।

पराजुली, कृष्णप्रसाद (२०५५), **राम्रो रचना : मीठो नेपाली**, एक्काईसौं संस्करण, काठमाडौं : सहयोगी प्रेस ।

पाँडे, रामकुमार (२०५१), **१०१ हास्यव्यङ्ग्य,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५०),**नेपाली बृहत् शब्दकोश**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, कृष्णविलास (२०५८), **नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला,** काठमाडौ : नवीन प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०४४), **छ्याकन**, तेस्रो संस्करण, काठमाडौं : कौवा प्रकाशन । (भूमिका) पृ. २८ ।

प्रधान, कृष्णचन्द्र सिंह (२०५४), **नेपाली साहित्यमा हास्यव्यङ्ग्य : प्राप्ति र पर्यवेक्षण,** काठमाडौं : *मधुपर्क* हास्यव्यङ्ग्य अङ्क, भदौ, *गोरखापत्र* प्रकाशन, पृ. छ ।

प्रधान, हृदयचन्द्रसिंह (२०४१), **जुँगा**, बाह्रौं संस्करण, काठमाडौंः साझा प्रकाशन ।

भरतमुनि, **नाट्यशास्त्र,** ६ः ३९ - ४० ।

भट्टराई, घटराज, **नेपाली साहित्यमा हास्यव्यङ्ग्य विधा : प्रवृत्ति र प्रयोग**, प्रज्ञा (१८ः २०३३ असोज), पृ. ७८-८२ ।

भट्टराई, रमेशकुमार (२०६०), **संस्कृतमा रसमय महाकाव्य - परम्परा : संक्षिप्त चर्चा,** *उन्मेष,* अङ्क ७, पृ. ४५ - ४८ ।

भण्डारी, पारसमणि (२०६२), **नेपाली सङ्क्षिप्त पयार्यवाची शब्दकोश,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

मेरिडिथ, **आइडिया अफ कमेडी**

....**एन एस्से अन कमेडी** : ७९ ।

लुइँटेल, नरनाथ (२०५८), **नेपाली हास्यव्यङ्ग्य,** काठमाडौं : सिस्नुपानी नेपाल ।

लुइँटेल, नरनाथ, (गाईजात्रा), २०६५, **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

लोहनी, श्रीधर र अधिकारी, रामेश्वर (१९९६, सन्), **जोएज अफ रिडिङ** काठमाडौं : एम्. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

लोहनी, श्रीधर र अधिकारी, रामेश्वर (१९९६, सन्) **क्रियटिभ डिलाइट्स्** काठमाडौं रत्न पुस्तक भण्डार ।

वर्मा, धीरेन्द्र (सम्पा.) (२०२०), **हिन्दी साहित्यकोश, भाग-१,** दोस्रो संस्करण, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

शर्मा, सानुभाइ (१९९४ (ई.), **भालुलाई पुराण,** गान्तोकः अम्बिका प्रकाशन ।

शर्मा, गोपीकृष्ण, '**हास्यव्यङ्ग्य र पत्रिकामा यसको प्रयोग**', मुस्कान (२०४१ असार-भदौ) पृ.४९-५५ ।

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, गोपीकृष्ण (२०५६), **संस्कृत साहित्यको रूपरेखा**, दोस्रो संस्करण, काठमाडौं : अभिनव प्रकाशन ।

शाक्य, माणिकरत्न (सम्पा.) (२०५६), **हास्यव्यङ्ग्यकार नालीबेली** काठमाडौं : सिस्नुपानी नेपाल ।

शेरचन, भूपी (२०५५), **घुम्ने मेचमाथि अन्धो मान्छे,** दसौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०४३), **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र/शर्मा, हीरामणि, (२०५१), **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

**पत्रपत्रिका**

अर्याल, कुन्दन (सम्पा.), **हिमाल,** पाक्षिक, वर्ष १८, अङ्क ९, पूर्णाङ्क २४, २०६५ ।

काफ्ले, कपिल (सम्पा.) **नेपाल समाचारपत्र,** (वर्ष ३,४ अङ्क २००, पृ. ४, (व्यङ्ग्योक्ति), ०५५-०५६)।

घिमिरे, युवराज (सम्पा.), **कान्तिपुर** दैनिक (वर्ष ६,७, अङ्क १०५ पृ. ६, २०५५-०५६ ।

पराजुली, गोपाल (सम्पा.), (२०६५), **गरिमा,** साहित्यिक मासिक, (असोज, वर्ष २६, अङ्क १०, पूर्णाङ्क ३१०), ललितपुर : साझा प्रकाशन ।

प्रभात, विष्णु (सम्पा.) (२०५४), **मधुपर्क,** हास्यव्यङ्ग्य अङ्क, भदौ, काठमाडौं : गोरखापत्र प्रकाशन, पृ.७२ ।

श्रेष्ठ, पुष्करलाल (सम्पा.) **कामना** (गाईजात्रा विशेषाङ्क, पूर्णाङ्क २३३, ०६५ ।

सिंखडा, जीवेन्द्र, (सम्पा.) **अन्नपूर्ण पोष्ट,** (शीर्षक) हिजोआज, वर्ष ७, अङ्क १८० बाट, पृ. ८.०६५ ।

**अप्रकाशित शोधपत्र**

भट्टराई, भरतकुमारः (२०४४), **हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर, शोधपत्र ।

**वेभसाइट**

www.damadol.com

www.literature.com

www.sajha.org.np

www.gorkhapatra.org.np

www.kathmandunewsline.com